# प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत,

स्नातकोत्तर तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४) पाठ्यांशको

प्रयोजनको लागि प्रस्तुत

शोधपत्र

बबिता कार्की

नेपाली भाषा शिक्षा विभाग

डिल्लीबजार कन्या बहुमुखी क्याम्पस

डिल्लीबजार

२०८१

# प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत,

स्नातकोत्तर तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४) पाठ्यांशको

प्रयोजनको लागि प्रस्तुत

शोधपत्र


बबिता कार्की

भर्ना वर्ष : २०७७/०७८

परीक्षा क्रमाङ्क: ७७२७४००२

त्रि.वि. दर्ता नं. : ९-२-२७४-१६०-२०१६

नेपाली भाषा शिक्षा विभाग

डिल्लीबजार कन्या बहुमुखी क्याम्पस

डिल्लीबजार


२०८१

मिति : २०८१/११/२० मिति : २०८१/१२/२६

# समुद्घोषण

प्रस्तुत शोधपत्र कुनै पनि उपाधि वा प्रयोजनका लागि गरिएको छैन । प्रस्तुत अध्ययन मौलिक भएकोले हालसम्म सम्बन्धित शीर्षकमा शोधकार्य सम्पन्न नभएको व्यहोरा व्यक्त गर्दछु ।

मिति : २०८१/१०/२२

बबिता कार्की

शोधार्थी

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरकी छात्रा बबिता कार्कीले नेपाली शिक्षा विषयको (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन* शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । यो अध्ययन सम्बन्धित तहका लागि उपयुक्त देखिएकाले प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

उप.प्रा. मनु नेपाल

(शोधनिर्देशक)

नेपाली शिक्षा विभाग

डिल्लीबजार कन्या बहुमुखी, डिल्लीबजार

मिति : २०८१/११/२०

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौंथो सेमेस्टरकी छात्रा बबिता कार्कीले नेपाली शिक्षा विषयको (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन शीर्षकमा तयार पार्नुभएकोले प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | उप.प्रा.अपराजिता अर्याल | (क्याम्पस प्रमुख) | ……………… |
| २. | उप.प्रा. मनु नेपाल | (शोधनिर्देशक) | ………………… |
| ३. | प्रा.डा. रामप्रसाद भट्टराई | (बाह्य परीक्षक) | ……………… |

मिति : २०८१/१२/२६

8 April, 2025

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर (नेपा.शि. ५४४) को प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रको शीर्षक प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन रहेको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको प्राज्ञिक पक्षहरू के-कस्तो छन् र तिनको कसरी व्यवस्था गरी निर्माण भएका छन् भनी खोजी गर्नु रहेको छ । पाठ्यपुस्तकको आन्तरिक विशेषताको मूल्याङ्कन गर्नु यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ । पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण, कक्षा आठको नेपाली पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरूको खोजी गर्नु उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका लागि लक्षित जनसंख्याको आधारमा सम्बन्धित नेपाली विषयका शिक्षक अन्तर्वार्ता लिई प्राथमिक स्रोतको प्रयोग गरिएको छ । यस अध्ययनमा द्वितीयक स्रोतका रूपमा सम्बन्धित कक्षा आठको नेपाली पाठ्यपुस्तक, शोधग्रन्थ, प्रतिवेदन, पाठ्यक्रम संरचनाका माध्यमबाट आवश्यकताअनुसार प्रयोग गरिएको छ ।

शोधपत्रको कार्यलाई सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय रहेको छ । यसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको परिसीमा, अध्ययनको उद्देश्य प्रस्तुत गरिएको छ । अध्याय दुइमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणालाई उल्लेख गरिएको छ । यसमा सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकनबाट प्राप्त सन्दर्भ सामग्रीका बारेमा प्रस्तुत गरिएको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, भाषाशिक्षणको परिचय र पाठ्यपुस्तकको सैद्धान्तिक धारणालाई प्रस्तुत गरिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर सम्बन्धको परिचय दिइएको छ । यसै अध्यायमा भाषा पाठ्यपुस्तकको आन्तरिक प्राज्ञिक विशेषताको परिचय अन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार चित्र, भाषा संरचना, अभ्यास र निर्देशनबारे कक्षा आठको नेपाली पाठ्यपुस्तकका आधारमा संक्षिप्त व्याख्या गरिएको छ । कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको विशेषता र पाठ्यक्रमको सैद्धान्तिक विशेषतालाई पनि प्रस्तुत गरिएको छ । शोधपत्र तयार गर्नका लागि सैद्धान्तिक मार्ग प्रदान गर्न सहज हुने गरी शोधशीर्षक सम्बन्धी अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । अध्याय तीनमा अध्ययन विधि तथा प्रक्रिया रहेको छ । यस शोधपत्रमा गुणात्मक अनुसन्धानात्मक ढाँचाको प्रयोग गरी शाब्दिक तथ्यको सङ्कलन व्याख्या र विश्लेषण गरिएको छ । यस अध्यायमा प्राथमिक स्रोत र द्वितीय स्रोत सामग्रीको प्रयोगबारे परिचय दिइएको छ ।

अनुसन्धानका रूपमा प्राथमिक स्रोतबाट शोध शीर्षकसँग सम्बन्धित प्रश्नावली तयार गरी अन्तर्वार्ता लिइएको अन्तर्वार्ताका लागि जनसंख्या र नमुना छनोटबारे परिचय दिइएको छ । सम्पूर्ण तहका नेपाली भाषा पाठ्यपुस्तक, काठमाडौं जिल्ला अन्तर्गतका सरकारी विद्यालय, अध्ययनरत सम्पूर्ण शिक्षक यस अध्ययनको जनसङ्ख्याको रूपमा रहेका छन् । नमुना छनोटका रूपमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक, ६ वटा विद्यालय र सम्बन्धित तहको विषय शिक्षक रहेका छन् । तथ्य सङ्कलनका लागि उपकरण निर्माणबारे छोटो परिचय प्रस्तुत गरिएको छ । द्वितीय स्रोतका रूपमा शोधशीर्षक सँग सम्बन्धित शोधप्रबन्ध, शोधग्रन्थ, पाठ्यक्रम तथा पाठ्यपुस्तक, शोध पत्रहरू, जर्नल आदिलाई लिइएको छ । अध्ययन विधिका रूपमा तथ्य सङ्कलनका लागि क्षेत्रिय र पुस्तकालयीय पद्धतिको प्रयोग गरी विषय शिक्षकका लागि प्रश्नावली तयार गरी तथ्य सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कको वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले व्याख्या गरिएको छ । विश्लेषणका क्रममा पाठ्यक्रम प्रारूप तथा पाठ्यक्रम संरचनाका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको पहिचान गरी उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, विधाको क्षेत्र क्रम, शब्दभण्डार र मूल्याङ्कन आदि बारे व्याख्या विश्लेषण गरिएको छ । पाठ्यपुस्तकको मूल्याङ्कनका क्रममा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु प्राज्ञिक विशेषताका आधारमा सरल जटिलको क्रम मिलाइएको उपयुक्त रहेको छ ।

प्राज्ञिक विशेषताका आधार पाठ्यपुस्तकको उपयुक्त सम्बन्धी शिक्षकहरूको धारणामा विधागत उपयुक्त रहेको छ भने व्यावसायिक चिठी अलि तहगत क्षमता अनुकूल अनुपयुक्त रहेको प्रतिक्रिया प्राप्त भएको छ । पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, अभ्यास र चित्र निर्देशन विद्यार्थीका लागि उपयोगी सम्बन्धमा शिक्षकहरूका दृष्टिकोण अनुसार व्याकरणीय कोटि थप गरेर आउनु, विविध प्रकृतिक अभ्यासात्मक प्रश्नहरू राखिनु, व्यावहारिक पाठ्यवस्तु राखिनु, सरल जटिलका क्रम मिलान गरिनु उपयुक्त रहेको समान प्रतिक्रिया रहेको पाइन्छ । सिर्जना र परियोजना कार्यका निर्देशित प्रश्न भने कम रहेको व्यक्त गरिएको छ । पाठ्यपुस्तकमा प्राप्त भएका सिर्जना र परियोजनाकार्यका अभ्यास प्रश्न र शब्दार्थको व्यवस्था कम रहेको छ । छपाइ अस्पष्टताले विषयवस्तुको बोध गर्न कठिन हुने अक्षरहरू रहेको छ । कतै सिकारुलाई अन्योलमा पार्ने चित्रको व्यवस्था गरिएको छ । भाषिक सिपगत सिकाइका अभ्यासको व्यवस्था क्रमानुसार रहेको छैन । समान पनि छैन । मनोरञ्जनात्मक विषयवस्तुको कमी, सिर्जनशील, व्यावहारिक सिपगत विषयवस्तुको कमी रहेको छ । विकट क्षेत्रमा पाठ्यपुस्तक प्रयोगमा कठिन

हुने देखिएको छ । अध्याय सातमा शोधपत्रको कार्यबारे संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । जसमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ । अध्ययन अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कको विश्लेषण सुरुदेखिको अन्तिम सम्मका कार्यबारे संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यस अनुसन्धानबाट प्राप्त भएको छ विगतका तुलनामा पाठ्यपुस्तक समय सापेक्ष, व्यावहारिक सिकारु केन्द्रित बनेको छ । पाठ्यपुस्तकका केही दुर्बल पक्षहरू भएता पनि वर्तमान परिप्रेक्षलाई मध्यनजर गरी कक्षा आठको पाठ्यपुस्तक विद्यार्थी अनुकूल बनेको निष्कर्ष प्राप्त भएको छ। सिकारुलाई बढी भन्दा बढी अभ्यासका कार्यकलापमा सरिक गराई सिर्जनशील क्षमता वृद्धिमा जोड दिने उद्देश्यले पर्याप्त अभ्यास राखिएको उपयुक्त रहेको छ। पाठ्यपुस्तकको छपाइ व्यवस्थित हुनुपर्ने रहेको छ। प्राज्ञिक विशेषता अनुसार विद्यार्थी अनुकूल पाठ्यवस्तु, शब्दभण्डार, भाषिक संरचना, अभ्यास, चित्र र निर्देशन उपयुक्त ढङ्गले पाठ्यपुस्तक बनेको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन शीर्षकमा त्रि.वि., शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र तयार पार्ने क्रममा शोध छनोटदेखि सामग्री सङ्कलन तथा प्रयोग, लेखन, परिमार्जन साथै पूर्णता प्राप्तिका लागि मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु बाह्य परीक्षक प्रा.डा. रामप्रसाद भट्टराई ज्यूप्रति हृदयदेखि हार्दिक आभार व्यक्त गर्दछु । आफ्नो विविध कठिनाइ र अवरोधहरूको कुनै प्रवाह नगरी अध्ययनको सन्दर्भमा मेरो जीवनको हरेक क्षेत्रमा सफलताको आशीर्वाद दिँदै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउनका लागि सदाबहार प्रोत्साहन र हौसला प्रदान गरी सहयोग गर्नुहुने गुरुहरू भोला रेग्मी, मनु नेपाल, अपराजिता अर्याल लगायत मेरो मित्रहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । साथै शोधपत्रका लागि आवश्यक सूचना जानकारी दिई आफ्नो दृष्टिकोण व्यक्त गरी अन्तर्वार्ताका लागि सहयोग गर्ने शोभा पाठक, नारायणी भण्डारी, प्रकाश भण्डारी, सुनिता गौतम, रुबिना भण्डारी, कविता भण्डारी, दिग्विजय पोखरेल, प्रमिला खड्का लगायतका विद्यालय शिक्षकहरूबाट शोधकार्य सम्पन्न गर्ने क्रममा सहयोग पुऱ्याउनु भएको साथै शोधपत्रको शुद्धीकरण र टङ्कन गरी कम्प्युटर कार्यमा विशेष सहयोग गर्नुहुने निरगम कम्प्युटर सेन्टरलाई विशेष धन्यवाद प्रकट गर्दछु ।



शोधार्थी

बबिता कार्की

नेपाली शिक्षा

डिल्लीबजार कन्या बहुमुखी

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| वि.सं. | : | विक्रम सम्वत् |
| स.प्र. | : | सङ्ख्या र प्रतिशत |
| पृ | : | पृष्ठ |

# विषयसूची

## अध्याय एक

## अध्ययनको परिचय

| | पृष्ठ |
|---|---|
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्याकथन | २ |
| अध्ययनको उद्देश्य | ३ |
| अध्ययनको औचित्य | ३ |
| अध्ययनको परिसीमा | ३ |
| पारिभाषिक शब्दावली | ५ |

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

| | |
|---|---|
| पूर्वकार्यको समीक्षा | ६ |
| सैद्धान्तिक पुनरावलोकन | ६ |
| प्रायोगिक पुनरावलोकन | ७ |
| सैद्धान्तिक अवधारणा | ११ |
| भाषा शिक्षणको परिचय | ११ |
| भाषा पाठ्यक्रमको परिचय | ११ |
| भाषा पाठ्यपुस्तकको परिचय | १२ |
| भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रस्तुतीकरणको सैद्धान्तिक धारणा | १२ |
| पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध | १३ |
| भाषा पाठ्यपुस्तकका बाह्य बिशेषताको परिचय | १३ |
| भाषा पाठ्यपुस्तकको आन्तरिक प्राज्ञिक विशेषताको परिचय | १३ |
| पाठ्यवस्तु | १३ |
| शब्दभण्डार | १४ |

चित्र १५
भाषा संरचना १५
अभ्यास १५
निर्देशन १६
कक्षा आठको भाषा पाठ्यपुस्तकको विशेषता १७
अवधारणात्मक ढाँचा १७

## अध्याय : तीन

## अध्ययन विधि तथा प्रक्रिया

अनुसन्धान ढाँचा १९
जनसंख्या तथा नमुना छनोट १९
उपकरण निर्माण १९
अध्ययनको स्रोत २०
तथ्याङ्क सङ्कलनका विधि २०
तथ्याङ्क सङ्कलनको विश्लेषण २०

## अध्याय : चार

## पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण

पाठ्यक्रम २१
पाठ्यपुस्तक २१
उद्देश्य २२
विषयवस्तु २२
शिक्षण प्रक्रिया २३
विधाको क्षेत्र क्रम २४
शब्दभण्डार २५
मूल्याङ्कन २७

## अध्याय : पाँच

## पाठ्यपुस्तकका प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन


पाठ्यवस्तु ३०

विधा ३७

शब्दभण्डार

भाषिक संरचना ४१

चित्र ४४

अभ्यास ४७

सुनाइ सिप ४८

बोलाइ सिप ४९

पढाइ सिप ४९

लेखाइ सिप ५०

निर्देशन ५२

सिर्जना र परियोजना कार्य ५४

पाठ्यपुस्तक सम्बन्धी शिक्षकहरूको दृष्टिकोण ५५

नेपाली भाषा शिक्षकको समग्र दृष्टिकोण ६१


## अध्याय : छ

## कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरूको खोजको अध्ययन


कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल पक्ष ६४

कक्षा आठको नेपाली पाठ्यपुस्तकका दुर्बल पक्ष ६८


## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता


सारांश ७१

निष्कर्ष ७२

उपयोगिता ७५

सन्दर्भसूची ७८

# अध्याय एक

# अध्ययनको परिचय

## अध्ययनको पृष्ठभूमि

पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य र पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूलाई ध्यानमा राखी बनाउनुपर्छ । तब मात्र सम्बन्धित तहका पाठ्यपुस्तकले उद्देश्य परिपूर्तिमा सहयोग पुऱ्याउँदछ । पाठ्यक्रमले राखेको उद्देश्यलाई व्यावहारिक ढङ्गले शिक्षण सिकाइ प्रभावकारी बनाउन पाठ्यपुस्तकको प्रयोग गरिन्छ । पाठ्यक्रमले राखेका निर्देशित विषयवस्तु, पाठ्यवस्तु, शब्दभण्डार, भाषिक संरचना, अभ्यास, चित्र, निर्देशन र विधा आदि पाठ्यपुस्तकमा विद्यार्थी अनुकूल समाविष्ट गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्दछ । पाठ्यपुस्तकमा निर्देशित लक्ष्यहरू प्राप्तिका लागि कति पढ्ने, के पढ्ने, कुन प्रक्रियाले पढ्ने ,कस्तो अभ्यास गरेर पढ्ने तथा कति समयसम्म एउटा निश्चित अंश पढ्ने भन्ने जस्ता विद्यार्थीका अन्योलहरू हटाउन सकिन्छ (भारद्वाज, २०७२ पृ. ४४) । त्यसैले पाठ्यपुस्तकमा समाविष्ट पक्षहरू उपयुक्त ढङ्गले अध्ययन गरी मूल्याङ्कन गरिनु आवश्यक छ ।

पाठ्यपुस्तक भनेको पाठ्यक्रमको उद्देश्यअनुसार तयार पारिएको पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । पाठ्यपुस्तक निर्देशित कुराहरूको स्पष्ट प्रस्तुति हो । "पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशको लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो ( गुड, २०७१ पृ. ४५) । "

'भाषा पाठ्यपुस्तक भाषा शिक्षण सिकाइमा आधिकारिक सामग्रीको रूपमा रही सम्बन्धित तहका भाषा पाठ्यक्रमअनुसार निर्मित पाठ्यपुस्तक हो । नेपाली भाषा पाठ्यपुस्तकको आरम्भ जय पृथ्वीबहादुरको अक्षराङ्क शिक्षाबाट भयो (भारद्वाज ,२०७१ पृ. ४५) ।

पाठ्यपुस्तकको महत्व पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्नु, सम्बन्धित तहमा के कति सिकाउने भन्ने कुराको स्पष्ट उल्लेख पाठ्यपुस्तकमा हुन्छ । पाठ्यपुस्तकले प्रायोगिक पक्षलाई प्राथमिकता दिने भएकाले यसको विशेष महत्त्व छ । पाठ्यक्रमको एउटा अङ्गका

रूपमा पाठ्यपुस्तकले कार्य गर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट प्राज्ञिक विशेषताहरूको विश्लेषण तथा मूल्याङ्कन गरी यो शोधपत्र तयार गरिएको हो । कक्षा आठ नेपाली पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि विधागत रूपमा पाठ्यपुस्तकको महत्त्व राखी तयार गरिएको छ ।

विगतमा कक्षा आठको भाषा पाठ्यपुस्तक पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप निर्माण नभएको देखिएको हुनाले वर्तमान समयका पाठ्यपुस्तक प्राज्ञिक विशेषताका आधारमा के कस्ता रूपले निर्माण भएका छन् कि छैन भन्ने समस्या एउटा नवीन रहेको छ । पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु, विधा, शब्दभण्डार, भाषिक संरचना, चित्र, अभ्यास र निर्देशन जस्ता पक्षहरूलाई प्राज्ञिक विशेषताका आधारमा र पाठ्यक्रमको व्यवस्था अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण गरिएको छ ।

## समस्याकथन

नेपाली विषयलाई व्यावहारिक रूपमा सशक्त बनाउनका लागि सम्बन्धित विषयको छनोट गरिएको छ । "आफूले चयन गरेको शीर्षकसँग सम्बन्धित मुख्य समस्याका सम्भावित उत्तर नै समस्याकथन हो (शर्मा र लुइँटेल,२०६८,पृ.२८) । यस शोधप्रस्तावका मुख्य समस्याका रूपमा प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन शीर्षक रहेको छ । यस समस्यालाई नै केन्द्रीत गरी समाधानतर्फ मार्ग प्रदान गर्ने उद्देश्य राखिएको छ । यस समस्यामा कक्षा आठको पाठ्यपुस्तक पाठ्यक्रमअनुसार निर्माण भएको छ, छैन, पाठ्यवस्तु शब्दभण्डार, वाक्य प्रयोग, अभ्यास, भाषिक संरचनाको व्यवस्थाको मूल्याङ्कन गरी समाधान गर्ने उद्देश्यले छनोट गरिएको छ । शोधकार्यको समस्यालाई मूल रूपमा लिई निम्न समस्यागत प्रश्नहरूको निर्माण गरिएको छ :

क) पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक उपयुक्त रहेको छ ?

ख) कक्षा आठको नेपाली पाठ्यपुस्तकको निर्माण पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको आधारमा भएको छ ?

ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरू के -के हुन् ?

## अध्ययनका उद्देश्य

कुनै पनि कार्य गर्नुको पछाडि त्यसको उद्देश्य पनि सँगसँगै गाँसिएको हुन्छ । सोही अनुरूप यस शोधपत्रमा छनोट गरिएका शीर्षक सम्बन्धित निम्न उद्देश्यहरू उल्लेख गरिएको छ :

क) पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नु,

ख) प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन गर्नु,

ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरूको खोजी गर्नु ।

## अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रको औचित्यबाट पाठक वर्ग लगायत पूर्वकार्यको समीक्षाको आधारमा हरेक अनुसन्धानकर्तालाई पाठ्यपुस्तकभित्र रहेका महत्त्वपूर्ण विशेषताहरूको जानकारी प्राप्त गर्न सहज हुन्छ । कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताबारे अध्ययन गर्नुको औचित्य देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट कथा, कविता, निबन्ध, चिठी, प्रबन्ध, जीवनी, संवाद, दैनिकी, ऐतिहासिक, लोककथा, भाषिक संरचना, वाक्य, शब्दभण्डार, व्याकरणको महत्त्व छुट्टै छ । कक्षा आठ भनेको माथिल्लो तह प्रवेश गर्न तयार पारिएको आवश्यक खुड्किलाहरू हुन् ।

प्रस्तुत शोधपत्रबाट पाठ्यक्रम निर्मातालाई उपयुक्त पाठ्यक्रम निर्माण गर्न, लेखकलाई सिकारु अनुरूप पाठ्यपुस्तक तयार गर्न, भाषा शिक्षकलाई तयार पारिएको शोध पत्रको अध्ययनबाट भाषा विज्ञलाई भाषाको संरचना नयाँ के कसरी भएका रहेछन् भनी जानकारी प्रदान गर्न र नव शोधार्थीलाई प्रभावकारी ढङ्गले शोध प्रस्ताव तयार गर्न र अनुसन्धान गर्न शीर्षक छनोट गर्न मार्ग प्रदान गर्दछ ।

## अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्य अनुसार अध्ययनको परिसीमा निर्धारण गरिएको छ । शोधकार्यका सीमाहरू निम्नानुसार छन् :

क) वर्तमान पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको अध्ययनमा सीमित गरिएको छ ।

ख) कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यवस्तु, शब्दभण्डार, विधा, भाषिक संरचना, निर्देशन, अभ्यास र चित्र आदि क्षेत्रको मूल्याङ्कन गरिएको छ ।

ग) पुस्तकालयीय अध्ययन पद्धति र क्षेत्रगत अध्ययन प्रयोग गरिएको छ ।

घ) ६ वटा विद्यालयका विषयगत शिक्षक तथा नेपाली भाषा शिक्षक गरी जम्मा १० जना शिक्षक वर्गहरूलाई पाठ्यपुस्तक सम्बन्धी आफ्नो दृष्टिकोणबारे अन्तर्वार्ता लिई विचार सङ्कलन गरिएको छ ।

## पारिभाषिक शब्दावली

प्राज्ञिक : विशिष्ट, महत्त्वपूर्ण

पाठ्यक्रम : शैक्षिक कार्यलाई व्यवस्थित गर्ने योजना

पाठ्यपुस्तक : पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्ने साधन योजनाको खाका

श्रेणीबद्धता : विषयवस्तुको क्रम, श्रृंखला, वर्ग

प्रस्तुतीकरण : कुनै पनि विषयवस्तुको बारेमा प्रवाह गर्ने प्रक्रिया वा शैली

शब्दभण्डार : शब्दहरूको सङ्ग्रह, शब्दग्रन्थ, शब्दहरूको ढुकुटी

भाषिक संरचना : भाषाहरूको बनावट, व्यवस्था

पाविके : पाठ्यक्रम विकास केन्द्र

आन्तरिक विशेषता : भित्री,केन्द्रिय

बाह्य विशेषता : बाहिरी,परिधिय

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नुभन्दा अगाडि विगतमा सम्बन्धित शीर्षक समस्यामाथि के कति अध्ययन अनुसन्धान कार्य भए वा भएको छैन, सहयोगी पाठ्यस्रोत सामग्री के कति मात्रामा प्राप्त भए वा भएनन् भनी प्रस्तुत गर्नुनै पूर्वकार्यको समीक्षा हो । पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कन शीर्षकमाथि केही स्रोत सामग्री संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कनका लागि २०७६ को पाठ्यक्रम प्रारूपमा उल्लिखित पाठ्यवस्तुको व्यवस्था अध्ययनका लागि सहयोगी बनेको छ ।

## सैद्धान्तिक पुनरावलोकन

पौडेल (२०६९) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* प्रकाशित पुस्तकमा भाषा पाठ्यपुस्तकको अध्ययन खण्डमा पाठ्यपुस्तकको परिचय, पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताहरूको चर्चा गरिएको छ, जसले कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कन गर्न सहयोग पुगेको छ ।

लामिछाने (२०६९) द्वारा *नेपाली भाषाशिक्षण* नामक प्रकाशित पुस्तकमा पाठ्यपुस्तकको विशेषताको अध्ययन खण्डमा पाठ्यपुस्तकको आन्तरिक विशेषताको वर्णन गरिएको छ, जसले प्रस्तुत शोधपत्रका लागि पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको परिचय दिन र सोका आधारमा मूल्याङ्कन गर्न मार्ग प्रदान गरेको छ ।

पोखरेल (२०७०) द्वारा *पाठ्यक्रम र मूल्याङ्कन* नामक प्रकाशित पुस्तकमा पाठ्यक्रम विकास अध्यायमा पाठ्यक्रमका तत्वहरूको चर्चा गरेको छ । पाठ्ययक्रम निर्माण तथा पाठ्यपुस्तकको निर्माण र मूल्याङ्कनका लागि निर्धारित उद्देश्य, विषय, छनोट, शिक्षण विधि, मूल्याङ्कन जस्ता तत्वहरूको आधारमा तयार हुने वर्णन गरिएको छ । जसले यस शोधकार्यमा पाठ्यक्रमको परिचय दिन सैद्धान्तिक आधार प्रदान गर्न सहयोग पुगेको छ ।

शर्मा र पौडेल (२०७०) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* प्रकाशित पुस्तकमा पाठ्यपुस्तकको परिचय र विशेषताको चर्चा गरिएको छ । पाठ्यपुस्तकको विशेषताहरूको अध्ययन खण्डमा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको विश्लेषण गरिएको छ, जसको सहयोगले कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कन गर्न र परिचय दिन सैद्धान्तिक अवधारणा निर्माणमा महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

नेपाली बृहत् शब्दकोश (२०७२) द्वारा *नेपाली बृहत् शब्दकोश* प्रकाशित पुस्तकमा पाठ्यपुस्तकको शाब्दिक परिचय परिभाषा दिइएको छ, जसमा पाठ्यपुस्तकको परिभाषा प्रस्ट रूपमा दिइएको छ । उक्त शब्दकोशको परिभाषाले प्रस्तुत शोधपत्रको पाठ्यपुस्तकको परिचयका लागि सैद्धान्तिक आधार प्राप्त भएको छ ।

भारद्वाज (२०७२) द्वारा लिखित *'नेपाली भाषाशिक्षण* नामक पाठ्यसामग्रीमा नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको प्राज्ञिक विशेषतालाई प्रस्तुत गरिएको पाइन्छ साथै निम्न माध्यमिक तहमा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको विशेषतामाथि विश्लेषण प्रस्तुत भएका छन् । शोधपत्रका लागि सहयोगी भएको छ ।

लम्साल, र अधिकारी (२०७८) द्वारा लिखित *'नेपाली भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षणपद्धति'* नामक स्नातक दोस्रो वर्षको पाठ्यपुस्तकमा वर्तमान पाठ्यक्रमका अनुरूप पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । यस विश्लेषणको सहयोगले सम्बन्धित समस्याको स्पष्ट मूल्याङ्कन गरी प्रस्ट्याउन मद्दत मिलेको छ । जसमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तु, चित्र, भाषा, नमूना, अभ्यास, विधागत विवरण पाठ्यक्रम अनुरूप भए, नभएको मूल्याङ्कन गर्ने आधारहरू प्रदान भएको छ ।

भट्टराई (२०७९) द्वारा लिखित *'भाषिक अनुसन्धान विधि'* नामक पाठ्यपुस्तकमा शोधशीर्षक छनोट र शोधप्रस्तावना तयार पारी मार्गप्रदान गरी अनुसन्धानका लागि सहयोगी सामग्री प्रस्तुत भएको पाइन्छ ।

## प्रायोगिक पुनरावलोकन

खड्का (२०५९) द्वारा *'कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'* शीर्षकमा अनुसन्धान गरिएको छ । प्रस्तुत अनुसन्धानपत्रमा कक्षा ६ को नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । सुरुदेखि अन्तिम पाठमा

राखिएका चित्रहरू उद्देश्य अनुरूप, विषयवस्तुअनुकूल, विद्यार्थीको बौद्धिक क्षमताअनुकूल राखिएको छ, छैन भनी गहन रूपमा अध्ययन गरी निष्कर्ष निकालिएको छ । उक्त निष्कर्षका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू दुरुस्त, आकर्षक, रङ्गीन र उपयुक्तताको मूल्याङ्कन गर्न सहयोग पुगेको छ ।

भण्डारी (२०६०) द्वारा *प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण'* शीर्षकमा अनुसन्धान गरिएको छ । प्रस्तुत अनुसन्धान पत्रमा पाठ्यपुस्तकको परिभाषा र स्रोतगत शब्दहरूको वर्गीकरण गरिएको छ । प्रस्तुत शोधपत्रमा गरिएको निष्कर्षले पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको प्रस्तुति सरल जटिलताको क्रममा आधारित उपयुक्तताको मूल्याङ्कन गर्न मार्ग प्रदान गर्न सहयोग पुगेको छ । बालबालिकाको आधारभूत शब्दभण्डारको वृद्धि क्रमिक रूपमा गएको निष्कर्षका आधारमा शब्दभण्डारको रखाइक्रम उपयुक्त हुनुपर्ने अवधारणा प्राप्त भएको छ ।

भट्टराई (२०६१) द्वारा *'कक्षा आठको नेपाली पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन'* शोधपत्रमा कथाहरूलाई स्तरअनुरूप सरलदेखि जटिलका क्रममा नराखिएको साथै सिर्जनात्मक अभ्यासलाई पनि खासै ध्यान नदिएको हुँदा सो पक्षसम्बन्धी सुझाव निष्कर्ष प्रस्तुत गरेको पाइन्छ । उक्त पूर्वकार्यको सहयोगले यस अध्ययनपत्रका लागि सैद्धान्तिक आधार प्रदानमा उपयोगी भएको छ ।

अधिकारी, (२०६४) ले त्रिभुवन विश्वविद्यालय नेपाली विषय शिक्षकहरूको प्रथम अधिवेशनमा प्रस्तुत गरेको कार्यपत्र *'माध्यमिक तहको नेपाली भाषा शिक्षण र पाठ्यवस्तुको समीक्षा'* भन्ने शीर्षक राखी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तकहरूमा रहेका विधा र भाषातत्वको चर्चामा विद्यार्थीको रुचि क्षमता र स्तरलाई ध्यानमा राखी भाषातत्त्वमा परिमार्जन गर्नुपर्ने निष्कर्ष निकालिएको थियो जसमा वर्तमान समयमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप विद्यार्थी अनुकूल पाठ्यवस्तु र भाषातत्त्व धेरै हदसम्म परिमार्जित भएको पाइन्छ (तिमल्सेना, २०६४, पृ. ११) ।

पौडेल (२०६६), द्वारा *'माध्यमिक तह (कक्षा ९/१०) का नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन'* शीर्षकमा अनुसन्धान गरिएको छ । प्रस्तुत शोधपत्रको अध्याय तीनमा पाठ्यपुस्तकको प्राज्ञिक पक्षको उपयुक्तता, सोदेश्यता, क्रमबद्धता, रोचकता,

जीवनोपयोगीता, सङ्गठन र प्रस्तुति, भाषाशैली प्रस्तुति, चित्र र अभ्यास आदि प्रमुख पक्षहरूको वर्णन गरिएको छ । जसले कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कन गर्न सैद्धान्तिक आधार प्राप्त भएको छ ।

तिमल्सेना (२०६९), द्वारा *'कक्षा ८ र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकका तुलनात्मक अध्ययन'* शीर्षकमा अनुसन्धान गरिएको छ । उक्त अनुसन्धान पत्रमा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको विश्लेषणमा पाठ्यवस्तु, चित्र, नमुना, अभ्यास, भाषा, विधागत वितरणलाई पाठ्यक्रम अनुरूपताका आधारमा मूल्याङ्कन गरिएको छ । उक्त अनुसन्धानले कक्षा आठको नेपाली पाठ्यपुस्तकका प्राज्ञिक विशेषताको मूल्याङ्कन गर्ने सैद्धान्तिक आधार प्राप्त भएको  छ ।

साह (२०७३) द्वारा *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा चारको हमर मैथलीको अध्ययन* शोधपत्रको शब्दभण्डार परिचयमा शब्दहरूको रखाइक्रम “सरलदेखि जटिलका करममा अनेकार्थी, विपरितार्थी, पर्यायवाची, श्रुतिसमभिन्नार्थ आदि शब्दहरू पाठ्यवस्तु अनुरूप समावेश गरिनु पर्ने उल्लेख गरिएको छ जसबाट सम्बन्धित शीर्षक समस्याका लागि सैद्धान्तिक आधार प्राप्त भएको छ ।

घिमिरे (२०७५), का अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा कथा विधा अन्तर्गत ६ वटा विषयवस्तु समाविष्ट गरिएको पाइन्छ (घिमिरे, २०७३ पृ. ३८) । उक्त शोधपत्रले यस अध्ययनपत्रलाई कथा विधाको संख्यात्मक विषयवस्तुको शोधकार्यमा सहयोगी भएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा कथा चार वटा समेटिएको छ (कक्षा ८ नेपाली पाठ्यपुस्तक, २०८०) ।

घिमिरे (२०७५) द्वारा *'कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन'* शीर्षकमा गरिएको शोधकार्यमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासलाई छनोट गरिएको पाइन्छ । जसमा कक्षा आठको नेपाली पाठ्यपुस्तक भित्र दिएको अभ्यासहरूको खोज गर्नु, प्राप्त तथ्यहरूको विश्लेषण र अभ्यासहरूको अध्ययनबाट प्राप्त कमीकमजोरीहरू पहिचान गरी आवश्यक सुझाव प्रदान गरेको पाइन्छ । उक्त अध्ययनमा व्याकरणका अभ्यासहरूका कमी, सिर्जना अभ्यास कमी, पाठको प्रकृति र विधागत विशेषताका आधारमा अभ्यास समाविष्ट नरहेको पाइएतापनि भाषिक सिपगत,

शब्दभण्डार, परियोजना कार्य, विधागत अभ्यास भित्र नै व्याकरण समावेश गरिएको निष्कर्ष पाइयो ।

मल्ल (२०७५)द्वारा *'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाअनुरूपताका आधारमा नमुना अभ्यासको अध्ययन'* शीर्षकमा कक्षा सातको नेपालीमा समाविष्ट गरिएका नमुना अभ्यासको पाठ्यक्रम अनुरूप, पाठगत र भाषिक सिपगत आधारमा अध्ययन विश्लेषण गरिएको निष्कर्ष पाइन्छ । जसमा कतै बोलाई र सुनाइ सम्बन्धी सीपको नमुना अभ्यास छैन भने कतै पढाइ र लेखाइ सिपको नमुना अभ्यास नै राखिएको निष्कर्ष पाइयो तर पनि विद्यार्थी अनुकूलमा अभ्यासहरू रहेको निष्कर्ष पाइयो । जसबाट यस शोधपत्रमा विद्यार्थी अनुकूलका विधागत अभ्यास र भाषिक सिपगत अभ्यासको मूल्याङ्कन गर्न सहजता प्राप्त गरेको छ ।

फुयाल (२०२२ जुलाई) द्वारा *'कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को तुलनात्मक अध्ययन'* विश्लेषण शीर्षकमा गरिएको अध्ययनबाट पाठहरूको रखाइक्रम सरल जटिल पद्धतिलाई ख्याल नगरी वितरण गर्नु, पाठ्यपुस्तकको छपाइ बँधाइ र कागजको स्तरमा कमजोरी पाइनु, व्याकरणिक अभ्यास, शिक्षणविधि अस्पष्ट, सुनाइ, बोलाइ सिपगत अभ्यासमा कमजोर र लेखाइमा बढी जोड, दुबै समयका पाठ्यपुस्तकमा कमी कमजोरी रहेको निष्कर्ष पाइयो भने २०६५ को पाठ्यपुस्तकको भाषाशैली २०५५ को भन्दा सरल, सरस निष्कर्ष पाइयो जसले समयानुकूलको विषयवस्तुको संयोजन गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

भट्ट (२०२३) द्वारा *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण शीर्षक*मा गरिएको अध्ययनबाट समालोचनात्मक चिन्तनका अभ्यास प्रश्नहरू अभाव रहेको,सैद्धान्तिक भन्दा व्यावहारिक विधागत पाठ कम,मूल्याङ्कनका लागि अभ्यास कार्यकलाप उपयोगी रहेतापनि तहगत र कक्षागत रूपमा केहि कठिनाइ रहेको पाइन्छ । समग्रमा पाठ्यकम अनुरूप रहेको निष्कर्ष प्राप्त भएको छ । शोधपत्रका लागि सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त भएको छ ।

घिमिरे (२०२३) द्वारा *निर्दिष्ट भाषिक सिप सन्तुलनका दृष्टिले कक्षा नौ को 'नेपाली'मा प्रयुक्त नमुना अभ्यास शार्षक सम्बन्धी अध्ययनमा* भाषिक सिपगत अभ्यास प्रश्नहरूले लेखाइ सिपलाई जोड दिएको छ भनी सिपगत र पाठ्यक्रम अनुरूपले

पाठ्यपुस्तकका नमुना अभ्यास रहेपनि वर्तमानमा अझ स्पष्ट किटान नभएको निष्कर्ष प्राप्त भएको छ । अभ्यासका प्रश्नहरू बोध,स्मरण र प्रयोगका आधारमा ७५ प्रतिशत विश्लेषण, मूल्याङ्कन र सिर्जना चिन्तनका आधारमा २६ प्रतिशत मात्र प्रश्नहरू समाविष्ट भएको निष्कर्ष पाइयो जसबाट शोधकार्यका लागि भाषिक सिपका आधारमा अभ्यासको मूल्याङ्न गर्न सहयोग प्राप्त भएको छ ।

खड्का (२०८०) का अनुसार *'पढाइ सिपका दृष्टिले कक्षा सातको नेपाली पाठ्यपुस्तक'* सम्बन्धी शीर्षकमा अध्ययन गरिएको छ । यस शोधपत्रमा पढाइ सिपगत, पाठगत अभ्यास कार्यकलापको तह अनुसार उपयुक्त भएको पाइन्छ भने, पढाइ सिपगत अभ्यासको मात्रा कम रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । जसको अध्ययनबाट यस शोधपत्रमा सैद्धान्तिक आधार प्राप्त भएको छ ।

प्रस्तुत समस्यामा आधारित नयाँ पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तक माथि अहिलेसम्म कुनै शोधकार्य नभएकोले यसका लागि सहयोगी सामग्रीका रूपमा धेर थोर जुटाउने प्रयास गरिएको छ । कक्षा आठको पाठ्यवस्तु ऐतिहासिक देशप्रेम, राष्ट्रिय एकता झल्काउने सामाजिक गुण विकास गर्ने खालको राखिएको छ । विधागत रूपमा कविताको क्रमबाट पाठ्यवस्तु सुरुवात गरिएको छ । जसमा कविता तीन वटा, कथा चार वटा, जीवनी र चिठी दुई वटा, निबन्ध, मनोवाद र दैनिकी यात्रा वर्णन क्रमशः एक वटा संख्यामा प्रस्तुत गरिएको छ, जुन नयाँ रूपमा पाठ्यपुस्तक निर्माण भएको छ ।

## सैद्धान्तिक अवधारणा

सैद्धान्तिक प्रक्रियामा भाषाशिक्षणको परिचय, भाषा पाठ्यक्रमको संक्षिप्त परिचय, पाठ्यपुस्तकको परिचय र सम्बन्ध प्रस्तुत गरिएको छ ।

### भाषा शिक्षणको परिचय

नेपाली भाषा शिक्षण अनुसार, पाठ्यक्रममा विविध तत्त्वहरूका आधारमा भाषा तत्त्व, वैचारिक तत्त्व, साहित्यिक विधा-उपविधा, मौखिक लिखित अभिव्यक्तिका स्वरूप पाठ्यपुस्तक तयार भएका हुन्छन्  (भारद्वाज, २०७१ पृ. ३१) ।

लम्साल, र अन्यद्वारा लिखित, नेपाली भाषा शिक्षणअनुसार भाषाशिक्षण प्राविधिक विषय हो । यसमा सैद्धान्तिक पक्षमा भन्दा प्रयोगात्मक पक्षमा बढी ध्यान दिइन्छ । भाषा

शिक्षणले भाषिक सिपलाई जोड दिन्छ । भाषा शिक्षण एउटा विधि र पद्धति हो । भाषातत्त्व सम्बन्धी समस्या हटाउन, उच्चारणको कठिनाइ, भाषिक ध्वनिहरूको अभ्यास गराउन, पाठ्यवस्तुको बोध तथा अभिव्यक्ति गराउन भाषा शिक्षणबाट मात्र सम्भव छ (लम्साल र अन्य २०६९, पृ. १,२) ।

माधवप्रसाद पौडेल, नेपाली भाषा शिक्षण, भाषा शिक्षणको परिचय अनुसार, भाषा शिक्षणमा विषयवस्तुको उपयोगद्वारा भाषिक सिपको विकास गरिन्छ । भाषिक सिपको शिक्षणका क्रममा उच्चारण बोध, व्याकरण, शब्दभण्डार आदि भाषिक पक्षको लागि विषयवस्तु नै प्रमुख आधार बनेको पाइन्छ (पौडेल, २०७९, पृ. २) ।

भाषा शिक्षण भनेको शाब्दिक रूपमा विद्यार्थीलाई भाषिक सिपहरू सिकाउनु हो । भाषा शिक्षण अन्तर्गत शब्द, व्याकरण, मौखिक लिखित, रचनाकौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण तथा अभिनय जस्ता विषयवस्तुलाई विद्यार्थीको मनोविज्ञान अनुसार भाषिक सिप, शिक्षणीय प्रविधिसँग सम्बन्धित गराई सिकाइ गरिने पक्षहरू समावेश गरिएका हुन्छन् (ढुङ्गेल र दाहाल, २०६७, पृ. ८) । प्रस्तुत अवधारणाका आधारमा कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डार, अभ्यास, पाठ्यवस्तु र विद्यार्थी अनुकूल विषयवस्तुको सिप प्रस्तुतिको मूल्याङ्कन गर्न मार्ग प्रदान गरेको छ ।

**भाषा पाठ्यक्रमको परिचय**

शैक्षिक प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालनका लागि तयार पारिएको दस्तावेजलाई नै पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रम भनेको भाषिक उद्देश्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न तयार गरिएको खाकालाई भाषा पाठ्यक्रम भनिन्छ । निश्चित भाषिक सिप विकास सम्बन्धी योजनाको निर्धारण गरिएको हुन्छ । पाठ्यक्रम सैद्धान्तिक प्रकृतिको हुन्छ । विद्यार्थीको सिकाइ उपलब्धि प्राप्तिका लागि ध्यानमा राखी निर्माण गरिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना, (२०२८) अनुसार पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिको लागि बनाइएको शैक्षिक कार्यक्रम हो । पाठ्यपुस्तकको निर्माण तथा मूल्यान पाठ्यक्रमले राखेको उद्देश्य, विषय वस्तु, शिक्षण विधि तथा प्रक्रिया र मूल्याङ्कन जस्ता आवश्यक तत्त्वहरूको आधारमा भाषा पाठ्यपुस्तक तयार हुन्छ (पोखरेल, २०७०, पृ. : २७) । फ्रोबेलका अनुसार “पाठ्यक्रम मानवजातिको सम्पूर्ण ज्ञान र अनुभवको सार हो (भारद्वाज, २०७१ पृ. ४४) ।”

**भाषा पाठ्यपुस्तकको परिचय**

कुनै पनि भाषा शिक्षण सिकाइमा आधिकारिक सामग्रीको रूपमा रही सम्बन्धित तहका भाषा पाठ्यक्रम अनुसार निर्मित पाठ्यपुस्तक नै भाषा पाठ्यपुस्तक हो । पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्न तयार पारिएको पुस्तकनै पाठ्यपुस्तक हो ।

पाठ्यपुस्तक भनेको "कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइको प्रयोग गरिने प्रमुख अध्ययन स्रोत सामग्री हो (गुड, २०७१) ।"

पाठ्यपुस्तक भनेको "विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तक हो (नेपाली वृहत् शब्दकोष, २०७१ पृ. ४४) ।"

**भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रस्तुतीकरणको सैद्धान्तिक धारणा**

पाठ्यवस्तु सरलदेखि जटिलका क्रममा हुनुपर्छ । पाठ्यवस्तु प्रत्यक्ष भाषिक अनुभवबाट अप्रत्यक्ष अनुभवलाई जोड दिने हुनुपर्छ । सामान्यबाट विशिष्टतर्फ पाठ्यवस्तुको प्रस्तुति गरिनुपर्छ । पूर्णबाट अंश, ज्ञातबाट अज्ञात, सामान्यबाट विशिष्टीक्रममा जोड दिनुपर्छ । पाठ्यवस्तु एक आपसमा अर्न्तक्रियात्मक सम्बन्ध भएको हुनुपर्छ । पूर्व सिकाइलाई पछिल्लो सिकाइमा स्थानान्तरण हुने गरी प्रस्तुतमा जोड । उत्सुकता जिज्ञासु लाग्ने खालका पाठ्यवस्तु समेटिनुपर्छ (शर्मा र पौडेल, २०५९, पृ : ३३८) ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रस्तुतीकरण सरलदेखि जटिलका रूपमा कविताबाट प्रारम्भ गरी कथामा अन्त्य गरिएको छ । कवितामा सुरुको पाठमा सहिदहरूको सम्झनामा र त्यसपछि कथा साकार सपना राखिएको छ । विद्यार्थीको स्तर, रूची र अनुभवमा आधारित पाठ्यवस्तु राख्दै अप्रत्यक्ष अनुभवका पाठ्यवस्तु समेटिएका छन् । उत्सुकता जगाउने र व्यावसायिक सीप विकास हुने विषयवस्तु छन् ।

**पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर्सम्बन्ध**

पाठ्यक्रमले सम्बन्धित तहको शैक्षिक प्रक्रिया सञ्चालनका लागि योजनाहरू निर्माण गर्दछ भने पाठ्यपुस्तकले ती योजनालाई उद्देश्य पूर्तिका लागि साधनका रूपमा कार्य गर्दछ । पाठ्यक्रमले तोकेको तह अनुसार के कसरी सिकाउने भनी निर्दिष्ट गरिएको कुरालाई पाठ्यपुस्तकले कति, कुन तहलाई सिकाउने भन्ने कुरा स्पष्ट गरिएको हुन्छ र कार्य

गर्दछ । पाठ्यक्रम सैद्धान्तिक र पाठ्यपुस्तक प्रायोगिक व्यावहारिक प्रकृतिको हुन्छ । पाठ्यक्रमको रूपमा पाठ्यपुस्तक अंगका रूपमा प्रस्तुत हुन्छ.( भारद्वाज, २०७१ पृ. : ५६) ।

**भाषा पाठ्यपुस्तकको बाह्य विशेषताको परिचय**

भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरू रहेका हुन्छन् । पाठ्यपुस्तकको मूल्याङ्कनमा बाह्य विशेषताको पनि उत्तिकै महत्त्व हुन्छ जति आन्तरिक विशेषताको आधारमा मूल्याङ्कन गरिन्छ । बाह्य विशेषताको आधारमा पाठ्यपुस्तकको बनोट राम्रो भएको खण्डमा पाठ्यपुस्तकको आन्तरिक पक्षले श्रेय पाउँदछ । पाठ्यपुस्तकका बाह्य विशेषताहरूमा बनोट,अक्षरको आकारप्रकार र अन्तराल,छपाइ र बँधाइ,कागजको स्तर र मूल्य सुलभता आदि रहेका छन् ।

**बनोट**

पाठ्यपुस्तकको बनोट आकारप्रकार र आवरणले बलियो,टिकाउ र दीर्घकालीन रूपमा प्रयोग गर्न सहज हुनेगरी बनाइएको हुनुपर्दछ । सम्बन्धित तह र स्तर अनुरूप आकर्षक चित्रले सजिएको हुनुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकको बनावट हल्का चिल्लो कागज र गाता विगतको तुलनामा बाक्लो रहेको छ । पाठ्यपुस्तकको लम्बाइ २४ र चौडाइ १७.३ सेन्टिमिटर रहेको छ । आवरणमा प्लाष्टिक कोटेड गरिएको छैन ।

**अक्षरको अकारप्रकार र अन्तराल**

पाठ्यपुस्तकमा अक्षर आकार र अन्तराल तहगत रूपमा प्रयोग गरिएको हुनुपर्दछ । आवरण पृष्ठ,पाठशीर्षक,उपशीर्षक र अभ्यासमा प्रयोग गरिने अक्षरको आकारप्रकार स्तरअनुसार हुनुपर्दछ । चार कक्षा भन्दा माथिल्लो कक्षाका लागि १४ प्वाइन्टका अक्षर हुनुपर्दछ । पङ्क्तिबीचको अन्तराल र शब्दबीचको अन्तराल स्पष्ट हुनुआवश्यक छ (भट्टराई,२०७९,पृ.३०) । कक्षा आठको पाठ्यपुस्तकमा प्रयोग गरिएका अक्षरआकार आवरण पृष्ठदेखि पाठ, पाठशीर्षक, उपशीर्षक, अनुच्छेद र अभ्यासखण्डका अक्षर आकार भिन्न भिन्न रहेका छन् । वर्ण,शब्द,वाक्य र अनुच्छेदमा स्तरअनुसार अन्तराल स्पष्ट छन् । रङ्गीन अक्षर र चित्रको प्रयोग गरिएको छ ।

## छपाइ र बँधाइ

पाठ्यपुस्तकको छपाइ र बँधाइ व्यवस्थित रूपमा गरिएको हुनुपर्दछ । पाठ्यपुस्तकको बाह्य पक्षले आन्तरिक (प्राज्ञिक) पक्षमा असर नपर्ने गरी छपाइ र बँधाइ गरिनु पर्दछ । आवरण पृष्ठदेखि अन्त्य पृष्ठसम्मका अक्षर,चित्र,पाठगत विषयवस्तुहरूको छपाइ स्पष्ट, गाढा मसीको प्रयोग गरिएको हुनुपर्दछ ।बाह्य आवरण र प्रत्येक पानाका गाता कसिलो हुनेगरी बँधाइ गरिएको हुनुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तक छपाइका दृष्टिले अक्षर आकारप्रकारमा कमजोर रहेको छ । कुनै पाठ तथा अभ्यासखण्डमा अक्षर र चित्रको छपाइमा दोहोरो अक्षर खप्टिएको,मसीले लतपतिएको,अस्पष्टताको चित्र देखिएको छ (कक्षा आठ,पृ.६३,१६८) । जसले विद्यार्थीको मनोविज्ञानमा र दृष्टिमा असर पर्ने देखिएको छ । गातालाई स्टिचले बलियो गरी बाँधिएको छ ।

## कागजको स्तर र मूल्य सुलभता

पाठ्यपुस्तकमा प्रयोग गरिने कागज आवरण पृष्ठ र भित्री पृष्ठका पन्ना भिन्न हुनुपर्दछ । आवरणका कागज बाक्लो,चम्किलो,बलियो र प्लाष्टिक कोटेड गरिएको हुनुपर्दछ । पन्ना पल्टाउँदै जाँदा नच्यातिने खालको कागज प्रयोग गरिनु पर्दछ । भित्री पन्ना सेतो अक्षर स्पष्ट देखिने,अगाडीको पन्नाका अक्षर पछाडि नछापिने हुनुपर्दछ । पाठ्यपुस्तकको मूल्य सर्वसाधारणले किनेर प्रयोग गर्न सकिने गरी निर्धारण गरिएको हुनुपर्दछ । देशका सम्पूर्ण क्षेत्रमा सहजै पाइने, पाठ्यपुस्तकको वितरण गर्न सकिनेगरी निर्माण गरिएको हुनुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकको कागज स्तर मध्यम किसिमको रहेको छ । अगाडी पृष्ठको अक्षर पछाडि पृष्ठमा देखिने खालको कागज प्रयोग भएको देखिन्छ । मूल्यका दृष्टिले सरकारबाट निशूल्क गरिएको छ । विकट क्षेत्रमा पाठ्यपुस्तक पाइने अवस्थाको नरहेको देखिन्छ ।

भाषा पाठ्यपुस्तकको बाह्य विशेषताहरूले आन्तरिक विशेषताहरूमा प्रभाव पार्ने गर्दछ । बाह्य पक्ष व्यवस्थित र बलियो भएको खण्डमा आन्तरिक पक्ष पनि उपयुक्त हुन्छ । पाठ्यपुस्तकका बनोट,अक्षरको आकारप्रकार,अन्तराल,छपाइ,बँधाइ,कागजको स्तर र सुलभता जस्ता पक्षहरूले पाठ्यवस्तु,विषयवस्तु,शाब्दभण्डार,भाषासंरचना,चित्र,अभ्यास,विधा र निर्देशन पक्षमा प्रत्यक्ष प्रभाव पार्दछ । बाहिरी बनावट व्यवस्थित रूपमा भएको खण्डले आन्तरिक (प्राज्ञिक)बनावटलाई प्रयोगमा ल्याउन सहज प्रदान गर्दछ ।

## भाषा पाठ्यपुस्तकको (आन्तरिक) प्राज्ञिक विशेषताको परिचय

प्राज्ञिक भनेको आन्तरिक हो । जसको शाब्दिक अर्थ केन्द्रीय हुन्छ । महत्त्वपूर्ण पक्ष नै प्राज्ञिक हो । भाषा पाठ्यपुस्तकमा प्राज्ञिक विशेषता भन्नाले आन्तरिक गुण वा पक्ष भाषा पाठ्यपुस्तक भित्र रहनु हो । भाषा पाठ्यपुस्तकमा के कस्ता विशेष गुण आन्तरिक तत्त्वहरू समाविष्ट भएका छन् भनी केलाइन्छ । जसलाई प्राज्ञिक विशेषताको मूल्याङ्कन गर्नु भन्ने हुन्छ । जसअन्तर्गत उपयुक्तता र प्रस्तुति ,पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, निर्देशन, चित्र, विधा आदि पर्दछन् ।

## पाठ्यवस्तु

देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यतासम्बन्धी विषयवस्तु, सामाजिक गुणको विकास, नागरिक कर्तव्यप्रति सजगता व्यावहारिक विषयवस्तु समायोजन गरिएको छ जसको माध्यमबाट सिकारुमा पाठ्यक्रमले राखेको उद्देश्य परिपूर्ति गरी सिकारुको सिकाइ उपलब्धी प्रभावकारी बनाउने उद्देश्यले पाठ्यपुस्तक तयार गरिएको छ । ऐतिहासिक, सामाजिक, साँस्कृतिक, विषयवस्तु व्यावहारिक, शैक्षिक, प्राकृतिक विषयवस्तु प्रस्तुत भएको छ (पाविके, कक्षा आठ ,नेपाली भाषा पाठ्यपुस्तक, २०८०) ।

कक्षा आठको पाठ्यपुस्तक सिकारुले पाठको संरचना तथा शैली पहिचान गरी व्यक्त गर्न सक्ने खालको प्रस्तुत गरिएको छ । लिखित पाठ्यवस्तुलाई गति यति मिलाई वाचन गर्ने, पाठमा प्रयुक्त शब्दभण्डार, भाषिक संरचना पक्षको बोध प्रयुक्त शब्दवर्गको पहिचान र प्रयोग गर्न सक्ने गरी तयार पारिएको छ । उमेर तह १०-१२ वर्ष स्तरअनुरूप पाठ्यपुस्तक निर्माण भएको देखिन्छ । भाषिक सिप विकासका लागि प्रत्येक पाठ्यवस्तु अनुरूपको सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई जोड दिएर २०७६ पाठ्यक्रम प्रारूपको उद्देश्य अनुसार २०८० मा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक कार्यान्वयनमा ल्याएको पाइन्छ ।

भाषा पाठ्यवस्तुको विषयवस्तु विद्यार्थीको क्षमता र स्तरअनुकूल हुनुपर्छ । ऐतिहासिक पाठ्यवस्तु, देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता सम्बन्धी विषयवस्तु, सामाजिक गुणको विकास, नागरिक कर्तव्यप्रति सजकता, व्यावहारिक विषयवस्तु समायोजन, सामाजिक साँस्कृतिक विषयवस्तु, व्यावसायिक विषयवस्तु, प्राकृतिक

मूल्यमान्यतामा आधारित पाठ्यवस्तु कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समेटिएका छन्  (पाविके, कक्षा आठ नेपाली (२०८०) ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १८ वटा पाठहरू छन् । जसमा पृष्ठ सङ्ख्या २१४ छन् । जसमा ३ ओटा कविता, कथा ४ ओटा २०७२ मा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा ६ ओटा कथा छन् (घिमिरे, २०७५, पृ.:३८) । जीवनी २ ओटा, चिठी २ ओटा, निबन्ध, प्रबन्ध, संवाद, मनोवाद, दैनिकी, यात्रावर्णन क्रमशः १-१ ओटा समेटिएका छन् । पाठको संरचना तथा शैली स्तरण र छनोटले उपयुक्त छन् । सिकारुले पाठको पहिचान पूर्व पठनको आधारमा पहिचान गर्न र व्यक्त गर्न सक्ने खालको प्रस्तुत छन् ।

**शब्दभण्डार**

शब्दभण्डारको रखाइक्रममा पाठमा उल्लेखित वाक्यात्मक क्रमअनुसार आवृत्तिमूलक शब्दहरू राखिएको छ भने त्यसको उत्तर खोजी पाठ्अनुसार पाठको प्रत्येक पृष्ठको अन्तिम छेउमा शब्दार्थ उल्लेख गरिएको छ । विद्यार्थीको स्तरअनुरूपका शब्द भण्डार उल्लेख गरिएको छ । सरलदेखि जटिलका क्रममा अनेकार्थी, विपरितार्थी, पयार्यवाची शब्द, श्रुतिसमभिनार्थ आदि जस्ता शब्दहरू पाठअनुरूप समावेश गर्नुपर्छ (साह,२०७३ पृ.२५) । पञ्चमिमांश शब्द, आवृत्ति हुने शब्दभण्डार हुनुपर्ने उद्देश्य अनुरूप प्राय यस पाठ्यपुस्तकमा आवृत्तिमूलक शब्दभण्डारको प्रयुक्त भएको छ । शुद्ध रूपमा प्रस्तुत गरिएको छ । चलन चल्तीमा हुने शब्दको प्रयोग गरिएको छ ।

**चित्र**

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य तथा सिकारुको सिकाइ स्तर अनुरूप निर्माण भएको छ । नेपाल सरकारद्वारा तयार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकमा पाठ्यवस्तु अनुरूप चित्रहरू समावेश गरिएको छ । प्रत्येक पाठमा पूर्वपठन र मूलपाठ गरेर २ ओटा कतै ३ ओटा समावेश गरी तयार पारिएको छ । कम्तिमा २ ओटा चित्र समेटिएको छ भने आवश्यकताअनुसार अभ्यासमा पनि चित्र समावेश गरिएको छ । अनावश्यक रूपमा चित्र राखिएको छैन । प्राकृतिक विषयवस्तु सङ्केत, वीर योद्धाको ऐतिहासिक गाथाको चित्र, प्रतिष्ठित व्यक्तिको जीवनी सङ्केत गर्ने सन्देशमूलक चित्र, शान्तीको प्रतीक जनाउने बुद्धको चित्र समेटिएको छ ।

## भाषा संरचना

तल्लो तहदेखि माथिल्लो तहमा जाने क्रममा भाषिक संरचनालाई कस्दै गएको छ । स्तरअनुसार सरलदेखि जटिलका क्रममा लगिएको छ । पाठ्यक्रमको उद्देश्य अनुरूप, सरल, संयुक्त र मित्र वाक्य मिलान गरिएको पाठ्यवस्तु रहेको छ । “भाषिक सीप आर्जन गर्ने किसिमको भाषा पाठ्वस्तुमा प्रयोग गरिएको हुनुपर्छ, भाषा, सरल र बोधगत हुनुपर्छ (ढुङ्गेल र दाहाल, २०५६, पृ.६३) ।”

## अभ्यास

“भाषा पाठ्यपुस्तकमा अभ्यास राखिनुको मूल अभिप्राय शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु हो (मल्ल, २०७५ पृ. १५) ।” पाठ्यवस्तु अनुसार सिकारुलाई सम्बन्धित सिप विकासका लागि प्रत्येक पाठको आधारमा भाषिक सिप विकास हुने क्रियाकलापमूलक अभ्यासहरू राखिएको छ । सिकारुको बोध अभिव्यक्ति, शब्दार्थ ज्ञान, सुनाइ-बोलाइ, पढाइ र लेखाइका लागि पाठका अनुच्छेद प्रश्न, परियोजनात्मक, सिर्जनात्मक अभ्यास, भाषिक संरचनात्मक ज्ञानका लागि विभिन्न व्याकरणात्मक अभ्यासहरू समावेश गरिएको छ । निर्देशित अनुच्छेद पनि सोही आधारमा जवाफ दिनसक्ने प्रश्ननिर्माण र रचनात्मक सिपको विकास हुने खालका अभ्यास राखिएको हुँदा नयाँ पाठ्यक्रमअनुसार पाठ्यपुस्तक सिकारु केन्द्रित बनेको देखिन्छ ।

## निर्देशन

कक्षा आठको पाठ्यक्रमका उद्देश्यअनुसार पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तु, अभ्यास कार्यकलाप, शब्दार्थ, वाक्यहरूको शृङ्खलाले सिकारुको बोध क्षमताको विकास गराउने गरी प्रस्ट रूपमा उल्लेख गरिनुपर्छ । कक्षा आठका पाठ्यपुस्तकका पाठ्यवस्तुको पहिचानका लागि पूर्व पठनमा सम्बन्धित पाठककाबारे र चित्र उल्लेख गरी सहज रूपमा मूलपाठको बारे सूचना प्राप्त गर्न सक्नेगरी निर्देशन दिइएको छ । जस्तै : पाठ २ साकार सपना (कथा) मा विभिन्न ४ ओटा वीर राजाहरूको चित्र प्रस्तुत गरिएको छ र पाठसँग सम्बन्धित गराएको छ । अभ्यासमा पनि गर्नुपर्ने कार्यकलापलाई प्रस्ट निर्देशन दिइएको छ । शब्दभण्डार ज्ञान वृद्धिका लागि शब्दार्थको जोडा मिलाउने, बुझ्ने र व्यक्त गर्ने, सुन्ने र बोल्ने, पढ्ने र लेख्ने कुराहरूलाई प्रस्ट निर्देशन गरिएको छ । प्रश्नोत्तर गर्ने, छलफल गर्ने, चित्र वर्णन गर्ने भनी निर्देशन उपयुक्त रूपमा गरिएको छ (कक्षा आठ नेपाली, पृ: २०) ।

कक्षा आठको नेपाली भषापाठ्यपुस्तकको निर्माण २०७६ को पाठ्यक्रम प्रारूप अनुसार कार्यान्वयनका रूपमा आएको छ । पाठ्यक्रमको सैद्धान्तिक आधारमा निम्न विशेषता रहेका छन् :

- भाषिक सिपमा आधारित सैद्धान्तिक आधारलाई अवलम्बन गरी विकास गरिएको,
- सिकारुका भाषिक सिप अभिवृद्धिका लागि सुनाइ-बोलाइ, पढाइ र लेखाइ सिपमा प्रयोजनपरक क्षेत्रमा जोड दिएको,
- सिकारुको सुनाइ-बोलाइ, पढाइ, लेखाइका लागि विस्तार रूपमा गर्ने अपेक्षा गरिएको,
- पठनीय सामग्री बोध र अभिव्यक्ति लेखन अभ्यास साथै भाषिक संरचनाको ज्ञान दिँदै नेपाली भाषाको प्रयोगमा जोड दिई शब्दभण्डार बृद्धि, सामाजिक भाषा प्रकार्यमा जोड ।
- सन्देशमूलक, नीतिमूलक, कलासंस्कृति, सूचनामूलक, कथा कविता, संवाद, जीवनी, निबन्ध समावेशमा जोड दिइएको छ (पाठ्यक्रम प्रारूप २०७६, सक्षमता) ।


## कक्षा आठको भाषा पाठ्यपुस्तकको विशेषता

- भाषिक सिप विकासका लागि १८ ओटा पाठ राखिएको छ ।
- पाठ्यपुस्तकमा तीनओटा कविता, चार ओटा कथा, दुई ओटा जीवनी, चिठी दुईओटा, निबन्ध, प्रबन्ध, संवाद, मनोवाद, दैनिकी र यात्रावर्णनमा क्रमशः १,१ ओटा समावेश गरिएको छ ।
- विद्यार्थीको स्तर, क्षमता, मनोविज्ञान अनुसार पृष्ठ, समय र सन्दर्भ सुहाउँदा पाठ, पाठ्यविषय क्षेत्र अनुसारको पुनरावृत्ति, शब्दभण्डार आवृत्ति, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, पढाइ र लेखाइ सिपका लागि नमुना अभ्यास राखिएको छ ।
- सिर्जनात्मक परियोजनात्मक क्रियाकलाप समावेश गरिएको छ ।
- भाषिक संरचना र वर्णविन्यास सम्बन्धी क्रियाकलाप राखी नेपाली भाषा सिकाइमा जोड हुने गरी प्रस्तुत गरिएको छ ।
- पाठअनुसार प्रश्न निर्माण गर्ने अभ्यास सिकाइ राखिएको छ (कक्षा ८ नेपाली, २०८०) ।

२०७६ को पाठ्यक्रम प्रारूप अनुसार मार्गदर्शन गरी २०८० को नयाँ स्वरूपमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

## अवधारणात्मक ढाँचा

उल्लिखित सैद्धान्तिक अवधारणाको जगमा उभिएर हेर्ने हो भनी कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा खास गरी पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप सिकारुको सिकाइ उपलब्धिमा जोड दिई निर्माण गर्नुपर्ने कारणहरू विगतको पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण अवस्थाले प्रस्ट देखाउँदछ । पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताले सिकारुको सिकाइ उपलब्धिलाई सम्बोधन गरेको छ कि छैन भनी पाठ्यक्रमले राखेको उद्देश्य अनुसार अध्ययन गरिएको छ । पाठ्यक्रमको उद्देश्यअनुरूप विधागत विषयवस्तु पाठ्यवस्तुको क्रम वितरण के, कस्ता र कसरी राखिएको छ ? प्रयुक्त भाषा भाषिक संरचना र शब्दभण्डार, चित्र, भूमिका निर्देशन, अभ्यास आदिको प्रस्तुतिको मूल्याङ्कन गरिएको छ । सम्बन्धित समस्याको अध्ययन गर्नुपर्ने कारणमा विगतका समयमा पाठ्यक्रमले राखेको उद्देश्य अनुसारका पाठ्यपुस्तकमा प्राज्ञिक विशेषता समेट्न सकेको थिएन सोही हुँदा २०७६ को पाठ्यक्रम प्रारूपका आधारमा नयाँ २०८० सालमा कार्यन्वयनमा ल्याइएको पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कन गरिएको छ ।



पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप पाठ्यपुस्तकको आन्तरिक विशेषताहरूको मूल्याङ्कन गर्नका लागि अवधारणात्मक ढाँचाले मार्ग प्रदान गर्न सहज हुने भएकोले सम्बन्धित शीर्षकका आधारमा माथिको ढाँचा प्रस्तुत गरिएको छ ।

# अध्याय : तीन

# अध्ययन विधि तथा प्रक्रिया

यस अध्यायमा अनुसन्धानका उद्देश्यहरू पूरा गर्नका लागि गरिएको खोजीको प्रक्रिया उल्लेख गरिएको छ । यसमा अनुसन्धान ढाँचा, जनसंख्या नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोत साधन तथ्याङ्क सङ्कलनका प्रक्रिया र तथ्याङ्कको विश्लेषण विषय राखिएको छ ।

## अनुसन्धान ढाँचा

अध्ययन कार्य विभिन्न ढाँचा अनुसार गर्ने गरिन्छ । जसमा परिमाणात्मक, गुणात्मक र मिश्रित ढाँचा पर्दछन् । अध्ययनका विषयवस्तु अनुसार फरक फरक ढाँचाहरूको प्रयोग गरिन्छ । परिमाणात्मक ढाँचाबाट संख्यात्मक तथ्याङ्क सङ्कलन गरिन्छ भने गुणात्मक ढाँचाबाट शाब्दिक सूचना जानकारी सङ्कलन गरिन्छ । त्यस्तै मिश्रित ढाँचामा भनी संख्यात्मक र शाब्दिक दुबै प्रकृतिका तथ्य सङ्कलन हुने गर्दछ । प्रस्तुत अनुसन्धानमा भनी गुणात्मक ढाँचाको प्रयोग गरी शाब्दिक तथ्य सङ्कलन गरिएको छ ।

## जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्यमा विभिन्न तहका नेपाली पाठ्यपुस्तकहरू अध्ययनको जनसङ्ख्याका रूपमा रहेका छन् ।अनुसन्धानको लागि सम्पूर्ण पाठ्यपुस्तकहरूलाई लिन असम्भव भएकाले त्यसबाट छनोट गरिएको नमुनाको रूपमा कक्षा आठको नेपाली पाठ्यपुस्तकलाई लिइएको छ । तथ्य सङकलनका लागि काठ्माडौं जिल्लाका विद्यालयमध्ये छनोट गरिएका ६ वटा विद्यालयका १० जना नेपाली विषय शिक्षकहरूलाई छनोट गरी अन्तर्वार्ता लिइएको छ ।

## उपकरण निर्माण

शोधअध्ययन गर्नु पूर्व उपकरण निर्माण गर्नु अति आवश्यक छ । उपकरण निर्माण बिना अध्ययन प्रभावकारी र सार्थक हुन सक्दैन । यस शोधकार्यमा सम्बन्धित भाषा पाठ्यपुस्तकका विषय शिक्षकहरूलाई प्रश्नावली निर्माण गरी अन्तर्वार्ताद्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको मूल्याङ्कनलाई पाठ्यपुस्तकमा समाविष्ट

विषयवस्तु, विधाक्रम क्षेत्र, शब्दभण्डार, अभ्यास, भाषिक संरचना,चित्र र निर्देशन प्रस्तुतिले के कस्तो उपयुक्त उपलब्धि प्राप्त गर्न सकियो कि सकिएन भनी प्रश्न गरी विचार सङ्कलन गरिएको छ ।

## अध्ययनको स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कनका लागि सम्बन्धित कक्षा आठको नेपाली पाठ्यपुस्तकका विषय शिक्षकहरूबाट प्रश्नावली प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । द्वितीयक स्रोतको माध्यमबाट सामग्री सङ्कलनका लागि सम्बन्धित कक्षा आठको नेपाली पाठ्यपुस्तक, विभिन्न तहका पाठ्यपुस्तक, शोधपत्रहरू, प्रतिवेदन, पाठ्यक्रम संरचनाका अध्ययनबाट तथ्य सङ्कलन गरिएको छ साथै शोधनिर्देशक र भाषा शिक्षकका राय सुझावलाई लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका विधि

शोधपत्रमा सामग्री सङ्कलनका लागि क्षेत्रीय र पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ साथै विषय शिक्षकहरूलाई प्रश्नावली तयार पारी सम्बन्धित विषयवारे अन्तर्वार्ता लिइएको छ ।

## तथ्याङ्क सङ्कलनको विश्लेषण

तथ्याङ्कको विश्लेषणका लागि आवश्यकअनुसार परिमाणात्मक रूपमा विश्लेषण गरिएको छ भने महत्त्वपूर्ण रूपमा गुणात्मक स्वरूपले वर्णनात्मक र विश्लेषणात्मक ढङ्गबाट व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण

## पाठ्यक्रम

पाठ्यक्रम शब्द अङ्ग्रेजी Curriculum को नेपाली रूप हो । Curriculum शब्द ल्याटिन भाषाको Currere बाट विकसित भएको हो । Currere को शाब्दिक अर्थ 'दौडको मैदान' हुन्छ । यसलाई 'धावन मार्ग' पनि भन्ने गरिन्छ । पाठ्यक्रम एउटा शैक्षणिक साधन हो जसमा सम्पूर्ण ज्ञान र अनुभवको सार अटाएको हुन्छ (पौडेल र खतिवडा, २०६५ पृ. ३) । पाठ्यक्रम विकास गर्दा सिकाइ अनुभवहरूको सङ्गठन सरल देखि जटिल र पूर्णबाट अंशको सिद्धान्तलाई अवलम्बन गरिनु पर्दछ, पाठ्यक्रम सिकाइको एक विस्तृत योजना हो (टावा, १९६२) । पाठ्यक्रम विकास गर्दा उद्देश्य, विषयवस्तु छनोट, विधि र मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुपर्दछ (टाइलर १९४९) । पाठ्यक्रम एउटा सिङ्गो शैक्षिक कार्यक्रमको गुरुयोजना हो (पोखरेल,२०६९, पृ. २८) ।

पौडेल र खतिवडा (२०६५ पृ.३) द्वारा लिखित भाषा पाठ्यक्रममा भाषिक सिप वा कुशलताहरू प्राप्तिको उद्देश्य राखेर निर्माण गरिने त्यस्तो भाषा विषयक सङ्गठित योजना हो जुन भाषाशिक्षण वा भाषा सिकाइ अन्तर्गत सम्पूर्ण पक्षसँग सम्बन्धित हुनुका साथै व्यवस्थित, कार्यक्रमिक र नियोजित समेत हुने गर्दछ ।

## पाठ्यपुस्तक

पाठ्यक्रमद्वारा निर्दिष्ट लक्ष्य तथा उद्देश्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ कार्यकलापमा सहयोग गर्ने प्रभुत्व साधननै पाठ्यपुस्तक हो (पौडेल, खतिवडा, २०६५ पृ:९२) पाठ्यपुस्तक भन्नाले पाठ्यक्रमले निर्दिष्ट गरिएका विषयवस्तुहरूको सूचीको आधारमा लेखिएको पुस्तक हो । (पोखरेल, २०६९, पृ. ११)

## उद्देश्य

कुनै पनि पाठ, एकाइ तह पार गरिसकेपछि प्राप्त हुने शैक्षिक उपलब्धिहरूलाई पाठ्यक्रमको उद्देश्य भनिन्छ (पोखरेल, २०६९ पृ. २७) । पाठ्यक्रमले राखेको उद्देश्य अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययनमा प्राप्त भएको छ । पाठ्यपुस्तकमा समेटिएका विषयवस्तु (पाठ्यवस्तु), सिकाइ अनुभव, प्रक्रिया र मूल्याङ्कन जस्ता पक्षको

आधारमा विद्यार्थीहरूले आफ्नो रुचि, स्तर, क्षमता विकास गर्न सक्ने सक्षमता राखिएको छ । पाठ्यक्रमको उद्देश्य भनेको विद्यार्थी केन्द्रित, विद्यार्थीको संज्ञानात्मक, मनोक्रियात्मक र प्रभावी क्षेत्रलाई समेट्नु हो । सोही आधारमा पाठ्यपुस्तकको उद्देश्य पनि समाविष्ट भई सिकारु केन्द्रित विषयवस्तु, भाषा, अभ्यास, मूल्याङ्कन गरिनुपर्छ । यसरी हेर्दा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समेटिएका विषयवस्तुहरूले पाठ्यक्रमको उद्देश्यलाई छोएर बनेको देखिन्छ । जस्तै; पाठ १ को सहिदका सम्झना कवितामा विद्यार्थीलाई नै एकताको भावना विकास गराउने खालको कविता राखिएको छ । यसको अध्ययन पश्चात सिकारुले कविताको लयवाचन गर्न, कविता रचना गर्न, शब्दभण्डार क्षमताको विकास गर्न, भाषिक सिपको विकास, भाषिक संरचनाको विकास गर्न, प्रश्ननिर्माण गर्न, कविताको मूलभाव लेखन आदि जस्ता सामान्य तथा विशिष्ट उद्देश्य पुरा गर्न सक्षम हुने गरी पाठ्यपुस्तकमा यस्तै उद्देश्य समेटिएर प्रत्येक पाठको अन्त्यमा, शैक्षिक कार्यक्रमको अन्त्यमा प्राप्त गर्न सक्ने गरी पाठ्यपुस्तक बनेको छ (कक्षा ८ नेपाली ,२०८० पृ. ८,१०) ।

स्थानीय क्षेत्रका विषयवस्तुको खोजबाट व्यावहारिक सिप गराई दीर्घकालीन धारणा बसाल्न, समिक्षात्मक ढङ्गले लेखन शैलीको विकास गर्न, तहगत समन्वयनका रूपमा र थप विषयवस्तु दिएर समालोचनात्मक र व्यवहार मूलक सिप, क्षमता तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले पाठ्यपुस्तक बनेको छ । प्राज्ञिक विशेषतालाई पनि जोड दिई शिक्षा र विद्यार्थी केन्द्रित उपयुक्त विषयवस्तुहरू राखी शब्दभण्डार, अभ्यास, चित्र, निर्देशन र भाषासंरचना वर्णविन्यासको सिकाइबाट भाषिक सिपको विकास गर्ने उद्देश्यले बन्नु यसको राम्रो पक्ष हो ।

**विषयवस्तु**

उद्देश्य हासिल गर्नका लागि सिक्नुपर्ने ज्ञान, सीप र धारणालाई विकास गर्न छनोट गरिएका विषयहरूको क्रमबद्ध सङ्गठन नै विषयवस्तु हो (पोखरेल, २०६९, पृ. २९) । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको विषयवस्तु व्यवस्थित रूपमा क्रमबद्धले समेटिएको हुनुपर्छ । पाठ्यपुस्तकमा धार्मिक, राजनीतिक, आध्यात्मिक वैज्ञानिक आदि भिन्न विषयवस्तु समेटिएको हुनुपर्छ साथै रुचिपूर्ण र उपलब्धिपूर्ण हुनुपर्छ (भट्टराई, २०७९, पृ. ३५) । पाठ्यक्रमको सिद्धान्त अनुसार देशभक्ति सामाजिक प्रकृतिपरक, ऐतिहासिक, बालमनोवैज्ञानिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय जगतका विषयवस्तु समेटिनुपर्ने रहेको छ । पाठ्यक्रम अनुरूप कक्षा आठको पाठ्यपुस्तकमा हेर्दा पाठ १ मा देशभक्ति सम्बन्धी

विषयवस्तु, पाठ २ मा ऐतिहासिक, पाठ ३ मा राष्ट्रिय प्रतिष्ठित व्यक्तिका जीवनी गाथा, पाठ ४ मा व्यावसायिक सामाजिक, विषयवस्तु दिइएको छ । पाठ ५ मा नागरिक हक अधिकारको सदुपयोगका विषयवस्तु, पाठ ६ मा सामाजिक साँस्कृतिक, पाठ ७ मा प्राकृतिक, पाठ ८ मा देशभक्ति, पाठ ९ व्यावसायिक, पाठ १० भावनात्मक पाठ ११ मनोवैज्ञानिक, पाठ १२ अन्तर्राष्ट्रिय महान् व्यक्तिको जीवनी गाथा, पाठ १३ मा प्राकृतिक विषयवस्तु दिइएको छ । पाठ १४ मा शैक्षिक, पाठ १५ भौगोलिक ,पाठ १६ प्राकृतिक विपत्तिको प्रभाव, पाठ १७ सामाजिक तथा आध्यात्मिक लौकिक विषयवस्तु र पाठ १८ मा समग्र पाठको सुनाइ सिप विकासका लागि सारांश प्रस्तुत गरिएको छ । विषयगत विविधता पाइन्छ ।

समग्रमा भन्नुपर्दा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा समेटिएका विषयवस्तु विद्यार्थीको स्तर, उमेर र रुचि अनुकूल नै रहेको छ । भाषिक सिप विकास गराउने गरी समेटिएको देखिन्छ । सरल देखि जटिलका क्रममा विषयवस्तु उल्लेख गरिएको छ । आर्थिक पक्षको अभाव सम्बोधित विषय प्रसङ्ग राखिएको छ (अमर पुत्र र एकजोर जुत्ता, पृ. ६९,१२०) ।

## शिक्षण प्रक्रिया

पाठ्यपुस्तकमा अन्तर्निहित हरेक पाठको बेग्लाबेग्लै महत्त्व हुन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार पाठ्यपुस्तकमा शिक्षण प्रक्रिया सम्बन्धी निर्देशन दिएको हुनुपर्छ । पाठ्यपुस्तकको प्रयोग गर्ने शिक्षक, विद्यार्थी र अभिभावक तिनै पक्षलाई उपयुक्त निर्देशन दिएको हुनुपर्छ (भट्टराई, २०७९, पृ. ३५) । पाठ्यक्रमले तोकिएको विषयवस्तुलाई उद्देश्य अनुरूपका उपलब्धि प्राप्तिका लागि अपनाइने विधिलाई शिक्षण प्रक्रिया भनिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तुको सिकाइलाई छलफल, प्रश्नोत्तर, संवाद, वादविवाद व्याख्या विश्लेषण, वर्णनात्मक, अभिनयात्मक तथा भाषिक अभिव्यक्ति यी कुन प्रक्रियाबाट शिक्षण गराउने हो सोही आधारमा प्रस्टसँग निर्देशन दिइएको हुनुपर्छ ।

पाठ्यक्रमको सिद्धान्त अनुसार पाठ्यवस्तुको शिक्षण प्रक्रियालाई पाठअनुसार अपनाउनुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तुको शिक्षणका लागि शिक्षक र विद्यार्थीले गर्नुपर्ने कार्यको स्पष्ट निर्देशन गरिएको छ । पाठ १ को कविता शिक्षणका लागि श्रवण, अभिव्यक्ति र अन्तरक्रिया साथै छलफल र प्रश्नोत्तर विधिको प्रयोग गर्नुपर्ने कुरा स्पष्ट निर्देशन गरिएको छ । पाठ २ मा कथा रहेको हुँदा छलफल र प्रश्नोत्तर

विधि अपनाउन सकिने, पाठ ३ मा पनि छलफल र प्रश्नोत्तर गर्न सकिने यसरी पाठ १ देखि पाठ १७ सम्मका विषयवस्तुको शिक्षणका लागि समान रूपले छलफल र प्रश्नोत्तर प्रक्रिया प्राथमिक रूपमा राख्न सकिने रहेको छ । विधागत पाठ्यवस्तुको आधारमा भनी कविता विधालाई सस्वरपठन, मौनपठन, लयवाचन, भाववाचन गर्न सकिने, कथा विधामा व्याख्यात्मक, वर्णनात्मक प्रक्रिया अपनाउन सकिने रहेको देखिन्छ । जीवनी विधामा व्याख्यात्मक प्रवचन विधि प्रयोग गर्न सकिने, निबन्धमा वर्णनात्मक, विश्लेषणात्मक प्रक्रिया अपनाउन सकिने देखिएको छ । रूपक विधामा अभिनयात्मक प्रक्रिया, चिठी विधामा छलफल, प्रश्नोत्तर, वर्णनात्मक विधि, मनोवाद शिक्षणमा वर्णनात्मक र व्याख्यात्मक, दैनिकीमा वर्णनात्मक विधि प्रक्रियाको निर्देशन अपनाउन सकिने रहेको छ । पाठ्यपुस्तकमा शिक्षकले गर्ने र विद्यार्थीले गर्ने कार्यलाई पाठअनुरूप उपयुक्त निर्देशन समेटी तयार भएको छ ।

समग्रमा, प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू गराउन सकिने कुरा उल्लेख गरिएको छ । भाषिक सिप विकासका लागि सामग्री बनाउनुपर्ने देखिन्छ । सबै पाठको सिकाइका लागि श्रुतिबोध, शुद्ध उच्चारण, भाषिक संरचना र वर्णविन्यास, मौखिक, लिखित अभिव्यक्ति, शब्दभण्डार आदिको उपयोग गर्न निर्देश गरिएको छ । नयाँ पाठ्यपुस्तक भएकाले दक्ष र पाठ्यपुस्तकको प्रवोधीकरण शिक्षकले गरेको छैन भने पहिलो पटक कठिनाइ हुन सक्छ नयाँ तरिका अपनाउन यदि पुरा जानकारी भएको छ भने कुनै समस्या हुँदैन ।

**विधाको क्षेत्र, क्रम**

पाठ्यक्रमले कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी, नाटक, एकाङ्की, संवाद, दैनिकी जस्ता विधा उपविधाहरू निर्दिष्ट गरेको पाइन्छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा विधा उपविधाको प्रयोग अवस्थाको विश्लेषण गर्न सकिन्छ (भट्टराई, २०७९, पृ. ३४) । पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकलाई विधाको क्रम क्षेत्रलाई हेर्दा विधागत विविधताका आधारमा पाउन सकिन्छ ।

विधाको क्षेत्र भन्नाले पाठ्यक्रमले तोकेको आधारमा पाठ्यपुस्तकमा समेटिएका विषयवस्तुको फैलावट हो । पाठ्यपुस्तकमा समेटिनुपर्ने विषयवस्तु धेरै छन् सबैलाई समेट्न सकिदैन । यसले गर्दा छनोटमा परेका विषयवस्तुलाई समावेश गर्नुपर्छ । विधाको क्रम

भन्नाले विषयवस्तुको कठिनाइस्तर, विद्यार्थी र शिक्षकलाई सिक्न सिकाउन सहज हुनेगरी सिकाइ अनुभवका आधारमा मिलाएर राख्नु हो (पोखरेल, २०७०, पृ. ५४) ।

पाठ्यपुस्तकमा समेटिएका विधाहरूको प्रस्तुीतकरण सरलबाट जटिल, पूर्णबाट अंश, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त चिन्तन सामान्यबाट विशिष्ट तर्फ, प्रत्यक्ष अनुभवबाट अप्रत्यक्ष अनुभवलाई जोड दिएर बनाइएको छ । यस पक्षलाई सकरात्मक मान्नुपर्छ । पाठ १ को कविता विधाबाट सुरुवात गर्दै कथामा अन्त्य गरिएको छ जुन सरल जटिलको क्रम हो । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको फैलावट विविध विधागत विषयवस्तु समेटिएको छ जसमा सामाजिक ऐतिहासिक, लौकिक, बालमनोवैज्ञानिक कथा, देशभक्ति, प्रकृतिपरक र सामाजिक कविता, जीवनी राष्ट्रिय र अन्तराष्ट्रिय प्रेरक व्यक्तित्वका जीवनी गाथा, वाणिज्य सम्बन्धी प्रबन्ध, मनोवादमा हजुरआमाको जन्मोत्सव, संवादमा पदयात्रा (सगरमाथा) दैनिकीमा शैक्षिक भ्रमणको चर्चा, यात्रा वर्णनमा गुम्बाको सौन्दर्यको चर्चा आदि विधागत विषयवस्तु समेटिएको छ । भाषिक सिप विकासका लागि विभिन्न विषयवस्तुको आधारमा सुनाइ र बोलाइ एकै ठाउँमा पढाइ र लेखाइ अलग गरी सिकाइ गराउनु पर्ने गरी सिद्धान्त अनुरूप नै कक्षा आठको नेपाली पाठ्यपुस्तक बनेको छ । विधागत क्रमको अवलोकन गर्दा सरल जटिलको क्रम, ज्ञातबाट अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष अनुभवका आधारमा विषयवस्तुको क्रम पनि मिलाएको छ । गिती कविता, ऐतिहासिक कथा, चिठी, निबन्ध, कथा क्रमशः सरलबाट कठिनको क्रममा विषयवस्तु राखिएको उत्तम नै मान्नुपर्छ ।

**शब्दभण्डार**

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार शब्दभण्डारको विकास गर्ने अवसर दिइएको छ कि छैन भनी हेर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तकमा पञ्चमिमांशका सिद्धान्त प्रकृतिका शब्दहरू राखिनु उपयुक्त हुन्छ । पाठ्यपुस्तकमा समेटिने शब्दहरू विद्यार्थीले जानेका शब्दहरू नवीन जटिल शब्द प्रयोग गरिएको हुनुपर्छ (भट्टराई, २०७९, पृ.३३) । पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकमा विद्यार्थीको शब्दसँग सम्बन्धित दैनिकी प्रयोगमा आउने पहिचानात्मक शब्द र उत्पादानात्मक शब्दभण्डार राखिएको छ । जस्तै; मिर्मिरे सपुत, भेरी, फाँसी, मातृभूमि, चरण, वाणिज्य, सैनिक, सेना, पाटी, सुनसान, जुन निर्वाह आदि । सामाजिक साँस्कृतिक मूल्यमान्यता, राजनीतिलाई ख्याल गरी शब्दहरू समेटि शब्दार्थ प्रस्तुत गरेको छ । विकल्पका

शब्दहरू पनि राखिएको छ । जस्तै पाठ २ साकार सपनामा सैनिक, तैनाथ, सेना, गोर्खाली जस्ता शब्दले एक नभए अर्कोले भनाइको अर्थ स्पष्ट पार्ने गरी विषयवस्तु प्रयोग भएको छ जसबाट विद्यार्थीको शब्दभण्डार क्षमताको विकास हुन्छ । प्रत्येक पाठको पृष्ठको अन्त्यमा शब्दार्थ दिइएको छ । विद्यार्थीको शब्दभण्डार क्षमताको विकासका लागि अभ्यास खण्डमा पाठको अध्ययनपछि कठिन शब्दको अर्थ लेख्न सक्ने गरी अर्थ लेखनको निर्देश, शब्दको पहिचान निर्देश, वाक्यमा प्रयोग निर्देश गरी शब्दहरू दिइएको छ । पाठ १ सहिदहरूको सम्झना कविताबाट लयात्मक शब्दहरूको खोजी गरी अर्थ लेख्न भनिएको छ । जस्तै; वीर, पहरा, रातोपन, लालिमा, पृथ्वी, जमिन आदि । पाठ २ साकार सपना कथाबाट पर्यायवाची शब्द पढी छलफल गरी अर्थ प्रयोग गर्न निर्देश गरिएको छ । जस्तै; सैनिक-सेना, स्वप्न-सपना, लाल- रातोपन पाठ ३ मा विपरीतार्थी शब्दको पहिचान र प्रयोग गरिएको छ । पाठ ४ मा समूहवाची शब्दभण्डार, श्रुतिसमभिन्नार्थ शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देश गरिएको छ (तिर-तीर, जुन-जून)। पाठ ५ मा समावेशक समावेश्य शब्दका छलफल गर्ने निर्देश गरिएको छ (अन्न-चामल, दाल, मकै, कोदो) (तरकारी-साग, सिमी, बोडी)आदि ।

अनुकरणात्मक शब्द जोडा मिलान कपाकप- खानु, ट्वाल्ल-हेर्नु अनुकरणात्मक शब्द बाट अनुच्छेद लेखन, अनेकार्थी शब्दको छलफल, अर्थ, वाक्यमा प्रयोग गर्न निर्देश, लघुतावाची शब्दको प्रस्तुति व्यावहारिक जीवनमा प्रयोग हुने शब्दहरू समेटिएको छ । जस्तैः चिम्टी, चोइटो, ठेकी । पारिभाषिक शब्द पाठसँग मिल्ने विनिमय, मुद्रा, अर्थतन्त्र, यार्सागुम्बा शब्दहरू समेटिएका छन् । आगन्तुक, मौलिक शब्दको ज्ञान दिन पाठमा समावेश गरी विद्यार्थीलाई नै सहज रूपमा पहिचान गरी लेख्न पढ्न सक्ने गरी शब्दहरू राखिएको छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा राखिएका शब्दहरू ज्यादै कठिन पनि छैन सामान्य छन् । जुन शब्दका आवृत्तिले सरल बनाउने गरी शब्दहरू राखिएको हुँदा उचित रहेको छ । शब्दभण्डार विकासका लागि पाठ्यक्रम अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रत्येक पाठबाट शब्दको अर्थ दिइएका छन् । पाठअनुसार हरेक शब्दवर्गहरू पारिभाषिक, अनेकार्थी श्रुतिसमभिन्नार्थ, लघुतावाची, अनुकरणात्मक शब्द, तत्सम, तद्भव र आगन्तुक शब्द, समस्त शब्द, समावेशी, समावेश्य शब्द, आदि हरेक क्षेत्रका शब्दहरू समेटिएका छन् । पाठसम्बन्धित विषयवस्तुको आधारमा शब्दभण्डारको ज्ञान सिप प्रदान गरी वाक्यनिर्माण गर्न भाषाशैलीगत शुद्ध बोल्न र व्यक्त गरी लेख्न सक्नेगरी सक्षम बनाउने उद्देश्यले शब्दभण्डार राखिएका छन् । अभ्यास खण्डमा कतै कतै दिइएका अलि विद्यार्थीहरूलाई कठिन लाग्न सक्ने

तर आवश्यक ज्ञानको खोजी गर्ने शब्द राखी शब्दकोश प्रयोग गरी सिक्न सक्ने खालका प्रश्नहरू पनि राखिएको छ (शैक्षिक भ्रमण, पृ. १६३) । पाठभित्रैबाट शब्द खोजी लेख्ने प्रश्न ( ब, व, ओ, पृ. ५७) छन् ।

विद्यार्थीहरूको स्तर, क्षमता र रुचिलाई ख्याल गर्दै आवश्यक ज्ञानका लागि पाठ्यक्रम अनुरूप र प्राज्ञिक विशेषताका आधारमा उपयुक्त उद्देश्य अनुसार शब्द समेटी राखिएको छ । जुन उपयोगी नै रहेको छ । यस कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक विद्यार्थीहरूका लागि सन्दर्भयुक्त छ ।

**मूल्याङ्कन**

छनोट गरिएका विषयवस्तु र सिकाइ अनुभवको प्राप्तिका लागि उद्देश्य अनुरूप पुरा भयो कि भएन भनी लेखाजोखा राख्ने प्रक्रिया नै मूल्याङ्कन हो (पोखरेल, २०६९, पृ.५७) । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा सीपमूलक मूल्याङ्कनलाई उच्च प्राथमिकता दिइएको हुनुपर्छ । समुचित रूपमा मूल्याङ्कनको व्यवस्था गरिएको हुनुपर्छ (भट्टराई, २०७९, पृ. ३५) । पाठ्यक्रमले राखेका उद्देश्यअनुसार पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तु, शिक्षण सिकाइ कार्यकलाप, पाठ्यवस्तु अनुरूप निर्देश गरिएका शिक्षण विधिको प्रयोग, सिकारुका ज्ञान, सिपका उपलब्धि लगायत शिक्षकलाई नयाँ पाठ्यपुस्तकको कार्यान्वयन पक्षमा सहज बनायो कि बनाएन भनी यी सम्पूर्ण पक्षको जानकारीका लागि मूल्याङ्कनका आधार पहिले नै निर्माण गरिनुपर्छ । जसबाट पाठ्यक्रमले निर्धारण गरिएका उद्देश्यहरू के कति प्राप्त भए वा भएनन् ? कार्यक्रमहरू कत्तिको प्रभावकारी भए त्यसका सबल र दुर्बल पक्षहरू के-के देखा परे ? भन्ने कुराहरू पत्ता लगाइ पाठ्यपुस्तकका सुधार गर्नुपर्ने वा नपर्ने पक्षहरूको लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ (भट्टराई र.जि.सी., २०७९, पृ. ६२) । शिक्षामा शब्दकोशअनुसार “कुनै पनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो” ( पोखरेल, २०६९, पृ. १३३) ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकका लागि पाठ्यक्रमले पाठ्यघण्टा ५ का दरले वार्षिक कार्यघण्टा १६० राखिएको छ । विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाएर आन्तरिक मूल्याङ्कनबाट निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्ने सिद्धान्त राखिएको छ । आन्तरिक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त कार्यकलाप, एकाइ

परीक्षा, मासिक परीक्षा आदि पर्दछन् । यी सबै आवधिक मूल्याङ्कनका प्रक्रिया हुन् । पूर्णाङ्क निर्धारण गरिएको छ । ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत भार अन्तिम परीक्षाको मूल्याङ्कनबाट निर्धारण गर्नुपर्ने रहेको छ । पाठ्यक्रमले सिकाइका लागि भाषिक सिपसँग सम्बन्धित सुनाइ बोलाइ, पढाइ, लेखाइलाई जोड दिई लयबोध श्रुतिरचना, श्रुतिबोध, चित्रकथा वर्णन, पाठको सुनाइ, वादविवाद, दैनिकी आदिबाट विद्यार्थीको सुनाइ बोलाइ सिपको मूल्याङ्कन गर्नुपर्ने रहेको छ । पढाइ सिप मूल्याङ्कनका लागि सस्वर र मौनपठन, पठनगतिको मापन, शब्दार्थ बोध, बोध प्रश्नोत्तर, प्रश्न उत्पादन, घटना वर्णन र मिलान आदि रहेको छ । लेखाइ सिप मूल्याङ्कनका लागि अनुलेखन, श्रुतिलेखन श्रुतिवर्णन, श्रुतिरचना, वस्तु, घटनाको वर्णन, यात्रावर्णन, बुँदा टिपोट अनुभव वर्णन, प्रबन्ध, निबन्ध रचना, सिर्जनात्मक लेखन, दैनिकी लेखन आदि रहेका छन् ।

पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकमा विद्यार्थीका सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि पाठ्यवस्तु अनुसार मूल्याङ्कनका आधारहरू प्रस्तुत गरिएको छ, जुन अभ्यास खण्ड पनि एक हो । यसबाट सिकारुले पढाइ पश्चात के कति बुझ्यो भनी आँकलनका लागि भाषिक सिप मूल्याङ्कन, भाषिक संरचना र शब्दभण्डारबाट व्याकरणिय पक्षलाई कार्यमूलक व्याकरणका आधारमा सिक्न सकिने स्पष्ट निर्देशन गरिएको छ । पाठ १ सहिदहरूको सम्झना पढाइ पश्चात मूल्याङ्कनका लागि सुनाइ बोलाइ, पढाइ लेखाइसँग सम्बन्धित क्रमशः, लयबाचन, शुद्ध उच्चारण, मौखिक अभिव्यक्ति, कविता श्लोक शब्द सुनी पुर्नर्लेखन, विधाको सन्देश शब्दको लयात्मक पढाइ, लयात्मक शब्द लेखाइ र वाक्यमा प्रयोग गरी मूल्याङ्कन गर्ने गरी आधार निर्देशन दिइएको छ । सिर्जनात्मक र परियोजनात्मक कार्य दिई प्रश्ननिर्माण, कविता रचना, पत्रिकाबाट गीति कविता खोजी सुनाउने खालका प्रश्नहरू दिइएको छ । पाठ २ साकार सपनाबाट शब्दको शुद्ध उच्चारण ,कथा सस्वरवाचन, कथात्मक  प्रश्नको मौखिक उत्तर, घटना वर्णन, बुद्धको चित्र वर्णन, शब्दार्थ लेखन पयार्यवाची शब्दबाट वाक्यनिर्माण, घटनाक्रम मिलान, प्रश्नोत्तर लेखनका अभ्यास दिइएका छन् । कथाको सार लेखन, सारांश, समीक्षात्मक उत्तर लेखन, पर्यायवाची शब्दको पहिचान, कथाको मौन पठन, विशेषण पद टिपोट गरी वाक्यमा प्रयोग गर्न निर्देश दिइएको छ,। प्रेरणार्थक र नाम धातुको पहिचान र वाक्यनिर्माण, समापक र असमापक क्रिया, दीर्घ इकार शब्द लेखी वाक्यमा प्रयोग गर्न निर्देश दिइएको छ । कथा रचना, बुँदा टिपोट जस्ता निर्देशबाट प्रत्येक पाठको अन्त्यमा मूल्याङ्कनका लागि उपयुक्त आधार दिइएको छ ।

पाठ्यक्रम अनुरूपनै कक्षा आठको नेपाली पाठ्यपुस्तकले निर्धारण गरिएको मूल्याङ्कनका प्रक्रियाहरू पाठअनुसार उद्देश्य पुरा हुने गरी निर्माण गरिएको छ । नयाँ पाठ्यपुस्तक भएको कारणले शतप्रतिशत नतिजा आउन कठिन होला तर उपयुक्त रूपमा सिकारु अनुकूल पाठ्यपुस्तक बनेको छ । पाठ १ देखि पाठ १७ सम्मका पाठको पढाइको अन्त्यबाट मूल्याङ्कनका लागि पाठसँग सम्बन्धित गराइ भाषिक सिपको मूल्याङ्कनका लागि सुनाइ बोलाइ एकै ठाउँमा र पढाइ, लेखाइ अलग अलग गरिएको छ । पाठअनुसार नै सस्वर पठन, मौनपठन, प्रश्नोत्तर, भाव विस्तार, विषयगत सार, सारांश दिनु, जीवनी रचना विषयगत विधागत रचना, बुँदा टिपोट भाषिक संरचना र वर्णविन्यासबाट व्याकरणिय कोटिको सिकाइ कार्यमूलक व्याकरणका आधारमा सिकाइ गरी मूल्याङ्कन गर्न सकिने व्यवस्था गरिएको हुँदा उपयुक्त रहेको पाइन्छ ।

# अध्याय : पाँच

# पाठ्यपुस्तकका प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन

पाठ्यपुस्तक भनेको पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पुरा गर्न तयार पारिएको सामग्री हो । "विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो" (बृहत् नेपाली शब्दकोश, २०५०) । प्राज्ञिक विशेषता भन्नाले शाब्दिक अर्थमा आन्तरिक वा केन्द्रीय गुण हो । महत्त्वपूर्ण गुण नै प्राज्ञिक हो । भाषा पाठ्यापुस्तकमा प्राज्ञिक विशेषता भन्नाले भाषा पाठ्यपुस्तकका भित्री विशेषतालाई भनिन्छ (भट्टराई, २०७९, पृ.३१) ।

पाठ्यपुस्तकका मूलयाङ्कनका आधारहरू विभिन्न हुन सक्छन् तर सामान्यतया बाह्य र आन्तरिक आधार नै मुख्य रहेका छन् (लम्साल र अन्य, २०६९, पृ. १०७) । भाषा पाठ्यपुस्तक वा पाठ्यपुस्तकमा के कस्ता विशेष गुण, तत्त्वहरू समाविष्ट भएका छन् भनी खोजी कार्य गर्नु आन्तरिक पक्ष अन्तर्गत पर्दछ । पाठ्यपुस्तकको बाह्य पक्ष भन्दा आन्तरिक आधारले बढी प्रभाव पार्दछ । आन्तरिक आधार महत्त्वपूर्ण हुन्छ किनकि आन्तरिक आधारमा राखिएका पाठहरूको शैली प्रस्तुतीकरण, शब्दरचना, वाक्यतत्व, पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष हो (लम्साल र अन्य, २०६९, पृ. १०९) । पाठ्यपुस्तकका प्राज्ञिक विशेषता अन्तर्गत विषयवस्तु (पाठ्यवस्तु),विधा, शब्दभण्डार, चित्र, भाषा संरचना, अभ्यास र निर्देशन रहेका छन् ।

## पाठ्यवस्तु

विषयवस्तु तथा पाठ्यवस्तु प्राज्ञिक विशेषताको मुख्य पक्ष हो  यसको माध्यमबाट नै सिकारुका भाषिक सिप लगायत विविध सिप विकास गराउँदछ । पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको पहिलो चरण नै पाठ्यवस्तु र विषयवस्तुलाई लिइन्छ । भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तु र विषयवस्तु विविधतापूर्ण हुनुपर्छ । साहित्य, ज्ञान, विज्ञान, इतिहास, भूगोल, अर्थशास्त्र, वाणिज्य, राजनीतिशास्त्र आदि विषयहरूबाट विषयवस्तु लिइएको हुनुपर्छ । विषयवस्तुगत  विविधताले नै भाषा पाठ्यपुस्तकलाई रुचिपूर्ण, सारपूर्ण र ज्ञानपूर्ण बनाउँछ । उच्चारण, सस्वरवाचन, शब्दार्थ, वाक्यप्रयोग, भावार्थ, व्याख्या, अनुच्छेद लेखन, निबन्ध लेखन आदि पाठ्यवस्तु हुन् (भट्टराई, २०७९, पृ.३१) ।

पाठ्यपुस्तकमा समेटिएका विषयवस्तु सिकारुको क्षमता वृद्धि गर्ने, नैतिक र चारित्रिक विकास गर्ने, राष्ट्रको समाजको सामाजिक, संस्कृतिक तथा भौगोलिकतालाई समेटेर सिकाइप्रति रुचि जागउने खालको हुनुपर्छ (लम्साल र अन्य, २०६९, पृ.१०९) । पाठ्यपुस्तकहरूमा सिकारुको शारिरीक, मानसिक एवम् वौद्धिक पक्षअनुकूलका विषयवस्तु राखिनु पर्दछ (लम्साल र अन्य, २०६७, पृ.७३) ।

पाठ्यवस्तु तयार गरिने पहिलो आधार नै विषयवस्तु हो । पाठ्यवस्तु पाठ्यक्रमले निर्देश गरे अनुरूप विविध स्रोतबाट समेटिनु पर्छ । विषयवस्तुको क्रमिकता तहगत सरल देखि जटिलताका आधारमा मिलेको र व्यावहारिकरूपमा प्रयोग गर्न सकिने गरी समेटिएको हुनुपर्छ (तिमल्सेना, २०६४, पृ.१८) । प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन यस अध्याय खण्डमा गरिएको छ ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले नै तोकेको विषयवस्तु अनुरूप पाठ्यवस्तु समेटिएको छ । यस पाठ्यपुस्तकमा जम्मा १८ वटा पाठहरूमा १७ पाठ सम्म अध्यापन पाठ रहेका छन् । अन्तिम पाठ १८ मा भनी सुनाइ पाठ राखी सम्पूर्ण पाठको सार प्रस्तुत गरिएको छ । जम्मा पृष्ठ सङ्ख्या २१४ रहेका छन् । कुनै कुनै पाठ्यपुस्तकमा २०१ सम्म पृष्ठ सङ्ख्या राखिएको छ जुन् सुनाइ पाठ खण्डमा नराखिएका पाठ्यपुस्तकमा मात्र यस्तो अवस्था देखिन्छ । पढ्नुपर्ने पाठहरू भने पूर्णनै राखिएको छ । यसमा कविता ३ वटा, कथा ४ वटा रहेका छन् । घिमिरेका अनुसार २०७२ सालमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा ६ वटा कथा राखिएको थियो (घिमिरे, २०७३,पृ.१७) । नयाँ २०८० को पाठ्यपुस्तकमा २०७६ को पाठ्यक्रम प्रारूपका आधारमा यस कथा विधाको सङ्ख्या ४ रहेका छन् । जीवनी २ वटा, चिठी, दैनिकी, निबन्ध, प्रबन्ध, संवाद, मनोवाद र यात्रा वर्णन् क्रमश सबैमा १-१ वटा सङ्ख्यामा राखिएका छन् । देशभक्तिमा समर्पित कविता ‘सहिदहरूको सम्झना’ मा सहिदहरूले दिइएको योगदानलाई सम्झी आफ्नो मातृभूमिप्रति गर्नुपर्ने कर्तव्यलाई जोड दिन प्रेरित गर्ने गीति तथा भ्याउरे लोकगीत प्रस्तुत गरिएको छ । ‘फर्क आफ्नै देश’ सामाजिक विषयवस्तुमा आधारित कविता हो तर यसलाई राष्ट्रिय कविता पनि भन्न सकिन्छ किनभने वर्तमान समयमा प्रत्येक घरबाट विदेशिनेको सङ्ख्या बढ्दो नै रहेकोले एउटा संस्कार नै बन्न पुगेको देखिन्छ । विदेशिएका नागरिकलाई आफ्नै राष्ट्रमा फर्की बिग्रिएको देश बनाउन प्रेरित गर्ने सन्देश कविता रहेको छ । ‘प्यारो प्रकृति’

प्रकृतिपरक कविता भएकोले प्रकृति र मानवको सम्बन्धलाई प्रस्तुत गर्दै मानिसको सुन्दर जीवनको देन नै प्रकृतिको हो भन्ने कुरा प्रस्तुत गरेको छ । कविता विधासँग सम्बन्धित लयवाचन, शव्दको पहिचान र लेखन, संरचना पहिचान, बोध प्रश्नोत्तर, धारणा निर्माण, छलफल र प्रश्नोत्तर, प्रश्न निर्माण, कविता रचना, भाव विस्तार मूलभाव, श्रुतिलेखन (अभ्यास पाँच), अभ्यास नं.८ गद्यमा रूपान्तरण, नाम शब्दको पहिचान र प्रयोग, सर्वनामपदको पहिचान र प्रयोग, नाम र सर्वनाम पदको सङ्गति, वर्णविन्यासको पहिचान र प्रयोग, ह्रस्व इकार शब्दको प्रयोग सुरु, बिच र अन्तिमका आधारमा टिपोट व्याख्या, स्वतन्त्र रचना, कारकको पहिचान र प्रयोग, विभक्ति पहिचान र प्रयोग, लयबोध र ढाँचा पहिचान, भाववोध र विस्तार, करण, अकरण, प्रेरणार्थक र अप्रेरणार्थक क्रियापदको पहिचान र परिवर्तन, प्रत्ययको पहिचान र प्रयोग आदि प्राज्ञिक विषयवस्तुका अनुरूप पाठ्यवस्तु कविता विधामा समेटिएको छ । जसको माध्यमबाट सिकारुको भाषिक सिप विकासका लगायत अन्य पक्षका पनि सिकाइ हुने देखिन्छ ।

कथा विधा सामाजिक विषयवस्तु अन्तर्गत 'डल्ले खोला' र 'अमर पुत्र' कथा पर्दछन्। बाल मनोवैज्ञानिक कथाका रूपमा 'एकजोर जुत्ता' रहेको छ । ऐतिहासिक कथाका रूपमा 'साकार सपना' रहेको छ । इतिहासका राजा पृथ्वी नारायण शाहाले राज्यलाई शत्रुबाट आफ्नो बौद्धिक क्षमताको प्रयोगले चलाएका गौरव गाथा प्रस्तुत गरी 'साकार सपना' कथा समेटिएको छ । 'डल्ले खोला' कथा एउटा सामाजिक कथा हो जुन वर्तमान समयमा नेता तथा समाजमा कार्य गर्न वडा अध्यक्षका पदमा बस्ने र रकम निकासा गरी समाज बनाउने आश्वासन देखाउने नेताहरूको झोलीलाई व्यङ्ग्य गर्दै जो आएपनि भष्ट्रचारीले समाज जस्ताको तस्तै राख्दछ भन्ने सन्देश दिइएको छ । कथावस्तुमा रनबहादुर र शिवबहादुर भष्ट्रव्यक्ति लगायत हाकिमको कार्य गर्ने शैली प्रस्तुत गरेर सिकारुलाई वर्तमान समाजको वास्तविकता प्रस्तुत गरिएको छ । कागजमा मात्र सीमित नराखी समाज इमान्दारका साथ बनाउनु भन्ने नीतिशिक्षा दिइएको छ । 'अमर पुत्र' कथा पनि सामाजिक विषयवस्तुमानै आधारित छ । प्रस्तुत कथामा एउटा विश्वप्रख्यात कलाकार भाजुलालले भक्त (उपभोक्ता) को अनुरोधमा कृष्णको मूर्ति बनाए तर भाजुलालले बितेको छोरा जुजुलालको हाँसिरहेको मुहार त्यो मूर्तिमा पाउँदा आफ्नो छोरा अमर रहेको हुँदा बेच्न नमानेको कथावस्तु रहेको छ । 'एकजोर जुत्ता' बालमनोविज्ञान कथा हो । गुलाफीको परिवारमा परेको मनोवैज्ञानिक प्रभावले बालबालिकामा इच्छा चाहना तुहिन सक्छन् भन्ने कुरा सामाजिक र आर्थिक

परिवेश देखाउन खोजेको छ । कथा विधाबाट भाषिक सिप सम्बन्धित पाठ्यवस्तु समेटिएको छ । पाठसँग सम्बद्ध गराई पर्यायवाची शब्दको पठन र छलफल, घटनाक्रम मिलाउन र वर्णन, छलफल र प्रश्नोत्तर, मौन पठन र प्रश्नोत्तर, चित्रवर्णन, कथासार लेखन, श्रुतिसमीक्षा, स्वतन्त्र लेखन, कथा रचना, अनुच्छेद, विशेषण शब्दको पहिचान र प्रयोग सिकाइका लागि पाठ्यवस्तु दिइएको छ । भेदक र भेद्यबिच सङ्गति विशेषण र विशेष्यबिच सङ्गति, समापक, असमापक क्रियाको पहिचान र प्रयोग, अनुकरणात्मक शब्दको पहिचान र प्रयोग, शब्दार्थ लेखन, उच्चारण, सस्वरवाचन, व्याख्या, अपूर्ण पक्षका क्रियापद पहिचान र टिपोट दिइएको छ । द्वित्व शब्द प्रक्रियाबाट वाक्यमा प्रयोग, विषयवस्तु र चित्र छलफल दिइएको छ । अनेकार्थी शब्द टिपोट र अर्थ लेखन, भावविस्तार, श्रुतिवोध र विचारको सङ्कथन, पत्र पहिचान र चरित्र तुलना, चित्रण गर्ने पाठ्यवस्तु दिइएका छन् । तार्किक लेखन, लिङ्ग, वचन पहिचान र वाक्य परिवर्तन, समस्त शब्दपहिचान, हलन्त र अजन्त वर्णको पहिचान र प्रयोग दिइएको छ । धारणा निर्माण, कल्पना र निष्कर्ष, गति विकासका लागि द्रुत सस्वरपठन, वाच्य परिवर्तन, 'र' वर्णको अनेक रूपको प्रयोग आदि पाठसँग सम्बन्धित गराई सुनाइ र बोलाइ, पढाइ, लेखाइ, शब्दभण्डार, भाषिक संरचनाको विकास गराउने पाठ्यवस्तु समावेश गरिएको छ ।

जीवनी विधा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेरक वा विचारक व्यक्तित्वका जीवनसँग सम्बद्ध जीवनी गाथा समेटिएको छ । राष्ट्रिय प्रेरक व्यक्तित्वका विचारक स्वामी प्रपन्नाचार्यका जीवनी प्रस्तुत गरिएको छ । प्रपन्नाचार्य सामान्य कृषक परिवारमा जन्मेर जीवनमा हरेक परिस्थितिसँग लडेर हरेक उमेरमा अध्ययन गरी अन्त्यमा संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता, व्याख्याताको नाम बनाउन सफल भएका गाथा प्रस्तुत गरिएको छ । जसबाट सिकारुलाई जीवनमा लक्ष्य राखी दृढ मिहिनेत गरे सम्भव हुन्छ भन्ने उदाहरण दिन खोजिएको छ । अन्तर्राष्ट्रिय प्रेरक व्यक्तित्वका रूपमा जुन्को ताबेई रहेका छन् । जो विश्वकी प्रथम सर्वोच्च शिखर सगरमाथा आरोही गर्ने महिला हुन् । यस पाठको उद्देश्य दृढ इच्छाशक्ति राखे चुनौतीपूर्ण कार्य जीवनमा पुरा गर्न सम्भव हुन्छ भन्ने दृढ धारणा र प्रेरणा दिई सिकारुलाई लक्ष्य राखी कार्य गर्न सक्षम बनाउनु रहेको छ । यस विधाबाट सिकारुको भाषिक सिप अन्तर्गत श्रुतिबोध, श्रुतिरचना, अनुलेखन, प्रश्नोत्तर, शुद्ध उच्चारण, सस्वरवाचन, मौन पठन र प्रश्नोत्तर लेखन, पारिभाषिक शब्द पहिचान, टिपोट र छलफल पाठ्यवस्तु दिइएको छ । पाठ अनुरूप चुनौतीको वर्णन, पाठ पङ्क्तिको पुष्टि, बुँदा टिपोट र

सारांश लेखन दिइएको छ । आफ्नो जीवनी प्रस्तुति, निर्देशित बुँदाको आधारमा जीवनी रचना र आफ्नो असल शिक्षकको जीवनी तयार गरी कक्षामा प्रस्तुत गर्ने पाठ्यवस्तु दिइएको छ । शब्दार्थ, वाक्यमा प्रयोग, सस्वरपठन, उपसर्ग पहिचान, बोध प्रश्नोत्तर, घटनाक्रम मिलान, भाव विस्तार, जीवनीसार लेखनका अभ्यास दिइएका छन् । लेख्य चिह्न पहिचान र नाम लेखन, लेख्य चिह्न प्रयोग गरी अनुच्छेद लेखन, एक महान् साहित्यकारका विशेषता प्रस्तुति, पारिवारिक एक सदस्यको जीवनी रचना, पुरुष सङ्गतिको छलफल र निर्देशित वाक्यको पुरुषमा परिवर्तन आदि पाठसँग सम्बन्धित गराई सिकाइका लागि अभ्यासमा राखिएका कार्यक्रम हुन् ।

चिठी विधाअन्तर्गत व्यावसायिक र सम्पादकलाई चिठी समेटिएको छ । व्यावसायिक चिठी पाठमा व्यापार व्यवसायसम्बन्धी नेपाली उत्पादित वस्तुहरूको विक्रिकेन्द्रले माग गरिएको एउटा व्यावहारिक चिठी  दिइएको छ । सिकारुलाई कुनै पनि उत्पादित वस्तुको बारेमा तथा व्यावसाय सम्बन्धी चिठी तयार गर्न सक्षम हुने उद्देश्यले पाठ्यवस्तु राखिएको छ । पाठमा समाजमा हुने प्राकृतिक प्रकोपबाट बच्न सकिने उपाय अपनाउन जनचेतना सम्बन्धी कलम चलाइयोस् भन्ने पत्र सम्पादकलाई लेखिएको छ । यस पाठबाट विभिन्न समाचार, घटनाबारे आफ्नो राय राखी सम्पादकलाई चिठी रचना गर्न सक्षम हुने र पछि सम्पादक नै वन्न सक्ने विषयवस्तु समेटिएको छ । यस विधाबाट भाषिक सिपका चारैवटा सिप विकास गराउने उद्देश्यले अभ्यास खण्डमा सस्वरवाचन, मौन पठन, छलफल, बोध प्रश्नोत्तर, प्रश्ननिर्माण, चिठी रचना दिइएको छ । चिठीको संरचनामाथि छलफल, बुँदा टिपोट, निर्देशित संवादको पठन र अभिनयात्मक संवाद प्रस्तुति, घरेलु वस्तुको सूची निर्माण र प्रस्तुति आदि पाठ्यवस्तु समेटी सिकारुको सिकाइ विकास गराउने उद्देश्यले राखिएको छ । भाषिक संरचना र वर्णविन्यास तर्फ श्रुतिसमभिन्नार्थ शब्द पहिचान र वाक्यनिर्माण, अनुकरणात्मक शब्द, दीर्घ उकार शब्द पहिचान र वाक्य प्रयोग कार्यकलाप राखिएको छ ।

दैनिकी अन्तर्गत शैक्षिक भ्रमण सम्बन्धी म पात्रले आफ्नो भ्रमण यात्राको विवरण प्रस्तुत गरी दैनिकी लेखन गरिएको छ । जुन भ्रमणको वर्णन गरिएको छ । यस पाठको उद्देश्य भनेको नै कुनै पनि घट्नालाई विषयवस्तु बनाएर सिकारुले क्रमबद्ध तरिकाले दैनिकी लेखेर प्रस्तुत गर्न सक्षम बनाउनु रहेको देखिन्छ । यससँग सम्बन्धित विभिन्न पाठ्यवस्तु समावेश गरी भाषिक सिप र भाषिक संरचना, वर्णविन्यास, शब्दभण्डारको विकास गराउने लक्ष्य राखिएको छ । अभ्यास खण्डमा शब्दार्थ, बोध प्रश्नोत्तर, शब्द पहिचान, वाक्यमा

प्रयोग, छलफल, उच्चारण, सस्वरवाचन, प्रश्नोत्तर लेखन, घटना टिपोट, व्याख्या विश्लेषण, पाठसार श्रुतिनिर्देश, श्रुतिवर्णन, दैनिकी रचना आदि पाठ्यवस्तु राखिएको छ ।

प्रबन्ध अन्तर्गत नेपालको वैदेशिक व्यापार शीर्षक राखी स्वदेशकै उत्पादित वस्तुको विश्व बजारमा प्रतिस्पर्धात्मक अवस्था सिर्जना गरेर देशको अर्थतन्त्र बलियो बनाउन सकिने आधार स्थानिय उत्पादित वस्तुमा जोड गर्न सकिने सूचना जानकारी प्रस्तुत गरिएको छ । वाणिज्य सँग सम्बन्धित विषयवस्तु समेटिएको हुँदा स्थानिय आयवृद्धि गर्ने स्रोतको उपयोग गर्ने ज्ञान सिपको विकास गराउने उद्देश्य राखिएको छ । यससँग सम्बन्धित पाठ्यवस्तु राखी विद्यार्थीको भाषिक सिप, सिर्जनात्मक क्षमताको विकास हुने अपेक्षाले छलफल, प्रश्नोत्तर, पाठको सन्देश सस्वरपठन गर्न निर्देश गरिएको छ । बोध प्रश्नोत्तर, विषयवस्तु सार लेखन, प्राविधिक शब्द पहिचान र प्रयोग, भाषिक संरचना र वर्णविन्यासमा शब्दवर्ग पहिचान र प्रयोग, सारांश, बुँदा लेखन, विश्लेषणात्मक लेखन, श्रुतिलेखन र प्रबन्ध रचना लेखन आदि अभ्यासात्मक कार्यकलापका निर्देशन राखेर सिकाइ गर्ने आधार प्रस्तुत गरिएको हुँदा विषयवस्तुको छनोट उपयुक्त गरी राखिएको छ ।

निबन्ध विधाअन्तर्गत 'मानव अधिकार' शीर्षक रहेको छ भने यस पाठको उद्देश्य सिकारुलाई आत्मपरक शैलीमा निबन्ध रचना गर्न, मानवअधिकारबारे कर्तव्य र दायित्व बोध गरी व्यवहार गर्न, आफ्नो हक अधिकार बोध गर्न र प्रयोग गर्न सक्षम बनाउनु रहेको छ । आफु र आफ्नो समाजमा रहेका नागरिकका हक अधिकारबारे जनचेतनामूलक सूचना गराई सचेत बनाउने उद्देश्य रहेको छ । यस पाठ्यवस्तुमा भाषिक सिप अभ्यासात्मक निर्देशन, शब्दार्थ लेखन विषयवस्तुको सार प्रस्तुति, छलफल, प्रश्नोत्तर, सस्वरपठन मौनपठन, संरचना पहिचान, घटनाक्रम मिलान, व्याख्या, अनुच्छेद लेखन, कालको पहिचान र प्रयोग आदि विषयवस्तुको आधारमा सिकारुको सिकाइ अभिवृद्धि गर्ने कार्यकलाप राखिएको छ ।

संवाद विधाअन्तर्गत 'पदमार्ग' शीर्षक राखी मौखिक अभिव्यक्ति क्षमताको विकास गराउने उद्देश्यले संवाद राखिएको छ । सगरमाथा आधार शिविरको यात्रासंवाद प्रस्तुत गरिएको छ । जहाँ विषयवस्तुको सन्देशमूलक देशको पर्यटकीय स्थलको जानकारी दिने उद्देश्य समेटी पुराना साथी सँगीको यात्रा संवादलाई यहाँ प्रस्तुत गरेको छ । सिकारुको अभिनयात्मक शैलीको विकास भाषिक सिप विकास, शब्दभण्डार क्षमताको विकासका लागि

छलफल, प्रश्नोत्तर विषयवस्तुको सार प्रस्तुतिमा जोड दिइएको छ । सस्वर र मौनपठन, संरचना, पात्र र घटना पहिचान, संवाद प्रस्तुति, पाठबोध, परिवेश वर्णन, सार लेखन, संवाद लेखन, श्रुतिलेखन आदि पाठ्यवस्तु राखी सिकाइ गराउने उद्देश्यले पाठ्यपुस्तकमा राखिएको छ ।

मनोवाद विधाअन्तर्गत 'हजुरआमाको जन्मोत्सव' पाठ रहेको छ । मनको खुलदुलीलाई प्रस्तुत गरिएको छ । नातिले हजुरआमाको जन्मदिनमा उपहार के दिऊँ भन्ने विचारलाई समेटिएर मनमा आएका अनेकौं भावनालाई यहाँ मनोवादका रूपमा प्रस्तुत गराई विद्यार्थीलाई कुनै पनि विषयवस्तुमा मनोवाद रचना गर्न सक्षम हुने उद्देश्य राखिएको छ । मनोवादको ढाँचा पहिचान र लेखन गर्ने उद्देश्य राखिएको छ । भाषिक सिप अभ्यास, सस्वरपठन, सार प्रस्तुति, छलफल, बुँदा टिपोट, श्रुतिलेखन, संयोजन पहिचान र प्रयोग आदि पाठ्यवस्तु राखी सरल सिकाइ गराउने उद्देश्य रहेको छ ।

यात्रा वर्णनमा 'से गुम्बाको सुन्दरता' शीर्षक राखी प्राकृतिक सौन्दर्यको वर्णन गरी अनुभव प्रस्तुत गरिएको छ । यस पाठको उद्देश्यनै विद्यार्थीका अनुभूतिलाई सिलसिलाबद्ध वर्णन गर्ने क्षमताको विकास गराउनुका साथै प्राकृतिक तथा विषयवस्तुको महत्व प्रस्तुत गर्ने शैलीको विकास गराउनु रहेको देखिन्छ । पाठको सिकाइका आधारमा भाषिक सिपमूलक अभ्यास खण्ड, विषयवस्तुको समानता र तुलनाको वर्णन गर्ने पाठ्यवस्तु दिइएको छ । छलफल, मुख्य विषयवस्तु टिपोट, सस्वरपठन, संरचना पहिचान र यात्रा वर्णन रचना, बोध प्रश्नोत्तर, अनुभव प्रस्तुति आदिका आधारमा सिकारुको धारणा सिप, क्षमताको विकास हुने उद्देश्यले यो पाठ्यवस्तु राखिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक कक्षा आठको नेपाली विषय अन्तर्गत पाठ्यवस्तुको रखाइक्रम, क्षेत्र र विस्तृतीकरणलाई हेर्दा सरलदेखि जटिलका क्रममा मिलाइएको पाइन्छ । विविध विधागत विषयवस्तुको प्रस्तुतिलाई पनि बोझ तथा अनावश्यक विषयवस्तु पाठ्यवस्तु नराखिएको हुँदा नयाँ पाठ्यक्रमका आधारमा र प्राज्ञिक विशेषताका आधारमा उपयुक्त, उपयोगी देखिएको छ । विद्यार्थीको स्तर, क्षमता मनोविज्ञान अनुसार नै पाठ्यवस्तु छोटो पनि हैन लामो पनि हैन तर सरल स्पष्ट बुझ्न सकिने गरी राखिएको छ । बालकेन्द्रित विषयवस्तुहरू छनोट गरी वर्तमान शिक्षाको विकासका लागि प्रविधिको सदुपयोग र विषयवस्तु शिक्षण गर्न सकिने देखिएको छ । 'विद्यार्थीहरूले विषयवस्तु सम्बन्धित प्रश्नोत्तर

गरी छलफल गर्ने प्रकृतिका पाठ, विषयवस्तु तथा अभ्यासात्मक निर्देशन समावेश गर्नुपर्छ । विकसित राष्ट्रका शिक्षणनीति जस्तै शिक्षण गर्न सकिने अन्तर्क्रियात्मक सक्रियता वृद्धि गर्ने पाठ्यवस्तु राख्नु उपयुक्त हुन्छ '(कोइराला, विद्यानाथ, छायाशिक्षा, अन्तर्वार्ता, २०७९) । सामाजिक विषयवस्तुबाट समाजको अवस्था हेरेर बुझेर सिक्न सक्ने, इतिहासका विषयवस्तुबाट इतिहासका राज्य सञ्चालन गर्ने नीति र वर्तमान समयमा राज्य सञ्चालन भएका अवस्था हेरी सिक्न सकिने पाठ्यवस्तु राखिएको छ । जीवनी व्यक्तिका जीवनको उतार चढावको कुराहरू पढेर, देखेर, बुझेर सिक्ने, कथा, निबन्ध, व्यावहारिक पक्षका समस्या समाधान गर्न सक्षम सिप विकास गर्ने प्रकृतिका विविध विषयवस्तु र विधाहरूबाट विद्यार्थीका लागि सक्रियता वृद्धि गर्ने व्यावहारिक ज्ञान विकास गर्ने उद्देश्यले विषयवस्तु राखिएको उपयुक्त छ ।

**विधा**

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुसँग सम्बन्धित विविध विधाहरू समेटिएका छन् । प्राज्ञिक विशेषताका आधारमा र पाठ्यक्रम अनुरूप विधागत पाठ्यवस्तुहरू वितरण तथा प्रस्तुतीकरण गरेको उपयुक्त छ । भाषा पाठ्यपुस्तकले भन्छ विद्यार्थीको भाषिक विविधतालाई सम्बोधन गर्ने, रुचिपूर्ण, भाषिक सिप विकासलाई जोड दिने, विविध विधाबाट भाषाशैलीको स्तरीयता वृद्धि गर्ने उद्देश्यका विधाहरू राखी सरल जटिलका क्रमबाट सिक्न सक्ने खालको राखिनु पर्छ । पाठ्यपुस्तकमा विधागत विविधता हुनुपर्छ । कथा, कविता, निबन्ध, जीवनी, रूपक, दैनिकी जस्ता भिन्न भिन्न विधाहरूको छनोट बाटनै भाषा पाठ्यपुस्तक रुचिपूर्ण बन्न सक्छ (भट्टराई, २०७९ पृ. ३१) । विद्यालय तहका पाठ्यपुस्तकले विद्यार्थीहरूलाई भाषा र विषयवस्तुको ज्ञान, सिप विकास गर्ने उद्देश्य राखेको हुन्छ । विभिन्न भाषा सँगसँगै विधागत विषयवस्तु सिकाइ गर्नुपर्ने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रस्तुत गरेको हुन्छ ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकका विधाको प्रस्तुति पाठ्यक्रम अनुरूपनै क्रमिक रूपमा विद्यार्थी केन्द्रित भाषिक सिप विकास, विषयवस्तु लगायत शब्दभण्डार, भाषा संरचना, वर्णविन्यास, लेख्य चिह्न आदि पाठ अनुरूपनै आवश्यक रूपमा उपयुक्त ढङ्गले राखिएको छ । पाठ्यक्रम प्रारूप २०७७ को आधारभूत (कक्षा ६-८) अनुसार पहिले गीति, देशभक्त वा श्रमसम्बन्धी विधा राखिनुपर्छ भन्ने आधारमा कक्षा आठको नेपाली

पाठ्यपुस्तकमा देशभक्ति सम्बन्धी गीति शैलीका कविता राखिएको छ जुन (पाठ १) उद्देश्य अनुरूपनै रहेको छ । विद्यार्थीका रुचि, क्षमता, स्तर र तहअनुरूप विधा राखिएको हुनुपर्छ भन्ने सिद्धान्तलाई व्यावहारिक रूपमा यसलाई अवलम्बन गरी पाठ दुईमा कथा विधा राखिएको छ जहाँ विद्यार्थीहरूलाई इतिहासका घट्नाबाट घटनाक्रम मिलान गर्ने, पात्र चरित्र चित्रण गर्ने, कथाको भाव बुझी सार लेख्न, कथा लेखन गर्न र भन्न आदि सिकाइ गर्ने कथा समेटिएको छ । जीवनी विधाबाट विद्यार्थीहरूले व्यक्तिहरूका जीवनी घटनाबाट विषयवस्तुको बोध गरी आफ्नो र कुनै व्यक्तिका बारेमा उपयुक्त भाषाशैलीको प्रयोग गरी जीवनी लेखन गर्न सक्षम बनाउने खालका विधा यसमा राखिएको छ । निबन्ध विधाबाट विद्यार्थीहरूले आफ्नो हक अधिकार सम्बन्धी ऐन कानुन नियमबारे ज्ञान प्राप्त गरी व्यावहारिक समस्याको हल गर्न, कानुनी लिखत तयार पार्न साथै कानुनी हक अधिकार प्राप्त गर्न र अरुलाई बुझाउन सक्ने प्रकृतिका विधा राखेको उपयोगी रहेको देखिन्छ । चिठी विधाबाट विद्यार्थीका भाषाशैली, व्यावहारिक जीवन समस्या समाधान स्वयं गर्न सक्ने प्रकृतिका चिठीका लेखन, ढाँचा शैली, भाषाको प्रयोग व्यहोरा सिकाउन सक्षम हुने खालको राखिएको छ (सम्पादकलाई चिठी, पाठ १६ पृ. १८१) । रूपक विधाबाट संवाद, दैनिकी, यात्रा वर्णन, मनोवाद जस्ता विषयवस्तु राखिएको छ जुन पाठ्यक्रम अनुरूपनै रहेको हुँदा उपयोगी देखिन्छ । प्राज्ञिक विशेषताका आधारमा पनि विद्यार्थीका स्तरका लागि क्षमता अनुसार सिद्धान्तभन्दा प्रयोग पक्षलाई ख्याल राखी विधा राखेर सिकाइ गराउनुपर्छ भन्ने मान्यतालाई कक्षा आठका नेपाली पाठ्यपुस्तकमा राखिएका विधाहरूको संख्यात्मक रूपमा पनि विद्यार्थीलाई मध्यनजर गरी बढी सिप सिकाइमा दक्ष बनाउन जोड दिएर आवश्यक रूपमा राखेको पाइन्छ । कहीँ कतै राखिएका विधाले विषयवस्तुको प्रस्तुतीबाट सिकारुको बोध क्षमतामा झट्टै नबुझिहाल्ने विधा भए जस्तो लागे पनि शिक्षण शैलीले सहज हुने पनि देखिएका हुँदा पाठ्यक्रम अनुरूप र प्राज्ञिक विशेषताका आधारमा विधाका छनोट र स्तरण रोचक, उपयुक्त उपयोगी रहेको छ ।

विधाहरूले विद्यार्थीहरूको भाषिक सिप विकास गराउन, भाषाशैलीको विकास गराउन, विविध विधागतको शिक्षण सिकाइबाट लेखन, रचना गर्न सक्षम गराउने भएकोले सो आधारमा नै उद्देश्य अनुरूप विधाहरू राखिएको छ । वर्तमान समय सान्दर्भिक उपयुक्त विधाहरूमा साहित्यिक, साहित्येत्तरका नवीन लेखकका रचना पनि पढ्न पाइने हुँदा रोचक, उपयोगी छ (विक्रमपवन परियार, फर्क आफ्नै देश, पृ. ८८) ।

**शब्दभण्डार**

पाठ्यपुस्तक भित्र राखिने शब्दहरू विद्यार्थीको स्तर, उमेर तथा उनीहरूको पूर्व अनुभवमा आधारित हुनुपर्दछ (तिमल्सेना, २०६९ पृ. १९) । पाठ्यपुस्तकमा पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डारमध्ये पहिचानात्मक शब्दभण्डार बढी प्रयोग गरिएको हुनुपर्छ ( भट्टराई,२०७९,पृ.३१)। "सरलदेखि जटिलकाक्रममा अनेकार्थी, विपरीतार्थी, श्रुतिसमभिन्नार्थ, आदि जस्ता शब्दहरू पाठअनुरूप समावेश गर्नुपर्छ" (प्रेमर्षि र धर्मेन्द्र, २०६९) । पयार्यवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक शब्दहरू र उखान टुक्काहरूको अर्थ प्रयोग हुने शब्दहरू राखिनुपर्छ (लम्साल र अन्य, २०६९ पृ. ८८) । पाठ्यपुस्तकमा समेटिने शब्दहरू विद्यार्थीको रुचि, क्षमता, स्तर, अनुभव र भाषिक पृष्ठभूमिलाई मध्यनजर गरी बोध अभिव्यक्ति क्षमताको विकास गराउने खालको राखिएको हुनुपर्छ । साथै आवृत्तिमूलक, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाठ्यवस्तु अनुसार सरल र जटिलका आधारमा राखिएको खण्डमा उपयुक्त हुन्छ । ज्यादै अनावश्यक शब्दहरूको थुप्रो पनि राखिनु उचित हुँदैन । प्राज्ञिक विशेषताका आधारमा पाठ्यपुस्तकमा शब्दभण्डारको रखाइक्रम समान रूपमा राखिनु उचित हुन्छ ।

प्रस्तुत शोधपत्रमा प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा शब्दभण्डारको रखाइक्रमको मूल्याङ्कन गरिएको छ । पाठ एकदेखि पाठ सत्रसम्म शब्दभण्डारको रखाइक्रम पाठमा उल्लिखित वाक्यात्मक क्रमअनुसार सरल र जटिल, आवृत्तिमूलक शब्द र आवश्यक शब्दार्थ पाठको प्रत्येक पृष्ठको अन्त्यमा राखिएको छ । विद्यार्थीको शब्दभण्डार क्षमताको विकास गराउने उद्देश्यले प्रत्येक पाठको अभ्यासात्मक खण्डमा शब्दार्थ लेखन, शब्दपठन, शब्दको प्रयोग, शब्द उच्चारण, भाषिक संरचना र वर्णविन्यास पाठ्यवस्तु राखी शब्दको वाक्यमा प्रयोग गराउने निर्देशन दिएर शब्दभण्डार सिकाइका विषयवस्तु राखिएका छन् । विद्यार्थीको रुचि, क्षमता, अनुभवमा आधारित पहिचानात्मक शब्दहरू राखिएका छन् जस्तैः पाठ एकमा गीति कविता 'सहिदहरूको सम्झना' रातोपन लालि पृथ्वी, जमिन, भेटी, फाँसी, राखिएको छ । रसिलो, असार, विउ आदि । पाठ दुईमा 'साकार सपना' पाटी, अँगेनो, अचानक, ढोका, कोसेली, प्रारम्भ शब्द राखिएको छ । पाठ तीन 'स्वामी प्रपन्नाचार्यमा' आर्जन, वाङ्मय मुन्धुम जस्ता शब्दार्थ राखिएका छन् । पाठ चार 'व्यावसायिक चिठीमा' तपसिल वाणिज्य, बैना जटिल शब्द राखिएका छन् । साथै श्रुतिसमभिन्नार्थ शब्द जुन-जून, शीत-सित आदि छन् । पाठ पाँच

'मानव अधिकार' मा अग्रज, प्रबन्ध, कानुन, ऐन, चयन,मातृभूमि, कर्तव्य, समावेशक समावेश्य शब्द (अन्न-दाल, चामल, मकै) आदि शब्दहरू रहेका छन् । पाठ छ 'अमर पुत्र' अन्तर्गत शिल्पकारी, सङ्गमरमर, निष्पाप, बैना, अनुकरणात्मक शब्द (कपाकप, दन्दन्ती, पिच्च) आदि शब्दहरू राखिएको छ । पाठ सात (पदमार्ग अन्तर्गत शुभारम्भ, हार्दिकता, स्मृति, रसिलो, पैदल, असार) अनेकार्थी शब्द (असार, हात, कल) आदि पहिचानात्मक र अनेकार्थी शब्दभण्डार उल्लेख गरिएको छ । पाठ आठ अन्तर्गत 'फर्क आफ्नै देश' मा स्वाभिमान, पासपोर्ट, ओसिलो, निश्चल, इतिहास, लघुतावाची शब्द (चिम्टी, पोटी, ठेकी) आदि आगन्तुक तत्सम तद्भव जस्ता शब्दभण्डार राखिएको छ । पाठ नौ 'नेपालको बैदेशिक व्यापार' अन्तर्गत विनिमय, मापन, सुवर्णकार, निर्वाहमुखी, चमत्कार आदि कठिन शब्दार्थ र सरल शब्दको मिश्रण गरी राखिएको छ । प्राविधिक पारिभाषिक शब्दहरू राखिएको छ । पाठ दशअन्तर्गत काँस, वात्सल्य, पूर्णकद, द्विविधा, समानार्थी शब्दभण्डार राखिएको छ । पाठ एघार अन्तर्गत शिष्ट, कमेरो, प्रतीत, व्यथित, अनेकार्थी शब्द, तत्सम शब्द पहिचानात्मक शब्दहरू राखिएको छ । पाठ बाह्र अन्तर्गत आरोही, शिविर, सम्राट, प्राविधिक शब्दहरू आवृत्तिमूलक शब्दभण्डार राखिएको छ । पाठ तेह्र अन्तर्गत आदर्श, माधुरी, वन्दित, दोहन साहित्यिक, तत्सम, तद्भव शब्दहरू राखिएको हुँदा जटिल शब्द राखिएको छ । शब्दभण्डार विकासका लागि शब्दकोश प्रयोग गरी सिकाइ गराउने निर्देश पनि गरिएको छ । पाठ चौधमा प्रस्थान, कुतूहल, विस्तार, बुर्जा आदि तत्सम, तद्भव, आगन्तुक र मौलिक आवृत्तिमूलक शब्दहरू राखिएका छन् । पाठ पन्ध्रमा आपट्टे, पताका, तेर्पे शब्दहरू प्रयोग गरिएका छन् । पाठ सोह्र अन्तर्गत जलमग्न, अल्पवृष्टि दोहन आदि प्राविधिक शब्दहरूको प्रयोग गर्नुका साथै पहिचानात्मक शब्दको प्रयोग गरिएका छन् । पाठ सत्र अन्तर्गत याम, लगत, व्यङ्ग्य, नामनिसान, शाश्वत आदि संस्कृत, पहिचानात्मक, उत्पादनात्मक शब्दभण्डार राखिएका छन् । (कठिन, दु:साध्य, कहिल्यै पनि नाश नहुने अविनाश) उत्पादनात्मक शब्दभण्डार राखिएका छन् ।

पाठ एकदेखि पाठ सत्रसम्मका पाठ्यवस्तुहरूमा जम्मा शब्दार्थ संख्या २४२ शब्दहरू राखिएका छन् जुन पाठअनुरूप छन् । पाठ एकदेखि पाठ सत्रसम्म राखिएका शब्दभण्डारका क्रमलाई सरल जटिलका आधारमा र आवृत्तिमूलक सिकाइका रूपमा राखिएका छन् । पाठ एक देखि पाठ सत्रका बिचमा आवृत्तिमूलक शब्द, अनेकार्थी शब्द, पारिभाषिक शब्द, पहिचानात्मक शब्द, उत्पादनात्मक शब्दहरू आवश्यक अनुसार राखिएका छन् । जहाँ असार,

रसिलो, वैना, मातृभूमि, जमिन, कानुन, प्रबन्ध, पैदलयात्री, अचानक, पाटी, सम्झना, कल, मास, हार, उत्तर, जाल, आरोही, अभियान आदि जस्ता शब्दहरू आवृत्ति भएका छन् भने अनुभवजनित शब्द पनि (कल, हार, मास, उत्तर) राखिएको हुँदा शब्दभण्डारको रखाइक्रम ज्यादै सरल पनि हैन ज्यादै कठिन पनि हैन मिश्रित रूपमा अनुकूल नै रहेको छ । बढी शब्दार्थ सङ्ख्या पाठ ९ मा २६ र कम शब्दार्थ सङख्या पाठ ४ मा ६ वटा र पाठ १६ र १७ मा ७ र ९ वटा शब्दार्थ सङ्ख्या राखिएका छन् । जटिल र कठिन तथा प्राविधिक पारिभाषिक शब्दावली प्रयोग भएको पाठ ९ रहेका छन् भने अन्य पाठहरू सामान्य रहेका छन् ।

प्रायजसो एउटा पाठमा ६ देखि १६/१७ सम्मका शब्दार्थ राखिएका छन् । शब्दभण्डार विकासका लागि पर्यायवाची शब्द, अनेकार्थी शब्द, लघुतावाची शब्द, पारिभाषिक प्राविधिक शब्द, अनुकरणात्मक शब्द, श्रुतिसमभिन्नार्थ शब्द, विपरितार्थी शब्द आदि पाठ्यवस्तु अनुरूप एक एक गरी अभ्यासात्मक खण्डमा जोडा मिलान, शब्दार्थ लेखन, खाली ठाउँ, वाक्यमा प्रयोग निर्देशनका आधारमा दिई सिकाइ गराउने गरी उल्लेख गरिएको छ । एउटै पाठमा एक भन्दा बढी शब्दार्थका ज्ञान तथा शब्दभण्डारका ज्ञान सिकाउने गरी राखिएको छैन । छुट्टा छुट्टै सिक्न मिल्ने अभ्यास राखिएको छ । विद्यार्थीको क्षमता अनुकूलका नै शब्दभण्डार राखिएको हुँदा अपेक्षित सिकाइ हुने आधार रहेका छन् ।

शब्दभण्डार सिकाइ अभिवृद्धि गराउने उद्देश्यले पाठभित्र लगायत अभ्यासखण्डका शब्दभण्डार, बोध र अभिव्यक्तिगत लामो छोटो प्रश्नोत्तर, सन्दर्भगत अनुच्छेद राखिएको छ । भाषिक संरचना र वर्णविन्यास, सुनाइ र बोलाइ आदि अभ्यासका कार्यकलापहरूबाट पनि हरेक वर्गका शब्दहरूको सिकाइ प्रक्रियाबाट शब्दज्ञान वृद्धि गर्ने गरी यस कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकका पाठहरूमा राखिएको छ । समग्रमा भन्नु पर्दा पाठ्यक्रम अनुरूप शब्दभण्डारको रखाइ पाठको पृष्ठान्तका शब्दार्थमा अलि कम छ भने अभ्यास खण्डमा भने प्राप्त सिकाइ गर्ने गरी राखिएको पाइन्छ । तत्सम, तद्भव, आगन्तुक शब्दहरूको प्रयोग पक्ष पनि देखिन्छ । प्राय नेपाली भाषाका ठेट शब्द तथा प्रयोगपरक शब्दको प्रयोग भएका उपयुक्त नै छन् । भाषाशैली विद्यार्थीको रुचि क्षमता तथा स्तर अनुसार जुन बन्नु पर्ने हो सो मध्यनजर गरी विगतका तुलनामा भन्दा बन्ने प्रयास धेरै भएको पाइन्छ । कठिन शब्दहरूलाई पाठभित्रका वाक्यहरूमा समेटिएका छन् जुन रङ्गीन

अक्षरले दिइएको हुँदा विद्यार्थीहरूले सहजै देख्न र बुझ्न सकिने हुँदा शब्दभण्डार क्षमता वृद्धि गर्ने खालका शब्दहरू राखेको उपयुक्त छ ।

**भाषिक संरचना**

भाषा पाठ्यपुस्तक विश्लेषण गर्ने तेस्रो पद्धति भाषिक संरचना र शैली हो । पाठ्यपुस्तकमा प्रयोग हुने भाषा भाषिक सिप आर्जन गर्ने किसिमको हुनुपर्छ (तिमल्सेना, २०५९, पृ. १९) । पाठ्यपुस्तकमा समावेश गरिने भाषाशैलीले नै पाठ्यवस्तुको उद्देश्य परिपूर्ति गर्ने हुँदा विद्यार्थीको भाषिक पृष्ठभूमिलाई ख्याल गरी स्तर क्षमता अनुकूलका भाषा प्रयोग गर्नु उचित हुन्छ । "भाषिकसिप आर्जन गर्ने किसिमको भाषा पाठ्यवस्तुमा प्रयोग गरिएको हुनुपर्छ, भाषा, सरल र बोधगत हुनुपर्छ (ढुङ्गेल र दाहाल, २०५६, पृ. ६३) ।

पाठ्यपुस्तकमा प्रयोग गरिएको भाषा सरल, सहज र सम्प्रेषणीय हुनुका साथै विद्यार्थी आफैले पढेर अर्थग्रहण गर्न सक्ने खालको हुनुपर्छ । क्लिष्ट र दुरुह भाषाको प्रयोग गरिनु हुँदैन (भट्टराई, २०७९, पृ. ३१) । पाठ्यपुस्तकमा समावेश गरिने प्रयोग गरिने भाषा सरल छोटा पनि हैन लामा वाक्यले बनेका भाषा पनि हैन विद्यार्थीको मनोविज्ञान, स्तर क्षमता अनुसार मिश्रित वाक्यका भाषा प्रयोग गर्नु उपयुक्त हुन्छ । प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरिएका भाषिक संरचनाको मूल्याङ्कन गरिएको छ । उक्त पाठ्यपुस्तकमा प्रयोग भएका भाषाको मिलान तल्लो तहदेखि माथिल्लो तह जानेक्रममा भाषिक संरचनालाई कसिलो बनाउँदै गएको छ । यस तहमा अध्ययन गर्ने विद्यार्थीका उमेर समूह १०-१४ वर्ष सम्मका हुने हुँदा यिनीहरूका बुद्धिको उपलब्धि क्षमता सोही उमेरका आधारमा मापन गरिन्छ । यसैका आधारमा पाठ्यपुस्तकमा भाषा छनोट गरिनुपर्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा उमेर क्षमता र तहका अनुसार सरलदेखि जटिलका क्रमले शब्द, वाक्य प्रयोग गरिएको छ । पाठ्यक्रमको उद्देश्य अनुरूप सरल, संयुक्त र मिश्र वाक्य मिलान गरिएका पाठ्यवस्तु राखिएको छ । प्रत्येक पाठमा होस् वा अभ्यास खण्डमा होस् स्पष्ट निर्देशन दिइएका वाक्यात्मक ढाँचाको प्रयोग भएका छन् । भाषाशैलीको प्रस्तुति बोधगम्यका दृष्टिले सरल तर अर्थस्पष्ट शब्द, वाक्य तथा पङ्क्तिको प्रयोग भएका छन् । 'सहिदहरूको सम्झनामा' प्रस्तुत कवितामा बढीमा छ, सात पङ्क्तिका वाक्य रहेका छन् । अभ्यास खण्डमा प्रयोग गरिएका भाषाको संरचना अर्थ लेखन गर्नु पर्ने ठाउँमा सोही निर्देशन दिई पाठ्यवस्तुका शब्द वाक्य हरफ उल्लेख गरिएका छन् भने

पढ्नुपर्ने कार्यका लागि सरल भाषाशैलीको प्रयोग गरिएका निर्देशन दिइएकाले गहकिलो भाषाशैली रहेको छैन । लहरा, छहरा शब्द र एक पटकमा मुखमा हाली खाइने खानेकुरा आदि वाक्यशैली उदाहरण  रहेका छन् । भाषाशैलीको प्रस्तुति प्रत्येक पाठ, अभ्यासमा कर्ता+कर्म+क्रियापदको संरचनामा बढी सरल वाक्यका अनुच्छेद प्रयोग गरिएका छन् । भाषिक सिप विकासका उद्देश्य अनुरूपका भाषिक संरचनाको प्रयोग भएका छन् । सबैभन्दा कम शब्द प्रयोग गरी एउटा वाक्यको संरचना प्रयोग गरिएका पाठमध्ये पाठ छ 'अमर पुत्र' कथाको "यसै बसिराख्या" वाक्य रहेको छ जुन सरल वाक्य, अर्थयुक्त वाक्य छोटो वाक्य, दुई शब्दले सङ्कथनको बनोट स्पष्ट रहेको छ । विद्यार्थीले भनाइको अर्थ सहजै बुझ्ने र चलनचल्तीका भाषाशैली नै प्रयोग भएका छन् । त्यस्तै सबैभन्दा लामो वाक्य प्रयोग भएका पाठमध्ये पाठ सात 'पदमार्ग' संवाद मा उनन्तिस् शब्द प्रयोग र वाक्य टुङ्गिएको हरफ नै यसमा रहेका छन् । जस्तै; 'कसैले होमस्टेमा खपत हुने खाद्यान्न उत्पादन गर्ने, कसैले पथप्रदर्शक तालिम सञ्चालन गर्ने कसैले पदयात्रीका लागि झोला, जुत्ता, टोपी, चस्मा, लट्ठी, आदिको पसल सञ्चालन गर्ने जस्ता कैयौँ काम गर्न सकिन्छ' (कक्षा आठ नेपाली, २०८०,पृ.७९) । यस्ता भाषाशैली प्रयोग भएका छन् तर वाक्यको सङ्गठनात्मक शैली ज्यादै कठिन पनि छैन मिश्रित तर बुझ्न सकिने शैली नै प्रयोग भएका छन् । भनाइको अर्थ स्पष्ट पार्नका लागि प्रयोग गरिएका चिह्नको उपयुक्त नै छन् । जस्तै, पाठ एघारको संवादमा "गुलाफी !, हजुर !" विस्मयाधिबोधक चिह्नको प्रयोगले पात्र गुलाफी लाई बोलाएको र जवाफमा आश्चर्य चकित भई उत्तर दिएको अर्थ जनाउन  प्रयोग भएकाले उचित नै छ । विधागत भाषाशैलीको प्रयोग मूल्याङ्कन गर्दा कवितामा प्रयोग भएका शैली, वाक्य संरचना छ, सात, चार शब्दका हरफ, श्लोक वाक्य बाह्र, तेह्र शब्द, अठार शब्द प्रयोग गरी पूर्णविराम गरिएको छ । जस्तै,

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए (विश्राम)

बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

(सहिदहरूको सम्झनामा,१:२)

हिमाल जस्तो स्वाभिमान भएको

बुद्धको जस्तो विचार भएको

म एक वीर गोर्खाली हुँ

म स्वाभिमानी श्रमशील नेपाली हुँ । (फर्क आफ्नै देश, ८:८७)

कविता विधामा साहित्यिक भाषाशैली प्रयोग भएका छन् । सबैभन्दा बढी शब्दको प्रयोगले वाक्य पूर्णविराम गरिएका कविता 'प्यारो प्रकृति' छब्बिस शब्दमा रचिएका छन् । कतै तीस शब्द त कतै बीस शब्दले श्लोक बनेका छन् । यस पाठको भाषाशैली र शब्द प्रयोग साहित्यिक र जटिल नै छन् जस्तैः आह्लाद, वन्दित, काव्यानन्द, निर्भय कठिन साहित्यिक शब्द हुन् ।

कथा विधामा प्रयोग भएका भाषाशैलीको मूल्याङ्कन गर्दा छोटा,छोटा सरल वाक्यात्मक भाषा संरचना रहेका छन् । जस्तै, 'लामो छलफलपछि सबैले धर्म भाके ।' "कर्मको लेखा ।", 'डल्ले खोला त उस्तै छ र उसरी नै बगिरहेछ ।' यी वाक्यात्मक सङ्गठनले मिलेका संरचना रहनुका साथै बोधगत रूपमा प्रयोग गरिएका वाक्यहरू पाठ दुई, पाठ छ, पाठ सत्रका कथाका भाषिक संरचना हुन् । प्रत्येक कथामा लेख्यात्मक चिह्नको प्रयोग गरी भनाइको अर्थ सङ्केत गरिएको छ जुन प्राज्ञिक रूपमा उचित नै मान्नु पर्छ । निबन्ध, प्रबन्ध जीवनी, दैनिकी, यात्रा वर्णन, मनोवाद, संवादमा प्रयोग भएका भाषिक संरचना विषयवस्तु अनुरूप अनुच्छेद सम्बन्ध मिलान उपयुक्त रहेको छ । चिठी विधाअन्तर्गत प्रयोग भएका भाषिक संरचना प्राविधिक शब्दावलीको प्रयोग पारिभाषिक शब्दावली प्रयोग भएका छन् । आदि, मध्य र अन्त्यका खण्डलाई स्पष्ट प्रस्तुत गरिएको भाषाशैली छन् । संयुक्त वाक्याको प्रयोग भएका छन् । विद्यार्थीअनुकूल कक्षा आठको नेपाली पाठ्यपुस्तकका भाषिक संरचना पाठगत शब्दहरू वाक्यहरू, चिह्नहरू, अभ्यासात्मक शैली प्रस्तुति सरल, सुबोध, निर्देशित भाषा, भाषिक सिप विकास उपयुक्त हुनेगरी समेटिएका छन् । विगतका तुलनामा नयाँ पाठ्यपुस्तकमा विधागतका आधारमा पनि सरल, सुबोध, पठनयोग्य स्तरयुक्त शब्द, वाक्य, पदावली, वर्णविन्यासको प्रयोग भएका छन् । प्रत्येक पाठका विषयवस्तु प्रस्तुति शीर्ष वाक्यदेखि अन्त्य वाक्यहरू तथा अनुच्छेदका सम्बन्ध शृङ्खलाबद्ध गरिएको छ भने दिन खोजिएका उद्देश्यको सम्बन्ध पनि एक अर्कासँग मिल्दो जुल्दो गरी राखिएको छ । अभ्यासमा राखिएका भाषाशैलीका संरचना स्पष्ट निर्देशन दिइएको शब्द, वाक्यहरू प्रयोग गरिएको छ ।

चित्र वर्णन तथा अभ्यासमा दिइएका निर्देशनात्मक प्रश्नले अलि विद्यार्थीहरू अन्यौलमा पर्न सक्ने सम्भावना छन् किनभने शब्द र भाषा शैली प्रयोगमा माथिल्लो

तहगतका अलि उच्च समालोचनात्मक शैली प्रयोग भएको त हैन भन्ने आशंका पनि कतै कतै दिएका प्रश्नहरूको सँगालोले देखाउन खोजेको छ । सात कक्षाबाट आएका विद्यार्थीको क्षमता हेर्दा 'चित्र वर्णन गर्नुहोस्', 'समीक्षा गर्नुहोस्', आदि यस्ता निर्देशनका भाषाशैली आठका विद्यार्थीहरूले अलि बुझ्न नसक्ने सम्भावना धेरै हुन्छन् त्यसमाथि विविध भाषिक क्षेत्रबाट आएका भाषिक वक्तालाई भने प्रत्यक्ष कठिन पर्न सक्ने देखिन्छ । अन्य क्षेत्रमा भने शब्द प्रयोग र भाषाशैली शुद्ध स्तरीय मानक भाषाको विगतका अभ्यास खण्डमा प्रयोग हुने शब्द छुटपुटको जस्तो प्रभाव वर्तमान समयका पाठ्यपुस्तकमा पाइएको छैन, जसले गर्दा उपयुक्त नै रहेको छ ।

**चित्र**

प्राज्ञिक विशेषताको आधारमा अर्को महत्त्वपूर्ण पक्षको रूपमा चित्रलाई लिइन्छ । विषयवस्तुलाई दृश्य रूपमा तथा मूर्त रूप प्रदान गर्ने, अपरिचित कुरालाई परिचित बनाउने लुप्त कुराको अर्थ स्पष्ट पार्ने ठूलो भूमिका चित्रले खेलेको हुन्छ । 'पाठ्यपुस्तकमा भाषिक सिप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने खालका चित्रहरूको व्यवस्था गर्नुपर्छ । माध्यमिक वा निम्न माध्यमिक तहका समावेश चित्रले सामाजिक, मानसिक रूपमा असर पार्नु हुँदैन । पाठको प्रकृति तथा चरित्रलाई संवोधन गर्ने खालका चित्र समेटिनु उपयुक्त हुन्छ (तिमल्सेना, २०५९, पृ.२० ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य तथा सिकारुको सिकाइस्तर अनुरूप निर्माण भएको छ । प्राज्ञिक विशेषताका अनुरूप, पाठ्यक्रम अनुरूप नेपाली पाठ्यपुस्तकमा पाठ्यवस्तु अनुरूप चित्रहरू समावेश गरिएको छ । प्रत्येक पाठमा पूर्वपठन र मूलपठन गरेर २ वटा त कतै ३ वटा चित्रहरू समावेश गरिएको छ। पाठ एक पाठ्यवस्तुसँग सम्बन्धित सपुतले दिएका बलिदानको प्रतिक जनाउन शहिद गेटको तस्बिर, मातृभूमिको रक्षाको लागि एकजुट भई देश बनाउन विभिन्न जातिका नेपालीको एकता भएका नेपालको नक्सा बोकी सपुतको वीर गाथा सङ्केत गरिएको चित्र छ । पाठ दुईमा वीर योद्धाको ऐतिहासिक गाथाको चित्र र पृथ्वीनारायणको राज्य सम्हाल्ने कार्य सङ्केत गरिएको चित्र समेटिएको छ । जुन विषयवस्तु सहजै अनुमान लगाउन सकिन्छ । यसै पाठको अभ्यास खण्डमा चित्र वर्णन भनी बुद्धको उपदेश सहित शान्ति कायम गराउने चित्र समेटिएको छ । पाठ तीनमा विभिन्न राष्ट्रिय योगदानकर्ता पासाङ ल्हामु शेर्पा, भानुभक्त

आचार्य, बुद्ध, नारायण गोपाल गीतकार सङ्गीतकारका चित्र तस्विर र स्वामी प्रपन्नाचार्यको तस्विर प्रस्तुत गरिएको छ । पाठ चार पूर्व पठनमा मात्र चित्र प्रस्तुत गरिएको छ जुन प्राकृतिक वस्तु बिरुवाबाट मानिसले कपडा तथा गलैंचा जस्ता सामग्री बनाएका चित्र राखिएको छ । पाठ पाँचमा पाँचवटा चित्र सानो आकारमा समावेश गरी किसानको चित्र, बृद्ध आमाको सहायता गरिएको चित्र, जिल्ला प्रशासन कार्यालयको चित्र, विद्यालयमा मानव अधिकारसम्बन्धी पढाइ गरिएको चित्र र अदालतमा कानुन सम्बन्धी गरिएको बहसका चित्र प्रस्तुत गरिएको छ जुन मानव अधिकारका बारेमा सम्बन्धित चित्र छन् ।

पाठ छ मा एउटा सङ्गमरमरको शालिकलाई जीवन्त कलाको सम्मान गर्दै माला लगाइदिएको चित्र र शिल्पकारको चित्र प्रस्तुत गरिएको छ जुन पाठसँग सम्बन्धित शीर्षक अनुरूप नै झल्काउने चित्र रहेको छ । कौतूहलता जनाउने चित्र छ । पाठ सात अर्न्तगत प्राकृतिक सौन्दर्य झल्कने हिमाल, पहाडको यात्रा गर्ने पदयात्रीको चित्र र साथीहरूको भेटघाटमा गरिएका संवाद सङ्केत चित्र प्रस्तुत गरिएको छ । पाठ आठमा देशको विकास अवस्थाको संकेत योजना गर्दै प्राकृतिक सौन्दर्यले रमणीय केवलकार, बाटोघाटो, यातायातको सुविधा, बिजुलीको सुविधाका चित्र र विदेशबाट आफ्नै देश फर्किएका नागरिकको त्रिभुवन विमानस्थल चित्र प्रस्तुत गरिएको छ । विषयवस्तुले योजना बनाई देशको विकास गर्न आफ्नै देशमा फर्कनु भन्ने आह्वान दिइएका आधारमा उपयुक्त चित्र रहेको छ । पाठ नौं मा चार वटा चित्र जसमा उद्योग, हिमाली पर्वत, किसानीको कार्य, व्यापारस्थलका चित्र रहेका छन् । उत्पादित वस्तुको व्यापार देश विदेशमा निर्यात गर्न सङ्केत चित्र छन् । पाठ दशमा एक व्यक्ति मनमा खुलदुली गर्दै पल्टिरहेको चित्र र कुर्सीमा बसी उपहार बारे सोचिहरूको चित्र प्रस्तुत भएको छ । पाठ एघारमा खाना पकाइरहेको, टिभि हेरिरहेको र पढिरहेका बालबालिकाका चित्र र सुहाउँदो जुत्ता लगाएर हेरिरहेको चित्र गुलाफीको खुसी प्रस्तुत चित्र रहेको छ । विषयगत ज्ञान र धारणाको सङ्केत दिने चित्र रहेको छ । पाठ बाह्रमा खेलाडी पेलेको तस्विर, भानुभक्तको तस्विर, झमक कुमारिको चित्र, माधव प्रसाद घिमिरे कविको तस्विर र अन्तर्राष्ट्रिय जुनको तावेइको चित्र प्रस्तुत गरी जीवनी सङ्केत गरिएको छ । पाठ तेह्रमा प्रकृति र मानव तथा प्राणीको चित्र र प्रकृति बारे परिवार सँग शिक्षा दिँदै गरेको चित्र रहेको छ । यस पाठमा भने दिइएको चित्रले विद्यार्थीलाई गुरुले शिक्षा प्रकृतिमा गएर दिइएको प्रस्तुत छ । पाठ चौधमा विद्यार्थीले गृहकार्य तथा दैनिकी लेखिरहेको चित्र र शैक्षिक भ्रमणका लागि बस चढिरहेको विद्यार्थीका चित्र प्रस्तुत

गरिएको छ । पाठ पन्ध्रमा मुक्तिनाथको चित्र, कृष्णमन्दिर, भक्तपुर दरबारको चित्र, इलाम चियाबगान तस्विर प्रस्तुत गरिएको छ जसमा छपाइको अस्पष्टताले पहिचान गर्न कठिन रहेको भएतापनि विषयवस्तुले दिन खोजिएको सङ्केत छुट्याउन गाह्रो हुँदैन । साथै पदयात्रीको चित्र प्रस्तुत गरिएको छ ।

पाठ सोह्रमा समाचार पत्रिका पढिरहेको चित्र प्रस्तत गरिएको छ । पाठ सत्रको हात्तीलाई माला लगाइदिएको र विभिन्न मृग, भालु, खरायो, जरायोले सिँह, सुगाका जमात प्राणीका चित्र प्रस्तुत गरिएको छ । डल्ले खोलाको चित्रले गाउँ घरलाई बनाएको भयभीतको चित्र प्रस्तुत गरिएको छ । विषयवस्तु अनुसार राखिएका चित्रहरूले विद्यार्थीको स्मरण शक्तिको जागरण गराउने र धारणाको निर्माण गर्न सक्ने उद्देश्यले सबल नै मान्न सकिन्छ । कतिपय पाठका चित्रहरू छपाइका दृष्टिले विद्यार्थीलाई अरुचिकर बनाउन सकिने अवस्था रहेको छ । जुन मानसिक अवस्थामा असर पारी सोचेर पढ्न मन नै नगर्ने चित्र पनि रहेका छन् । समग्रमा भन्नुपर्दा पाठ्यपुस्तकको प्राज्ञिक विशेषता अनुरूप उपयुक्त सन्देशमूलक चित्र राखिएको छ ।

पाठ एकदेखि पाठ सत्रसम्म राखिएका चित्रहरू विषयवस्तुको ज्ञान धारणा, भाषिक सिप विकास गराउने र कौतूहलता जगाउने किसिमका प्रस्तुत भएका छन् । अनावश्यक रूपमा चित्रको थुप्रो राखिएको छैन, जसकारण प्राकृतिक, सामाजिक रूपले पनि उपयुक्त व्यवस्था गरिएको छ । रङ्गीन चित्रहरू व्यवस्था गरिएको छ । स्पष्ट अवधारणा विकास गर्ने खालका चित्रहरूको व्यवस्था गरिएको छ । विषयवस्तु अनुसार नै चित्रहरूको व्यवस्था गरिएको छ । पाठ २ को अभ्यास खण्डमा राखिएको बुद्धको चित्र वर्णनमा भने अलि विद्यार्थीका मनोविज्ञान र उमेर क्षमताका आधारमा द्वन्द्व गर्न लागिएको हो कि भन्ने भ्रम पैदा गराउने खालको प्रत्यक्ष असर एकपटक भइहाल्ने खालको रहेको छ (साकार सपना पाठ २ पृ.२०) । चित्रको गुणस्तरियतामा कमजोरी पनि कतै कतै पाउन सकिन्छ (से गुम्बाको सुन्दरता पाठ १५, पृ.१६८) । नेपालको धर्म, संस्कृति परम्परा झल्कने, प्राकृतिक सुन्दरताको दृश्य, नेपाली एकता झल्कने, प्रतिभाशाली प्रतिष्ठितका तस्विरको सफलताको चित्रण, प्राकृतिक प्रकोपले गर्ने पिडा आदि चित्रित छन । चित्रित विषयवस्तुले पाठ्यक्रम र प्राज्ञिक विशेषताका आधारमा केही रूपमा अप्रत्यक्ष प्रभाव भएको पाइन्छ । विद्यार्थी, समाज र परिवेश सन्दर्भ अनुसार हाते पुस्तकमा देखिएका कमजोरी भएपनि आन्तरिक रूपमा प्रविधिको प्रयोग स्मार्ट जस्तोको माध्यमबाट पढाउने हो भने विगतको भन्दा धेरै राम्रो

मान्नुपर्छ । विद्यार्थीको बोध क्षमता अनुसार पनि आवश्यक र उपयुक्त चित्र राखिएको छ भने चित्रले रोचक बनाउने पनि देखिएको पाइन्छ । समग्रमा चित्रको वितरण आवश्यक अनुरूप समान छन् । जहाँ राखिनु आवश्यक छन् त्यहाँ नै राखेर विद्यार्थीका स्वअभिव्यक्ति जागृत गराउने हेतुले राखेको हुँदा चित्रले दिने विषयवस्तुको वृहत् ज्ञानलाई स्पष्ट पार्न सहयोग हुने नै देखिन्छ ।

**अभ्यास**

"पाठ्पुस्तकमा अभ्यास राखिनुको मूल अभिप्राय शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु हो (मल्ल, २०७५,पृ.१५) ।" पाठ्यपुस्तकमा अभ्यासहरू जति पर्याप्त र व्यवस्थित रूपमा राखिएको हुन्छ त्यतिनै त्यो पाठ्यपुस्तक स्तरीय बन्न सक्छ । सीपमूलक, विधागत, विविधतामूलक, उद्देश्यअनुरूप, सिर्जनामूलक, घोकन्ते प्रवृत्तिप्रति दुरुत्साहन प्रकृतिका अभ्याहरू समेटिनुपर्छ (भट्टराई, २०७९,पृ.३२) । विद्यार्थीहरूको तह, स्तर, पृष्ठभूमि र रुचि अनुसार पाठ्यवस्तुहरूलाई सुनिश्चित एवम् सुव्यवस्थित अनुक्रममा बाँधेर उद्देश्य प्राप्त गर्ने अभ्यासहरू राखिनुपर्छ (तिमल्सेना, २०५९,पृ.२१) ।

पाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुसँग सम्बन्धित अभ्यासहरूले विद्यार्थीका सिप विकास गराउने गर्दछ तसर्थ पाठ्यपुस्तकमा समेटिएका अभ्यासहरू निश्चित उद्देश्य अनुरूप राखिनु पर्दछ । कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समेटिएका अभ्यासहरू पाठ्यवस्तु अनुसार सिकारुलाई सम्बन्धित सिप विकासका लागि प्रत्येक पाठको आधारमा भाषिक सिप विकास हुने क्रियाकलापमूलक अभ्यासहरू राखिएको छ । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम प्रारूप, २०७७ अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा निर्देशित सिकाइ उपलब्धिका लागि तोकिएका भाषिक सिप विकासका सिकाइ उपलब्धिको विस्तृतीकरण गरिएको छ । त्यसैका आधारमा पाठ्यपुस्तकका अभ्यास खण्डले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप सम्बद्ध क्रियाकलापहरू समाविष्ट गरिएको छ ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप सम्बद्ध प्रश्नहरू राखिएका छन् । पाठ एकदेखि पाठ सत्रसम्मका अभ्यास खण्डमा शब्दार्थज्ञानका लागि शब्दभण्डार, बोध अभिव्यक्तिका लागि बोधात्मक प्रश्नहरू शुद्ध उच्चारण प्रश्नहरू राखिएका छन् । तल्लो कक्षाका लागि पाठ्यपुस्तकमा सुनाइ, बोलाइ र पढाइ, लेखाइ भनी अभ्यास राखिन्थे भनी ठूला तहका लागि अप्रत्यक्ष रूपमा भाषिक सिप

सम्बद्ध प्रश्नहरूको प्रस्तुति गरी निर्देशन गरिएको छ । पाठ एकदेखि पाठ सत्रसम्मका अभ्यासखण्डका अन्तिम खण्डमा भने सुनाइ र बोलाइ, सिर्जनात्मक परियोजना कार्य भनी निर्देशनका आधारमा पाठ सम्बद्ध प्रश्नोत्तरका क्रियाकलाप राखिएको छ । जुन उपयुक्त रहेको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइका लागि अनुच्छेद प्रश्नहरू, भाषिक संरचनात्मक ज्ञानका लागि व्याकरणात्मक अभ्यासहरू प्रश्ननिर्माण र रचनात्मक सिपको विकास हुने अभ्यास राखिएको छ । सिकारु केन्द्रित अभ्यासहरू राखिएको छ । पाठ्यपुस्तकमा समाविष्ट गरिएका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बद्ध अभ्यासहरूको चर्चा यस प्रकार रहेका छन् ।

**सुनाइ सिप**

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठलाई प्रभावकारी बनाउन र सिकारुलाई सक्षम बनाउन सुनाइ सिप विकास सम्बद्ध अभ्यास राखिनुको मुख्य उद्देश्यहरू रहेका छन् । पाठ एकदेखि सत्रसम्मका सुनाइ सिपगत अभ्यासहरूको मूल्याङ्कन गर्नुपर्छ । पाठसँग सम्बन्धित प्रश्नोत्तर, शिक्षक निर्देशित पाठगत वाक्यांश सुनाइ, पाठगत सुनाइका आधारमा खाली ठाउँ भर्ने जस्ता अभ्यासहरू राखिएका छन् । श्रुतिलेख, श्रुतिरचना, बुँदाटिपोट, श्रुतिबोधात्मक प्रश्न, संवादात्मक कार्यकलाप अभ्यासहरू राखिएका छन् । सस्वरवाचन, निर्देशित संवाद अनुसार आफ्नो घटना वर्णन गर्ने, ठिक बेठिक प्रश्न, शिक्षक निर्देशित शब्द लेखन, पाठको सार सुनाइ, प्रकाशित गद्य कविता सुनाइ आदि सुनाइ सिप सम्बद्ध अभ्यासात्मक प्रश्नहरू राखिएको छ । कहीँ कतै बोध र अभिव्यक्ति खण्डमा पाठको अंश शिक्षकबाट सुनेर लेख्नुपर्ने प्रश्न राखिएको छ (कक्षा आठ नेपाली, पृ. १८) ।

**बोलाइ सिप**

पाठ एकदेखि पाठ सत्रसम्मका अभ्यासहरूमा बोलाइ सिप विकास सम्बद्ध पाठगत शब्दार्थ अभिव्यक्ति, शुद्ध उच्चारण, कविताको लयवाचन, मौखिक प्रश्नोत्तर प्रतिभा तथा सिर्जनात्मक क्षमता प्रस्तुति, निर्देशित विषयवस्तुको वर्णन, चित्र वर्णन, पाठगत विषयवस्तुको छलफल र वर्णन, घटना वर्णन, सस्वरवाचन प्रतिष्ठित साहित्यकारको वर्णन संवाद प्रस्तुति, कविता वाचन, यात्रा वर्णन, प्रतिक्रिया दिनु, ठिक बेठिक, खाली ठाउँ छुट्टाइ भन्ने, पाठगत भनाइ पहिचान गरी छुट्टाएर भन्ने, तर्क दिनु, व्याख्या गर्नु, परिवेश (हिमाली) वर्णन, विचार, अभिनय प्रस्तति, प्रश्ननिर्माण र उत्तर अभिव्यक्त गर्ने, दैनिकी वर्णन, कथन विस्तार आदि बोलाइ सिप विकास गर्ने उद्देश्यले अभ्यासहरू राखिएका छन् । जुन पाठसँग

सम्बद्ध गराएर क्रियाकलापहरू राखिएको हुँदा प्रत्येक पाठगत भिन्न भिन्न रूपका विषयवस्तु राखी बोलाइ सिपगत प्रश्नहरू दिएर सिकाइ निर्देशित गरिएको उपयुक्त नै छ ।

**पढाइ सिप**

पढाइ सिपका लागि पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको मूल्याङ्कनका क्रममा पाठ एकदेखि सत्रसम्मका पाठगत अभ्यासखण्ड अवलोकन गरिएको छ । शब्दको शुद्ध उच्चारण, मौन पठन, सस्वरपठन, पाठको भाव विस्तार, व्याख्या, पाठको सारांश प्रस्तुति, निर्देशित अनुच्छेद पठन र प्रतिभा प्रस्तुति, पाठको सस्वरवाचन गर्ने, द्रुतपठन, व्याकरणिक पदको पहिचान र तालिकीकरण गर्ने, पारिभाषिक, पर्यायवाची शब्दको पठन र छलफल गर्ने, सन्दर्भ पठन, अनुच्छेद पठन र शब्द पहिचान गर्ने, लेख्य चिह्नको आधारमा पठन गर्ने, समाचार पत्र, चिठी पठन गर्ने, सङ्कथनका विशेषता पहिचान गर्ने विभिन्न पद पदावलीको पठन र पहिचान गर्ने अभ्यास, समीक्षात्मक प्रश्नोत्तर, बुँदा टिपोट र प्रस्तुति, शब्दांश भर्ने, सन्दर्भ पठन र अभिनय गर्ने, निर्देशित विषयवस्तु पठन र कारक पहिचान आदि सिकारुको पढाइ सिपका लागि पाठ सम्बद्ध उपयुक्त अभ्यासहरू उल्लेख गरिएका छन् । जसमा रचनात्मक, सिर्जनात्मक, परियोजनात्मक र भाषिक संरचना वर्णविन्यास सिकाइका लागि सम्बद्ध विषयवस्तुगत अभ्यास राखिएका छन् ।

**लेखाइ सिप**

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका अभ्यासहरूमा लेखाइ सिप सम्बद्ध क्रियाकलाप पनि राखिएका छन् । पाठ एकदेखि सत्रसम्मका अभ्यास खण्डका कार्यकलापमा सिकारुको लेखाइ सिप विकासका लागि विभिन्न विधागत पाठ्यवस्तुअनुसार अभ्यासहरू राखिएका छन् । निर्देशित अर्थ आउने शब्द लेखन, लयात्मक शब्द लेखन, निर्देशित शब्दको वाक्यनिर्माण, पाठगत प्रश्नोत्तर लेखन, शब्दांश लेखन, पाठगत मूलभाव लेखन, व्याख्या, पद पहिचान गरी तालिका निर्माण, चित्रवर्णन, यात्रा वर्णन आत्म जीवनी लेखन, श्रुतिलेखन, अनुच्छेद लेखन, बुँदाटिपोट, दैनिकी लेखन, व्यावसायिक तथा, शुभकामना पत्र लेखन, समवेदना पत्र तयार, घटनाक्रम मिलान र पाठगत अंश सारांश लेखन, समीक्षा लेखन, व्याकरणिक कालका क्रियापद पहिचान गरी तालिका निर्माण, विधागत सार लेखन, मनोवाद, संवाद, निबन्ध जीवनी लेखन, कथा लेखन, चरित्र चित्रण, घटनासूची, निर्देशित वाक्य परिवर्तन, अनुलेखन, पाठगत प्रश्ननिर्माण, अनुच्छेद लेखन घटना टिपोट, निर्देशित स्थलको

कारणसहित पुष्टि गर्नु, शुद्ध लेखन सम्पादकलाई चिठी लेखन आदि लेखाइ सिप अनुरूपका अभ्यासहरू राखिएका छन् । यी पाठगत राखिएका अभ्यासहरूमा प्रत्यक्ष रूपले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि प्रश्नहरू भनेर उल्लेख अलग अलग गरिएतापनि भाषिक सिप विकासका लागि एक अर्कामा सम्बद्ध हुने गरी उपयुक्त अभ्यासात्मक प्रश्नहरू राखिएका छन् ।

भाषिक सिप विकासका लागि अभ्यास खण्डमा विभिन्न प्रकृतिका प्रश्नहरू प्रस्तुत गरेको छ । बोध र अभिव्यक्ति खण्डमा पाठ एकदेखि पाठसत्रसम्मका अभ्यासहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि पाठगत फरक रूपमा निर्देशित अनुच्छेद, निर्देशित सन्दर्भहरूका प्रश्नहरू राखिएका छन् । जसले सिकारुको बोध र अभिव्यक्ति सिकाइका संज्ञान पक्षमा मात्र जोड नदिई त्यसै भित्रबाट भाषाका चारवटै सिप विकास पनि गराउने र विद्यार्थीहरूका व्यावहारिक तर्फ पनि विकास गराउने उद्देश्यले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बद्ध प्रश्नहरूमा अभ्यस्त हुन जोड दिइएको पाइन्छ । सुनाइ सिपका लागि भने प्रत्येक पाठगत अभ्यासहरूमा यस खण्डमा जम्मा एक संख्याका आधारमा पाठलाई सस्वरवाचन गरी सुनाउने प्रश्न, आफ्नो विचार सुनाउने प्रश्न, निर्देशित सन्दर्भगत आफ्नो इच्छा सुनाउने प्रश्न, आत्मघटना सुनाउने प्रश्न, अरुको काम प्रशंसा गरी सुनाउने प्रश्न आदि यस्ता प्रकृतिका ‘सुनाउनुहोस्’ भन्ने निर्देशनका सुनाइ सिप अभ्यासात्मक प्रश्नहरू राखेको पाइन्छ । प्रत्यक्ष रूपमा सुनाइ सिप विकासका प्रश्न भनी निर्देशन नगरेपनि एउटा शिक्षकले दिइएका अभ्यास कार्यकलापलाई भाषिक सिपका सिद्धान्तको अवलम्बन गरी सिकाइ गराउन बोलाइ, पढाइ र लेखाइ सिपगतका अन्य प्रश्नका अभ्यासहरूलाई जोड दिई सुनाइ सिप सिकाइ गराउन सकिने अभ्यास राखिएको छ । विद्यार्थीका सर्वाङ्गीण पक्षलाई ख्याल गरी सिप सिकाइमा व्यस्त राखी व्यावहारिक सिकाइ गराउने उद्देश्यले विभिन्न प्रकृतिका बृहत् अभ्यासहरू राखेको छ । प्राज्ञिक पक्षका आधारमा राम्रो मान्नुपर्छ ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका पाठ र अभ्यास खण्डका प्रश्नहरूले सिकारुको सुनाइ र बोलाइ, पढाइ र लेखाइ सिप विकास गर्ने उद्देश्यले उपयुक्त ढाँचामा प्रस्तुत गरिएको छ । सिकारु केन्द्रित अभ्यासहरू राखिएको हुँदा सिर्जनात्मक क्षमताको विकास हुन्छ भने पाठ्यक्रमले राखेको सिकाइ उपलब्धिका उद्देश्य अनुरूप सहज रूपमा प्राप्त हुन सक्ने आधार देखिन्छ ।

प्रस्तुत अभ्यासहरूको माध्यमबाट सिकारुहरूको ज्ञान, सिप, धारणा, बोध तथा अभिव्यक्ति क्षमताको विकास हुनुका साथै सिर्जनात्मक क्षमताको विकास हुने सुहाउँदो क्रियाकलात्मक अभ्यास राखिएको छ । व्याकरण सिकाइका लागि भाषिक संरचना र वर्णविन्यास शीर्षक राखेर काल, पक्ष, भाव, कारक, वाक्य, शब्दवर्ग, कारक, लेख्य चिह्न्, शब्दभण्डार, पदसङ्गति आदि विषयवस्तुहरूको अभ्यास पनि राखिएको छ । एकदेखि सत्रसम्मका पाठअनुसार सरलदेखि जटिलका क्रममा व्याकरणिक कोटिका सिकाइ पाठ्यवस्तु कार्यकलाप राखिएका छन् । पाठसँग सम्बद्ध गराई व्याकरण सिकाइ अभ्यास प्रस्तुत गरिएको छ । भाषाभित्रै व्याकरण सिकाइ गराउने उद्देश्यले अभ्यास खण्डमा उपयुक्त क्रियाकलाप राखिएको उचित नै रहेको छ । विगतका तुलनामा राखिएका अभ्यासहरू व्यावहारिक र उद्देश्यरूपी अनुकूल रहेको छ ।

सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिप विकास गराउने खालका अभ्यासहरू पूर्ण, प्राप्त राखिएको छ । लामो, छोटो प्रकृतिका प्रश्नोत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्टाउने आदि भाषिक सिप विकास गर्ने अभ्यास राखिएको उपयोगी छन् । विद्यार्थीहरूलाई एउटा अभ्यास कार्यकलाप गराउन पर्याप्त रूपमा विद्यालय पाठ्यभारका समयभारले भने अपुग हुने सम्भावना भएकाले पूर्ण रूपमा अभ्यस्त हुन नसक्ने सम्भावना कक्षाकोठाको वातावरणले पनि प्रभाव पार्न सक्ने एउटा समस्या देखिन्छ । अन्य प्रत्यक्ष प्रभाव पार्ने त्यस्तो छैन, समयको अपुगले कक्षाकोठामानै पाठसँग सम्बन्धित अतिरिक्त कार्यकलाप गराउन समस्या हुने देखिन्छ । यदि विद्यार्थी स्वअध्ययन अभ्यास गृहकार्यका रूपमा गरेर सिकाइ गर्न सक्ने खण्डमा अभ्यास उपयुक्त देखिन्छ । आफ्नै स्थानीय व्यक्ति, स्थानमा प्राप्त हुने खालका विषयवस्तु समेटी अभ्यासात्मक प्रश्न निर्देशित गरिदिए अझै उपयोगी देखिएका छन् । भाषिक सिपगत सिकाइ र व्यावहारिक सिप विकास अनुरूप अनुलेखन, अनुच्छेद लेखन, घट्नाक्रम मिलान, बुँदाटिपोट र अभिव्यक्ति आदि सबै प्रकृतिका सिपलाई जोड दिने प्रश्नहरू उल्लेख गरिएका छन् जुन राम्रै छन् । भाषाशिक्षण सिकाइ गराउन पनि सहज हुने खालका अभ्यासहरू रहेका छन् । विद्यार्थीका रुचि, क्षमता, स्तर मनोविज्ञानलाई ख्याल गरी सहज रूपमा सिकाइ गर्ने र उत्तर पत्ता लगाई लेख्न सक्ने निर्देशित अनुच्छेद पनि राखिएको छ (पदमार्ग ४ पृ.८३)। प्राज्ञिक विशेषताका आधारमा कक्षाआठको नेपाली पाठ्यपुस्तकका अभ्यास प्रशस्त र पर्याप्त रहेको छ ।

सिपगत समग्रताका आधारमा पाठ एकदेखि पाठ सत्रसम्मका पाठसँग सम्बन्धित अभ्यासहरूमा शब्दभण्डार अन्तर्गतका प्रश्नहरू, सिर्जना र परियोजना कार्यका प्रश्नहरू र सुनाइ तथा बोलाइ सिपगतका प्रश्नहरू भन्दा बढी बोध र अभिव्यक्ति अन्तर्गत राखिएका प्रश्नहरू र भाषिक संरचना तथा वर्ण विन्यास सिकाइका लागि राखिएका प्रश्नहरूको सङ्ख्या बढी पाइन्छ । भाषिक सिप विकासका दृष्टिले पनि  प्रश्नहरूको सङ्ख्या बोध र अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यासका अभ्यासहरूमा बढी संख्याले राखेको पाइन्छ ।

**निर्देशन**

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तु, अभ्यास क्रियाकलाप, शब्दार्थ, वाक्यहरूको शृङ्खलाले सिकारुको बोध क्षमताको विकास गराउने गरी प्रस्ट रूपमा उल्लेख गरिनुपर्छ । प्रस्ट र उपयुक्त निर्देशनले विद्यार्थीलाई विषयवस्तुबारे स्पष्ट ज्ञान प्राप्तीमा सहज हुन्छ । प्रस्तुत कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समेटिएका पाठ्यवस्तुको पहिचानका लागि एकदेखि सत्रसम्मका पाठमा पूर्व पठनको निर्देशन दिई सम्बन्धित पाठबारे र चित्र प्रस्तुतिले विषयवस्तुको सार सङ्केत उल्लेख गरी सहज रूपमा मूलपाठको सूचना जानकारी प्राप्त गर्न सक्नेगरी निर्देशन दिएको छ । जस्तैः पाठ एक ‘सहिदहरूको सम्झनामा’ शहिदगेटको चित्र दिई सपुतहरूको योगदानको स्मरणसँग पाठ्यवस्तु सम्बद्ध गराई निर्देशन गरिएको छ र पाठ दुई ‘साकार सपना’ मा चार वीर योद्धा तथा राजाका तस्विरको प्रस्तुतिले पाठसँग सम्बन्धित गराई विषयवस्तुको ज्ञान निर्देशन गरिएको छ । अभ्यास खण्डमा गर्नुपर्ने कार्यकलापलाई प्रस्ट निर्देशन दिइएको छ । शब्दभण्डार ज्ञान बृद्धिका लागि अर्थआउने शब्दको खोजी, लय मिल्ने शब्दको पठन र लेखन, शब्दार्थ जोडामिलान, बोध र अभिव्यक्ति दिने प्रश्न, सुन्ने र बोल्ने, पढ्ने र लेख्ने कुराहरूलाई प्रस्ट निर्देशन गरिएको छ । प्रश्नोत्तर गर्ने, छलफल गर्ने, चित्र वर्णन, चरित्र चित्रण, घटना वर्णन र मिलान पुनर्लेखन, प्रतिभा प्रस्तुति, प्रश्ननिर्माण, विधागत रचना लेखन र प्रस्तुतिको निर्देशन विद्यार्थीका स्तर तह, क्षमता अनुसार उपयुक्त ढङ्गले गरिएको छ । कक्षा आठको विद्यार्थीका बोध क्षमताअनुसार सहजै निर्देशन पहिचान गरी छुट्याउन सकिने निर्देशन रहेको छ । पाठको प्रत्येक कविता श्लोकमा हुने विश्राम, लय, गति, यति को विराम, लेख्य चिह्न प्रस्ट दिइएको छ । कथा, निबन्ध अन्य विधा प्रस्तुतिमा वाक्यबीचको सङ्गठन र विचार, प्रस्तुतिको सार शृङ्खलामा पूर्णविराम, प्रश्नवाचक, विस्मयाधिबोधक चिह्न, उद्धरण जस्ता चिह्नले विषयवस्तुको सम्बन्ध प्रस्ट पार्ने निर्देशन दिइएको हुँदा कक्षा आठको नेपाली

पाठ्यपुस्तकमा समेटिएका प्रत्येक पाठको अभ्यास विषयवस्तुको सिकाइ निर्देशन पाठ एकदेखि सत्रसम्मका निर्देशन स्पष्ट उपयोगी रहेको छ । अभिनय गर्नुपर्ने ठाउँमा अभिनय, संवादमा संवाद कार्यकलाप, चिठी लेखनमा चिठी रचना, गद्य रचनामा पत्रिकाबाट कविता खोजी र प्रस्तुति, यात्रा वर्णन आदि प्रस्ट निर्देशनले सिकारुको रुचि क्षमता अभिव्यक्तिमा सहयोग पुऱ्याउने देखिएका छन् ।

पाठ्यक्रम अनुरूप दिइएका चित्र वर्णन, चित्रको व्यवस्था राखिएको उपयुक्त हुँदा हुँदै पनि प्राज्ञिक विशेषताका आधारमा विभिन्न भाषिक वक्ता, धर्म र उमेर स्तरका विद्यार्थीहरूलाई सिकाइ गराउनको लागि अभ्यास खण्डमा दिएको चित्रवर्णनमा भने झट्ट हेर्दा द्वन्द्व गर्न लागेको होकी भन्ने नकरात्मक धारणा बोध गर्न सक्ने सम्भावित बुद्धको चित्र राखिएको अलिकति झट्टै हेर्दा असर पर्न सक्ने खालको छ (साकार सपना, पृः २०) । पठनबोध तर्फ निर्देशित चित्रको खण्डन गर्ने हो भने विद्यार्थीको मनोविज्ञान, उमेर क्षमता र स्तरअनुसार प्रत्यक्ष रूपमा व्यावहारिक ज्ञानका लागि भने भेटवार्ता गरी सिप सिक्नलाई भने कठिन हुने व्यक्ति पेलेको तस्विर प्रस्तुत गर्नु सैद्धान्तिक पक्षबाट उपयुक्त भएपनि व्यावहारिक ज्ञानका लागि अलि अनुपयुक्त हुने देखिएको कमजोरी छ तर पनि प्राज्ञिक पक्षका आधारमा राम्रै बनेको छ । एक दुई वटा यस्ता चित्रको गुणस्तरियताको प्रयोगले प्रत्यक्ष रूपमा प्रभाव पार्न सक्दैन किन भने पूर्व अनुभव परीक्षण गर्ने भएकाले नबुझेका कुरा शिक्षकले सिकाउँदा समस्या छैन ।

**सिर्जना र परियोजना कार्य**

अभ्यासात्मक खण्ड अन्तर्गत सिर्जना र परियोजना कार्यको उपशीर्षक प्रश्नहरू समावेश गरी प्रस्तुत गरेको पाइन्छ । पाठ एकदेखि सत्रसम्मका अभ्यासको अन्त्यमा दिइएका सिर्जना र परियोजना कार्यमा प्रश्न सङ्ख्याका दृष्टिकोणले जम्मा दुई ओटा प्रश्न दिई विद्यार्थीहरूका सिर्जनात्मक क्षमता र परियोजनात्मक कार्य क्षमताको विकासका लागि भाषिक सिप परीक्षणमा जोड दिने प्रश्न राखिएको छ । पाठगत विधा तथा विषयवस्तु अनुरूप रचनात्मक सिकाइमा जोड दिने प्रश्नहरू राखिएको छ । व्यावहारिक सिप विकासलाई जोड दिई यस्ता अभ्यास राखिएको सबल पक्ष मान्नुपर्छ । विगतका पाठ्यपुस्तकका अभ्यासहरूका तुलनामा वर्तमान समयमा निर्माण भएका पाठ्यपुस्तक सिर्जनाका लागि र खोज अनुसन्धान गरी व्यावहारिक कुशलतामा दक्षता हाँसिल गराउने

उद्देश्यले राखिएको प्रश्नहरू उपयुक्त, रुचिअनुकूल, उपयोगी र व्यावहारिक छन् । रचनात्मक तथा सिर्जनात्मक क्षमताका विकासका लागि व्यावहारिक प्रकृतिका प्रश्नहरूको संख्या प्रत्येक पाठगत अभ्यासमा जम्मा दुई ओटा मात्र राखी क्षमताको मूल्याङ्कनका लागि थोरै, अपर्याप्त हुने देखिन्छ । संज्ञान पक्षका प्रश्नहरूमा भन्दा व्यावहारिक पक्षलाई विकास गराउने प्रश्नहरू थप गर्नु उपयुक्त हुने देखिन्छ । बोध र अभिव्यक्तिका अभ्यासहरूमा सबै भन्दा बढी प्रश्नहरू दिइएको पाइन्छ (कक्षा आठ नेपाली पृ. ३९-४६) । पाठ्यक्रमअनुरूप र पाठ्यपुस्तकका प्राज्ञिक विशेषताका आधारमा अभ्यासमा समेट्नु पर्ने सिर्जनात्मक प्रश्नहरू कम भएपनि सिद्धान्त अनुसार भाषिक सिपलाई जोड दिई व्यावहारिक रूपमा प्रस्तुत गर्ने प्रयास गरेको पाइन्छ । कविता विधामा कविता लेखन वा लयवाचन, कथा विधामा कथा लेखन र सुनाइ, जीवनी विधामा जीवनी रचना र व्यक्तिगत विवरण प्रस्तुतिगत प्रश्नहरू दिइएका छन् । चिठी विधामा चिठी लेखन र अभिव्यक्ति, निबन्ध विधामा निबन्ध लेखन र प्रकाशित लेख पठन र अभिव्यक्ति, संवाद विधामा संवाद लेखन र सूचना सुनाइ प्रस्तुति, मनोवाद विधामा मनोवाद लेखन र प्रस्तुति, दैनिकी लेखन र चाडपर्वको खोजी र प्रस्तुति, यात्रावर्णन र प्रस्तुति आदि प्रश्नहरू दिइएको छ । विधागत तथा विषयवस्तुका आधारमा पाठसँग सम्बन्धित गराएर सिर्जना र परियोजना कार्यका उपशीर्षकमा अभ्यासात्मक प्रश्नहरू राखी विद्यार्थीहरूलाई लेखाइ सिपमा जोड दिइएको छ । शोध खोज गरी विषयवस्तु लेखनमा जोड दिइएको छ । बोलाइ सिपका लागि अभिव्यक्ति प्रस्तुतिमा जोड, पढाइ सिप र सुनाइ सिप यी सबै सिप विकास गर्ने गरी चक्रिय स्वरूपमा सिर्जनात्मक र शोध खोज अनुसन्धानात्मक प्रश्नहरू राखिएको पाइन्छ । सिर्जनाका लागि लेखाइ सिपमा जोड दिने प्रश्न अलग र सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि दोस्रो प्रश्नमा एकीकृत सिप सम्बद्ध गराएर सिकाइ गराउने गरी अभ्यासमा प्रश्नहरू राखिएको पाइन्छ । विगतका तुलनामा व्यावहारिक साहित्यिक तथा साहित्येत्तर रचना सिप विकासका लागि यस खण्डमा राखिएका प्रश्नहरू विद्यार्थीका क्षमता परीक्षणका लागि उपयोगी प्रभावकारी रहेका छन् ।

अभ्यासमा राखिएका शब्दभण्डार, बोध र अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास, सुनाइ र बोलाइ सिर्जना र परियोजना कार्य अन्तर्गत राखिएका अभ्यास प्रश्नहरूको सिपगतक्रमले वितरण गरिएको छ । पाठ एकदेखि पाठ सत्रका अभ्यास खण्डका प्रश्नहरूको अवस्थामा सुरुमा सुनाइ र बोलाइ सिपका आधारमा पाठको पढाइ पश्चात अभ्यासमा लेखाइ, पढाइ र लेखाइ, बोलाइ, पढाइ, लेखाइ, सुनाइ पुनः चक्रिय स्वरूपमा सिपको जोड

दिइएको छ । पढाइ र लेखाइ, बोलाइ, सुनाइ, लेखाइका प्रश्न र सुनाइ र बोलाइ सिपका प्रश्न त्यसपछि लेखाइ र सुनाइ बोलाइ सिपगत प्रश्नका अभ्यास राखिएको पाइन्छ । मिश्रित, चक्रीय र एकीकृत अवलम्बन कतै कतै पृथकीय सिपगत प्रश्नहरू राखिएको पाइन्छ । सबैभन्दा बढी बोलाइ, पढाइ र लेखाइ सिप विकासमा जोड दिने प्रश्नहरूका अभ्यास राखिएको पाइन्छ । सुनाइ सिप विकासका लागि पाठका विषयवस्तु सुहाँउदो राखिएतापनि अभ्यास खण्डका प्रश्नहरूमा भने सीमित रूपमा कमै राखिएको पाइन्छ । सुनाइ सिपका प्रश्नहरू कम भएपनि पाठमा राखिएका विषयवस्तुको पढाइबाट लेखाइ र बोलाइ सिपगत प्रश्नहरूका सन्दर्भहरूबाट सुनाइ सिपको विकास गराउन खोजिएको छ । शिक्षण सिकाइ गर्ने क्रममा विद्यार्थीहरूलाई सिपको सम्बन्धित गराएर सिकाउन सकिने सरल निर्देशनका प्रश्नहरूबाट एकीकृत गराएर अभ्यास गराउन सकिने हुँदा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूले भाषिक सिप विकासका साथै व्यावहारिक सिपको विकास गराउने उद्देश्य अनुरूप समावेश गर्ने प्रयास भएको सबल पक्ष रहेको छ ।

### पाठ्यपुस्तकसम्बन्धी शिक्षकहरूको दृष्टिकोण

शोधकार्यका उद्देश्य परिपूर्तिका क्रममा यस अध्यायमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको मूल्याङ्कन गर्ने काम गरिएको छ । वर्तमान पाठ्यक्रमको प्रारूप अनुरूप सान्दर्भिक रूपमा नयाँ नेपाली पाठ्यपुस्तकको निर्माण अवस्थालाई मध्यनजर गर्दै कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताका मूल्याङ्कन सम्बन्धी विषय शिक्षकसँग प्रश्नावली निर्माण गरी अन्तर्वार्ता गरियो । सोही आधारमा उक्त पाठ्यपुस्तकको, विषय शिक्षक तथा विज्ञका आधारमा व्याख्या विश्लेषण गरिएको छ । क्याम्पस प्रमुख र नेपाली भाषा पाठ्यपुस्तकका शिक्षक मनु नेपालको सल्लाह सुझाव तथा चिठीको माध्यमद्वारा शोध निर्देशकको निर्देशनमा ६ विद्यालयका १० जना नेपाली विषय शिक्षकहरूलाई प्रत्यक्ष सहभागी भई अन्तर्वार्ता लिइएको छ । सोही तहका विषय शिक्षकहरूलाई नयाँ परिमार्जित तथा परिष्कार कक्षा आठ नेपाली पाठ्यपुस्तकको विशेषता, पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको निर्माण, प्राज्ञिक विशेषताका आधारमा पाठ्यपुस्तकका उपयुक्तता, पाठ्यपुस्तकको शिक्षण सिकाइमा सहजता, पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको प्राप्ति विद्यार्थी केन्द्रित पाठ्यपुस्तक सम्बोधित, समाविष्ट पाठ्यवस्तु विषयवस्तु, अभ्यासको अपेक्षित उद्देश्य प्राप्ति आदि प्रश्नहरूको सम्बन्धमा सोधपुछ गरी

दिइएका उत्तरहरूको व्याख्या विश्लेषण गरिएको छ । तथ्य सङ्कलन गर्ने क्रममा ६ वटा विद्यालयको १० जना शिक्षकहरूलाई छनोट गरिएको छ ।

विषय शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण : कक्षा आठमा अध्यापन गर्ने सरकारी विद्यालयका विषय शिक्षकका लागि १० वटा प्रश्नहरू राखी अन्तर्वार्ताका प्रश्नावली अनुसूची बनाइएको थियो । सोही अनुसूची प्रयोग गरी अन्तर्वार्ताका माध्यमबाट उत्तर जानकारी लिइएको थियो । अन्तर्वार्ताको अनुसूचीको प्रयोगबाट प्राप्त भएका उत्तरहरूका तथ्यका विश्लेषण यसप्रकारले गरिएको छ :

**प्रश्न नं. १ वर्तमान पाठ्यपुस्तकका महत्त्वपूर्ण विशेषताहरू के के हुन् ?**

प्राप्त तथ्यअनुसार वर्तमान पाठ्यपुस्तकका महत्त्वपूर्ण विशेषताहरूमा वर्तमान समाज चित्रण, व्यक्तिका जीवनी चित्रण, समाािजक, सांस्कृतिक, ऐतिहासिक आर्थिक, नैतिक विषयवस्तु सम्बन्धित पूर्ण पठन जस्ता विषयवस्तुको विशेषताहरू छ भनी समान रूपमा व्यक्त गर्नु भएको छ । पाठ्यपुस्तकमा खोजमूलक अभ्यास राख्नु, सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको ज्ञानमा विद्यार्थीका सहभागितामा वृद्धि गर्ने विषयवस्तु, प्रशस्त अभ्यास, भाषिक संरचना, शब्दभण्डार, वर्णविन्यास, चित्र, सिर्जना र परियोजना कार्य राखिएको उपयुक्त छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय जगतका साहित्य जीवनी साहित्यकार बिच अलि फरक खोज सिकाइका विषयवस्तु, तल्लो र माथिल्लो तहका विषयगत समन्वय, भाषिक सिपगत विषयवस्तुमा जोड, आदि उपयुक्त निर्देशन दिनु पाठ्यपुस्तकका महत्वपूर्ण विशेषता हुन् ।

**प्रश्न नं. २ पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तक निर्माण भएको छ ?**

प्रस्तुत प्रश्नावलीका प्राप्त तथ्यअनुसार पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तक निर्माण भएको भनी जवाफ दिनेको मत समान रहेको थियो भने एक जनाको मतमा थप अलिकति सन्दर्भ अनुसार नयाँ पाठ विषयको साहित्यकारको रचना गरिदिए हुने भन्ने विचार प्रस्तुत गर्दै अझै पनि यस पाठ्यपुस्तकमा पुरानो शैली पाउन सकिन्छ भन्ने जवाफ प्रस्तुत गर्नुभएको छ ।

**प्रश्न नं. ३ पाठ्यपुस्तकका प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक उपयुक्त रहेको छ ?**

लक्षित शिक्षक वर्गबाट यस प्रश्नको जवाफहरूमा विधागत विषयवस्तु तथा पाठ्यवस्तुका कविता, कथा, जीवनी, निबन्ध, प्रबन्ध, संवाद, मनोवाद, दैनिकी, यात्रावर्णन, मनोवाद आदि प्राज्ञिक विशेषताहरूका आधारमा पाठ्यपुस्तक विद्यार्थीहरूका लागि उपयुक्त रूपमा बनेको छ भन्ने जवाफमा समानता रहेको पाइयो । एकजना शिक्षकबाट चिठी विधा (व्यावसायिक चिठी, पृ.३६) अलि तहगत र क्षमता अनुकूल अनुपयुक्त रहेको प्रतिक्रिया दिइएको छ । भाषिक सिपलाई जोड दिई सिकाइ गराउने गरी पाठ्यपुस्तक बनेको हुँदा उपयुक्त छ । पाठ्यक्रम तथा विषय विज्ञ, शिक्षक वर्गबाट पाठ्यपुस्तक निर्माण हुने हुँदा विद्यार्थी केन्द्रित पाठ्यपुस्तक विगतको तुलनामा उपयुक्त रूपमा रहेको छ भन्ने प्रतिक्रिया समान आएको छ । चित्रको व्यवस्था आवश्यक सङ्ख्यामा रहेको छ भने पाठभन्दा बढी अभ्यास दिइएको पनि उपयुक्त रहेको जवाफ प्राप्त भयो । अभ्यास, व्याकरणिक कोटि र विषयवस्तु तह र स्तरअनुसार थप गरी राखिएको उपयुक्त छ भनी पाठ्यपुस्तकको प्राज्ञिक पक्षलाई जोड दिएको आधारमा प्रतिक्रिया दिनुभएको छ ।

**प्रश्न नं. ४ नेपाली पाठ्यपुस्तकमा दिइएका पाठ्यवस्तु, शब्द भण्डार, भाषा संरचना, अभ्यास, चित्र र निर्देशन विद्यार्थीका लागि उपयोगी छन् ?**

यस प्रश्नको जवाफमा पाठ्यवस्तु (विषयवस्तु) स्थानीय क्षेत्रमा प्राप्त हुने सामग्री, प्रविधिको प्रयोगबाट हुने सिकाइ अनुकूलका व्यावहारिक पाठ्यवस्तु, अभ्यास, शब्दभण्डार विद्यार्थीअनुकूलका बोधगत चित्रहरूको व्यवस्था गर्नु विषयवस्तु तर्फ उपयोगी नै देखिन्छ भन्ने प्रतिक्रियामा समानता पाइयो भनी तहगत रूपमा थप विषयवस्तु राखिएकोउपयुक्त छन् । भाषिक सिपगत प्रशस्त अभ्यास दिनु, लामो छोटो प्रश्नोत्तर, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, ठीक बेठीक प्रश्न अभ्यास खण्डमा दिनु विद्यार्थीहरूका लागि उपयोगी नै छन् । तहगतका आधारमा वाक्य संश्लेषण, विश्लेषण, काल, पक्ष थप गरेर आएको उपयुक्त छ । प्रश्नहरूको मिलान सरल जटिलका क्रममा रहेको छ जस्तै, अनुच्छेद पढी सहजै उत्तर पत्ता लगाउन सक्ने गरी राखेको हुँदा उपयोगी छन् (पदमार्ग, पृ.८३) । एक जना शिक्षकले अभ्यासमा प्रयुक्त सिर्जना र परियोजना कार्यका लागि निर्देशित प्रश्न विद्यार्थीका लागि अनुपयोगी हुने वा अस्पष्ट निर्देशन रहेको विचार व्यक्त गर्दै भन्नुहुन्छ

परियोजनाका लागि विकल्पका प्रश्नहरू स्थानीय क्षेत्रमा सबैका लागि सहज खोज गरी लेख्न सकिने अभ्यास प्रश्न दिए राम्रो हुने धारणा सुझाव गर्नुहुन्छ ।

शब्दभण्डार विकास अन्तर्गतमा पाठगत शब्दहरूको प्रयोगमा तत्सम, तदभव र आगन्तुक शब्द राखिएको उपयुक्त छ भनी एक जना शिक्षकले प्रतिक्रिया दिनुभएको छ । समान रूपमा प्रतिक्रिया व्यक्त गर्ने शिक्षकका विचारमा शब्दभण्डार विकासका लागि पारिभाषिक, अनेकार्थी, विपरीतार्थी, लघुतावाची, पर्यायवाची, अनुकरणात्मक शब्द आदि विविध क्षेत्रका शब्दहरू दिएर विद्यार्थीका लागि शब्दज्ञान दिइएका छन् जुन उपयोगी छन् । भाषासंरचना अन्तर्गत भन्नुहुन्छ, सहज रूपमा रहेको प्रतिक्रिया समान छन् भने थप एक जना शिक्षक भन्नुहुन्छ सिकाइका क्रममा कुनै शब्द अलग डिकोमा लेख्नु पर्ने नियम आएकोले विद्यार्थीमा पहिले एउटै डिकोमा लेखेको अहिले कसरी अलग आयो भन्ने कुरामा बुझाउन कठिन शब्द रहेको छ र व्याकरणिक कोटि पुरुष अन्तर्गतको सिकाइमा अलिकति प्रस्ट नभएको कठिन भएका बताउनु हुन्छ । नवीन भाषाशैली प्रयोगमा जोड दिने विषय वस्तु, अभ्यास आएकाले विद्यार्थीहरूका लागि उपयोगी नै छन् समग्रमा भनी प्रतिक्रिया व्यक्त गर्नुभएका छन् ।

**प्रश्न नं. ५ नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरूले शिक्षक तथा विद्यार्थीहरूलाई शिक्षण सिकाइ गर्न र गराउन कतिको सहजता प्रदान भएको छ ?**

लक्षित वर्गका शिक्षक वर्गबाट प्राप्त तथ्यहरूको आधारमा उक्त प्रश्नावलीको प्रतिक्रिया दिनुहुन्छ विद्यार्थीहरू विभिन्न भाािषक पृष्ठभूमिबाट आउने भएकाले सो आधारमा भाषिक वक्ताहरूलाई सिकाइ गराउन भने अलि कठिन देखिएका छन् । नेपाली पाठ्यपुस्तक भएकाले नेवारी भाषाका शब्द, नेपाली भाषिका ठेट ठाडो शब्दको प्रयोग पनि भएको हुन्छ त्यस्तो अवस्थामा अलि गाह्रो छ भनी एकजना शिक्षकले प्रतिक्रिया दिनुभएको छ । बोलाइ सिप सिकाइमा उच्चारण, लेखाइ सिप सिकाइमा वर्णविन्यास र शब्दगत प्रयोगमा समस्या कतै कतै अझै पनि भएको छ । सुरुमा नयाँ पाठ्यपुस्तकबाट शिक्षण गराउँदा विद्यार्थी अल्मलिएका थिए भने पछिल्लो समयमा सिकाउँदा सहजै बुझ्न सकेका छन् भनी एक जना शिक्षकले शिक्षण अवस्थामा भएको अनुभवलाई पनि व्यक्त गर्दै प्रतिक्रिया दिनुभएको छ । समान विचारका आधारमा शिक्षकवर्गबाट प्रतिक्रिया दिनुभएको छ, जहाँ नवीन पाठ्यपुस्तक बनेकोले, भाषिक सिप विकास र व्यावहारिक सिप विकास गर्ने विषयवस्तुहरू समावेश

गरेकोले सिकाइ गराउन सहज छ भनी जवाफ दिनु भएको छ । स्मार्टको प्रयोग गरी सिकाइ गराउने तथा प्रविधिको प्रयोग गरी सिकाइ गर्न सकिने विधा भएकाले गाह्रो नभएको बताउनु हुन्छ । अभ्यास गराउँदै जाँदा कठिन पाठ अभ्यास सिकाउन सकिन्छ भन्ने धारणा दुई जना शिक्षक वर्गबाट प्राप्त भएको छ । एक जना शिक्षक भन्नु हुन्छ साकार सपना र डल्ले खोला कथाको सिकाइ गराउन भने अलिकठिन रहेको र विद्यार्थीको बोध अनुकूल नभएको धारणा व्यक्त गर्नुभएको छ ।

**प्रश्न नं. ६ पाठ्यपुस्तकमा के कस्ता सबल पक्षहरू रहेको छन् ?**

सन्दर्भगत विषयवस्तु र विधागत पाठ्यवस्तु, शब्दभण्डार, शब्दार्थ, प्रशस्त अभ्यास, पूर्वपठन, पाठगत रङ्गी चङ्गी चित्र, अक्षर व्यवस्था, भाषाभित्रै व्याकरण सिकाइ, व्यावहारिक पक्षमा जोड, शिक्षामुखी सिकारु केन्द्रित सक्रियता वृद्धि गर्ने पाठ्यपुस्तक, शिक्षकको दक्षता क्षमता सम्बोधन अनुकूल, शिक्षण विधि प्रयोग सहजता, श्रव्य दृश्यात्मक सामग्री प्रयोग गरी सिकाइ गर्न सकिने विविध विषयवस्तु तथा अभ्यासहरू सबल छन् भनी समान प्रतिक्रिया दिनुभएको छ । स्थानीय क्षेत्रमा प्राप्त हुने सामग्री अनुकूल सिर्जना र परियोजना कार्यको अभ्यास राखेको हुँदा पाठ्यपुस्तक राम्रै छन् ।

**प्रश्न नं. ७ पाठ्यपुस्तकका सुधारापेक्षी पक्षहरू के के हुन् ?**

प्राप्त तथ्यहरूको आधारमा शिक्षक वर्गहरूको प्रतिक्रिया अनुसार पाठ्यपुस्तकका सुधारापेक्षी पक्षहरूमा दुई जना शिक्षक भन्नुहुन्छ भाषा संरचना र वर्णविन्यासगत खण्डमा प्रस्तुत व्याकरण सिकाइका लागि व्याकरणका सिद्धान्तका परिभाषा र उदाहरण दिएर विभिन्न प्रत्यय, निपात, शब्दवर्ग सिकाउन सकिन्छ भन्ने धारणा व्यक्त गर्नु भएको छ । एकजना शिक्षक भन्नुहुन्छ चित्र वर्णनात्मक प्रश्न विद्यार्थी अनुकूल व्यवस्था गर्नु पर्ने तहगत र क्षमतागत व्यवस्था गर्नु पर्ने देखिएको छ (साकार सपना, २, पृ.२०) । साथै सिर्जना र परियोजना कार्यका लागि विकल्पका प्रश्न दिई स्वतन्त्र लेखन गर्ने प्रश्न थप गर्नु पर्ने विचार व्यक्त गर्नु भएको छ । पाठ्यपुस्तकलाई पूर्ण रूपमा नयाँ पक्षमा जोड दिनुपर्ने रहेको देखिएको छ । विशेष गरी राष्ट्रगत परिवेश सुहाउँदो पाठ्यपुस्तक बन्नु पर्ने र विकट क्षेत्रलाई सुहाउँदा पाठहरू, अभ्यास राख्नुपर्ने, कागजको गुणस्तरमा वृद्धि गर्ने, छपाइमा ध्यान दिनुपर्ने जरुरी रहेको देखिन्छ । पाठहरू धेरै भएकाले विद्यार्थीहरूलाई अतिरिक्त कार्यकलाप पाठगत गराउने समयभार कम रहेकोले सुधार गर्नुपर्ने, प्रविधि र दृश्यात्मक सामग्रीको

सहज प्रयोग जुटाउन सकिने प्रकृतिका पाठ अभ्यास राख्नुपर्ने बताउनु भएको छ । यो तहका लागि अलि रुचिअनुरूपका कथा र कविता थप गर्नुपर्ने र लेखाइ, पढाइ, बुझाइ सिप विकासका आधारमा अन्य विधागत विषयवस्तु बढी हुनु आवश्यक छ भनी आफ्नो प्रतिक्रिया दिनुभएको छ ।

**प्रश्न नं. ८ नेपाली पाठ्यपुस्तकले विद्यार्थीहरूको रुचि, स्तर, क्षमता र मनोविज्ञानलाई सम्बोधन गरेको छ ?**

उक्त प्रश्नका आधारमा शिक्षक वर्गहरूले आफ्नो राय व्यक्त गर्नुभएको छ, विद्यार्थीहरूको मनोविज्ञान, स्तर, रुचि, अनुरूप कथा र कविता विधा उपयुक्त छ र विविध विधाले भाषिक सिपलाई सम्बोधन गरेको छ । विभिन्न क्षेत्रका भाषिक वक्तालाई अभ्यास गराएर सिकाउन सकिने गरी पाठ्यपुस्तक बनेकोले उपयुक्त छ । एकजना शिक्षक भन्नुहुन्छ कतै कतै पाठका आधार र मूल्याङ्कनको परिपाटीका आधारमा चाहिँ विद्यार्थीका रुचि, क्षमता, स्तर र मनोविज्ञानलाई पूर्ण रूपमा समेट्न सकेको छैन । ५० प्रतिशतको मूल्याङ्कनका आधारमा व्यावहारिक परियोजना कार्य अभ्यासले भने सम्बोधन गर्ने प्रयास गरेको छ । रुचि सम्बोधन गर्ने पूर्व पठन दिई छलफल गर्ने विषयवस्तु दिइएको छ । एकजना शिक्षक भन्नुहुन्छ, 'साकार सपना र डल्ले कथा'ले भने विद्यार्थीका पक्षलाई सम्बोधन गर्न नसकेको र मनोविज्ञान पक्षलाई सम्बोधन गर्न नसकेको कथा 'एकजोर जुत्ता' कथाले बुझाएमा असहजता पैदा गरेको झट्टै बुझ्न कठिन भएको देखिन्छ तर पनि यस तहका पाठ्यवस्तुले भाषिक सिप विकास गराउने भएकाले उपयोगी नै छ भनी आफ्ना विचारहरू दिनुभएको छ ।

**प्रश्न नं. ९ नेपाली पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तुले के कस्ता विषयवस्तु समेटिएको छ ?**

प्राप्त तथ्यका आधारमा शिक्षक वर्गबाट आएको प्रतिक्रिया यस्तो रहेको छ, पाठ्यपुस्तकले वर्तमान समय सान्दर्भिक सामाजिक, ऐतिहासिक, आर्थिक पक्षको सम्बोधित विषय प्रसङ्ग (अमर पुत्र र एकजोर जुत्ता कथा) नैतिक, सांस्कृतिक लगायत विविध विधागत विषयवस्तु समाविष्ट गरेको छ । कथा, कविता, जीवनी, चिठी, निबन्ध, संवाद, मनोवाद आदि व्यावहारिक पक्षका वस्तुहरू समेटिएका छन् जहाँ समाजमा भएका सबै विषयवस्तुले

दिन, सिकाउन खोजका भाषिक सिप सिकाउने विषयवस्तु समावेश गरिएको छ भनी बताउनु भएको छ ।

**प्रश्न नं. १० पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको अभ्यासले अपेक्षित उद्देश्य प्राप्ति भएको छ ?**

शिक्षक वर्गबाट उक्त प्रश्नावलीका आधारमा आफ्नो विचार धारणा व्यक्त गर्नुभएको छ भन्नुहुन्छ समाविष्ट विषयवस्तुको अभ्यासले अपेक्षित उद्देश्य प्राप्ति गराउनको लागि विद्यार्थीको क्षमतामा भरपर्छ । विद्यार्थीका क्षमता अनुसार भिन्नभिन्न भएका हुँदा छिटो बुझ्नेले सहजै सिकाइ पश्चात अपेक्षित उद्देश्य प्राप्तगर्न सकेका छन् भने ढिलो बुझ्नेले मिहिनेत गर्न लगाइ, सिकाउँदै लगी उद्देश्य प्राप्त गर्न सकेको बताउनु भएको छ । एकजना शिक्षक भन्नुहुन्छ अभ्यास गराउँदै जाँदा अपेक्षित उद्देश्य प्राप्त भएको छ भनी जवाफ दिनुभएको छ । अर्को शिक्षक भन्नुहुन्छ ७५ प्रतिशतको हाराहारीमा प्राप्त भएको बताउनु हुन्छ । एकजना शिक्षकले भने अनुपयुक्त प्रश्न निर्माण र निर्देशन अस्पष्ट र स्तर अनुरूप प्रश्न नहुँदा परीक्षामा बन्ने प्रश्नका आधारमा भने उद्देश्य प्राप्तिमा कठिन भएको देखिएको छ भने पाठ्यपुस्तकका विषयवस्तुको परीक्षण पाठ्यपुस्तकभित्र समाविष्ट अभ्यासले भने अपेक्षित उद्देश्य प्राप्ति भएको बताउनु भएको छ ।

**नेपाली भाषा शिक्षकको समग्र दृष्टिकोण**

कक्षा आठको पाठ्यपुस्तकका विशेषताहरूभन्दा हामीले यसलाई भाषा पाठ्यपुस्तकको बाह्य र आन्तरिक दुई रूपबाट हेर्न सक्छौँ । बाह्य बनोट हेर्दा तुलनात्मक रूपमा स्तरीय देखिन्छन् । कागजभित्र प्रयोग भएका कागजहरू उज्याला छन् राम्रा छन् अझ यसमा पनि थप सुधार गर्न सकेको खण्डमा यो राम्रो हुने थियो अनि यसको छपाइँ बँधाइ सबै ठीकै छ । यसको आन्तरिक पक्षमा जाँदा खेरि भाषा पाठ्यपुस्तकमा भाषिक क्षमता विकास गर्नका लागि सत्रवटा पाठहरू राखिएका छन् । त्यसमा कविता, कथा, निबन्ध, जीवनी विधा उपविधा साथै विधाका माध्यमबाट भाषिक सिपका क्षमता विकास गर्न खोजिएको छ । साकार सपना, सहिदहरूको सम्झना, स्वामी प्रपन्नाचार्यहरू, व्यावसायिक चिठी यि विधा विषयवस्तु हेर्दाखेरी यसमा प्रयोग भएका भाषाशैली सामान्य कक्षा आठमा पढ्ने विद्यार्थीले बुझ्ने खालकै छ । त्यस्तो नबुझ्ने अफ्ठ्यारो छैन तुलनात्मक रूपमा त्यो स्वामी प्रपन्नाचार्य विषयवस्तुमा रहेको भाषा अलि जटिल, कठिन बुझ्नलाई

यसमा देखिन्छ । यसमा विद्यार्थीहरूलाई अभ्यास गराउने सस्वरवाचन, लेखनशैली खण्डमा विकास गर्ने क्रममा ठीकै छ । यसमा भाषिक सिप, शब्दार्थ पाठको तल दिनु यसको विशेषता हो । पाठ्य अभ्यास खण्डमा शब्दभण्डार भनेर शब्दका प्रकृतिहरूको बारेमा देखिएको छ । त्यसपछि बोध र अभिव्यक्ति पक्षहरूमा दिइएको छ । भाषिक संरचना र वर्णविन्यास, सुनाइ र बोलाइ भनेर दिएको छ । सुनाइ, बोलाइसँग सम्बन्धित अभ्यासमा कमी, सुनाइ र बोलाइ सिपलाई अगाडी नराखेर पछाडि अभ्यासखण्डमा राख्नु यसको कमजोरी देखिन्छ । सुनाइ र बोलाइ क्षमताको विकास भइसकेपछि मात्र पढाइ र लेखाइ सिपको विकास गराउन सकिन्छ । यसको क्रियाकलाप अगाडि राख्दा उपयुक्त हुन्छ जस्तो लाग्छ । लेखाइसँग सिप अभ्यास अलिबढी भएको छ । लेखाइ गराउनु राम्रो तर सन्तुलित रूपमा विद्यार्थीहरूलाई गराएको खण्डमा बोध र अभिव्यक्ति सिप क्षमता विकास गराउनु राम्रो हुन्छ । विषयवस्तुहरू समसामयिक नै छन् । यसलाई अझै यहाँ भएको विषयवस्तुलाई अझ राष्ट्रको संस्कृतिसँग सम्बन्धित कुराहरू समेट्न सकेको खण्डमा राम्रो हुन्छ । विषयवस्तु माध्यम छ त्यो माध्यम नै संज्ञान र सिप दुई पक्षलाई हेर्छ । संज्ञान पक्षमा हाम्रो देशमा कला संस्कृति धर्म जात विविधता छ, त्यो विविधतालाई अझ सम्बोधन गर्न सकेको खण्डमा हरेक क्षेत्रमा रहेका भाषिक वक्ताहरूले जानकारी पाउने थिए । शैक्षिक भ्रमण, से गुम्वाको सुन्दरता जस्ता पाठलाई अझै राम्रो गराएको भए राम्रो हुने थियो जस्तो लाग्छ । सिर्जनात्मक कार्य अन्तिममा दिएको छ भाषा सिक्नु भनेको विद्यार्थीले अर्न्तनिहित प्रतिभा प्रस्फुटन गर्न सक्नुपर्दछ । भाषा सिकाइ पश्चात विद्यार्थीले बोध र अभिव्यक्ति क्षमतालाई विकास गर्न सक्दछ । त्यही क्षमता प्रस्फुटन गर्नको लागि सिर्जना र परियोजना कार्य अभ्यास दिएको छ तर भाषा शिक्षण गर्ने शिक्षकले यसलाई अलिकति पढाउँदा, सिकाउँदा प्राथमिकता नदिएको हो । के कति गराउने अभ्यास, तिमीले गरेर आऊ भन्ने प्राथमिकतामा नपर्ने जस्तो धारणाले बेवास्ता गर्ने त्यो अलिकति प्रश्नहरू कक्षाकार्यकलाप मै गर्नुपर्ने गरी दिएका क्रियाकलाप हुनुपर्दछ । कक्षाकार्यकलाप बाट नै उनीहरूको क्षमता विकास हुने सिर्जनात्मक प्रतिभा प्रष्फुटन हुने कुरा त्यो छुटै अभ्यास राख्दैमा राम्रो हुन्छ भन्ने हुँदैन । हामीले जुन विधासँग सम्बन्धित अभ्यास गरेका छौँ त्यही विषयवस्तुसँग सम्बन्धित अभ्यास कक्षाकार्यकलाप गराउँदा राम्रो हुने देखिन्छ ।

पाठ्यपुस्तकको प्राज्ञिक विशेषता बारेमा राख्नुभएको दृष्टिकोणका आधारमा प्रस्तुत शोधकार्यका लागी आधार प्राप्त भएको छ ।

# अध्याय : छ

## कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरूको खोज अध्ययन

प्रस्तुत शोधपत्रमा प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन सम्बन्धमा अनुसन्धान तथा खोजी कार्यबाट सबल र दुर्बल पक्षहरूको अध्ययन पनि गरिएको छ । विगतका तुलनामा वर्तमान समयमा निर्माण भएका नेपाली भाषा पाठ्यपुस्तक उद्देश्य अनुरूप नयाँ ढाँचामा विकास गर्ने प्रयास गरेको छ । पाठ्यक्रम प्रारूप २०७३ को योजनाबाट पाठ्यक्रमको उद्देश्यमा मात्र एउटा दस्तावेजमा मात्र उतारेको थियो भने पाठ्यपुस्तकलाई नयाँ स्वरूप प्रदान गर्न कठिन भइरहेको थियो । २०७६ को पाठ्यक्रम प्रारूपलाई परिमार्जन गरी ल्याइएका सैद्धान्तिक आधारलाई आत्मसाथ गरी वर्तमान समयमा भने नयाँ स्वरूपमा पाठ्यक्रम निर्माण गरी सोही उद्देश्यका अनुरूप नेपाली पाठ्यपुस्तकको विकास भएको छ । नयाँ पाठ्यक्रम अनुसार निर्माण भएका पाठ्यपुस्तक कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङ्कन गर्ने क्रममा सबल र दुर्बल पक्षहरू पनि प्राप्त भएका छन् । ति यसप्रकार रहेका छन् ।

### कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल पक्ष

पाठ्यक्रम प्रारूप २०७६ को उद्देश्य अनुसार २०७७ सालमा सर्वप्रथम कक्षा आठको नेपाली भाषा पाठ्यक्रमको निर्माण तथा परिमार्जन भई पाठ्यक्रमको प्रवोधीकरण गरी सोही आधारमा नेपाली पाठ्यपुस्तकको निर्माण भएको हो । पाठ्यक्रम प्रारूप २०७६ को उद्देश्य अनुसार परीक्षण पश्चात २०८० सालमा सर्वप्रथम कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकलाई कार्यन्वयनमा ल्याएको पाइन्छ । पाठ्यक्रमको सैद्धान्तिक आधारमा नेपाली पाठ्यपुस्तकको निर्माण भएको छ । व्यावहारिक, समय सापेक्ष, गुणस्तरीय, सिकारुकेन्द्रित समाज परिवेश केन्द्रित, विद्यार्थी अनुभव केन्द्रित विषयवस्तु समेटी पाठ्यपुस्तक निर्माण भएको छ । यस पाठ्यपुस्तकमा समेटिएका विषयवस्तु, विधा, शब्दभण्डार, भाषिक संरचना, अभ्यास, चित्र, निर्देशन प्राज्ञिक विशेषताहरूका आधारमा भाषिक सिप विकासका अपेक्षालाई जोड दिई निर्माण गरिएका छन् । धेरै भन्दा धेरै अभ्यासात्मक क्रियाकलाप राखी विद्यार्थीहरूलाई अभ्यस्त गराई सिप विकासमा निपूर्ण बनाउने अपेक्षाले विभिन्न प्रकृतिका प्रश्नहरू दिई अभ्यासमा सरिक गराई सक्षम बनाउने क्रियाकलापको अभ्यस्तमा जोड दिएको छ । उमेर, स्तर, तह अनुरूप पाठ्यवस्तु विषयवस्तु, विधाको व्यवस्था उपयुक्त रहेको

पाइन्छ । जीवनपयोगी, व्यावहारिक र उद्देश्यअनुरूप सिकारु अनुकूल पाठ्यपुस्तक निर्माण भएका छन् । विगतको तुलनामा नयाँ पाठ्यपुस्तकमा समेटिएका विषयवस्तु तथा विधाहरू भद्दा/थुप्रो पाठहरू राखिएको छैन सीमित रूपमा, क्रमबद्धले सरल देखि जटिलका आधारमा विधागत विषयवस्तुहरू राखिएको हुँदा यो सवल नै मान्नुपर्छ । सिकारुका मनोविज्ञान र रुचिअनुकूलका विषयवस्तु छनोट गरी राखिएको हुँदा राम्रै मान्नुपर्छ जसमा गीति कविता, साकार सपना जस्ता कथा, व्यावहारिक विषयवस्तु, राष्ट्रिय अन्तर्राष्ट्रिय जगतका प्रेरणादायी व्यक्तिका जीवनी गाथा, सामाजिक, सांस्कृतिक, प्राकृतिक कथावस्तु आदि विविध पक्षका चाखलाग्ने विषयवस्तु समेटिएका छन् जुन रुचिअनुकूल मानिन्छन् । भाषिक सिपमा आधारित सैद्धान्तिक आधारलाई अवलम्बन गरी विकास गरेको छ । विद्यार्थीका भाषिक सिप अभिवृद्धिका लागि सुनाइ-बोलाइ, पढाइ र लेखाइ सिपमा प्रयोजनपरक क्षेत्रमा जोड दिई पाठ्यपुस्तक निर्माण भएको छ । पाठकका अध्ययनपश्चात विद्यार्थीका सिप परीक्षणका लागि पठनीय सामग्री बोध र अभिव्यक्तिमूलक लेखन अभ्यास, भाषिक संरचना र वर्णविन्यासको ज्ञान दिने अभ्यास कार्यकलाप, शब्दभण्डारगत अभ्यास, प्रश्नोत्तर अभ्यास आदि विविध प्रकृतिका क्रियाकलापका अभ्यासहरू राखी नेपाली भाषाको प्रयोगमा जोड दिई सामाजिक भाषा प्रकार्यमा अभिमुखीकरणको विकास गराउने उद्देश्यले सर्वपक्षीय वृद्धि विकास हुने गरी पाठ्यपुस्तक निर्माण भएका छन् । सन्देशमूलक नीतिमूलक, कलासंस्कृति, सूचनामूलक, राजनीतिक परिवेशका सत्तारूपी खिचातानी प्रवृत्तिको चित्रण, पूर्वाधारको नाममा बजेट माग प्रवृत्तिमा भष्ट्राचारको चित्रण जस्ता विषयवस्तु समावेश गरी विद्यार्थीलाई, समाज, राष्ट्रका विविधताको ज्ञान दिने र असल चरित्र निर्माणमा अग्रसर गराउने प्रकृतिका पाठ्यपुस्तक बनेको उपयुक्त रहेको छ । पाठ्यपुस्तकमा शिक्षाका लागि सिकाइ पाठ गरी जम्मा १८ वटा पाठ राखिएको छ । विगतका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा जस्तो भद्दा र बोझिलो प्रकृतिका धेरै पाठहरू राखिएको छैन । विद्यार्थीका स्तर, क्षमता तथा मनोविज्ञानलाई ख्याल गरी सिकाइमा जागरुक हुनेगरी पाठहरू, छोटा लामा, मध्यम प्रकृतिमा अनुच्छेदहरूको आकारमा विषयवस्तु राखेको छ । जुन अनुकूलनै छ । पाठ्यपुस्तकमा तीन वटा कविता, चार वटा कथा, दुई वटा जीवनी, दुइ वटा चिठी, निबन्ध, प्रबन्ध, संवाद, मनोवाद, दैनिकी र यात्रावर्णनमा क्रमशः एक एकवटा आवश्यक रूपमा पाठहरू राखिएका छन् । पाठ्यक्रम प्रारूप २०७६ को उद्देश्यहरूलाई अवलम्बन गरी कक्षा आठको रूपमा यो नेपाली पाठ्यपुस्तक निर्माण गरेको छ । पाठ्यपुस्तकमा प्रत्येक

पाठको पृष्ठको अन्त्यमा कठिन अत्यावश्यक शब्दार्थहरू दिइएका छन् जसबाट विद्यार्थीका शब्दभण्डार क्षमताको वृद्धि गराउन अभ्यस्त बनाउने उद्देश्य राखिएको छ । रंगीन अक्षर तथा चित्र पनि रंगीनमा प्रस्तुत गरिएको छ । जुन वर्तमान समयमा सिकारुहरूलाई पढाईप्रति आकर्षित पारी सिकाइ होस भन्ने उद्देश्य रहेको देखिन्छ । पाठ्यपुस्तकको पाठ्यभार प्रतिहप्ता ५ र वार्षिक कार्यघण्टा १६० निर्धारण गरेको छ । पाठ्यपुस्तकको अभ्यास खण्डमा विवेचनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, सिर्जनात्मक, प्रश्न निर्माणात्मक, वर्णनात्मक र परियोजनात्मक कार्यका लागि प्रश्नहरू राखिएको छ, जसबाट विद्यार्थीहरूका चौतर्फी विकासको परीक्षणका लागि प्रभावकारी हुने देखिन्छ । बोध अन्तर्गत सन्दर्भगत अनुच्छेदका लामा, छोटा प्रश्नहरूका अभ्यास दिई पठनबोध, लिखित अभिव्यक्ति क्षमताको विकासमा जोड दिएको उपयुक्त रहेका छन् । भाषासंरचना र वर्णविन्यास सिकाइका लागि विषय विधागत शिक्षणका एकीकृत सिद्धान्तका आधारमा एउटै घण्टीमा शिक्षण गर्नु पर्ने गरी पाठ्यभार वितरण गरेको छ । पाठ्यपुस्तकमा भाषिक सिप विकसका लागि र अन्य सिकाइका लागि पाठ्यसामग्री (अभ्यास) लाई सन्तुलित रूपमा राखिएका छन् । विद्यार्थीहरूलाई अभ्यस्त हुनुका लागि धेरै अभ्यस्त सामग्री राखिएका छन् जसलाई उपयुक्त मानिन्छ । पाठ्यपुस्तकमा प्रस्तुत गरेका विधागत क्षेत्र र क्रमले स्पष्ट रूपमा सिकाइ गर्न जोड दिएको छ । पाठ्यपुस्तकमा पाठको शिक्षण सिकाइका लागि सिकारुहरूलाई प्रस्ट पार्न पूर्व अनुभवको जानकारी दिने उद्देश्यले विशेष ज्ञानका लागि पूर्व पठनका सामग्री पाठको शिक्षण गर्नु पूर्व अध्ययन गर्नुपर्ने निर्देशन दिएको छ जुन शिक्षक र विद्यार्थीहरूलाई प्रभावकारी र रोचक बन्नुका साथै निश्चित उद्देश्य प्राप्तिका उपलब्धि प्राप्त गर्न सहज हुने हुँदा उपयुक्त छ । प्रत्येक पाठ र अभ्यासमा आवश्यक अनुसार रङ्गीन प्रकृतिका चित्रहरू कम्तीमा २ वटा चित्रहरू राखिएका छन् जुन उपयुक्त मान्नपर्दछ । हजारौं शब्दले प्रस्ट पार्न नसकेका विषयवस्तुलाई एउटै चित्रका माध्यमबाट वृहत् ज्ञानका विषयवस्तु स्पष्ट तथा प्रस्ट पार्ने भएकाले विद्यार्थीहरूलाई सिकाइमा रुचिपूर्ण बनाउन यसको महत्त्व देखिन्छ । पाठ्यवस्तु अनुरूपनै चित्र, तस्विरहरू राखिएका छन् । सुनाइ, बोलाइ, पढाइका लागि पाठ र विभिन्न अनुच्छेद, बोध प्रश्न, शब्दभण्डार वा सिकाइ अभ्यास छन् भने लेखाइ सिप विकासका लागि विविध विधागत रचनात्मक अभ्यास, सिर्जनात्मक अभ्यास, स्वतन्त्र लेखन जस्ता अभ्यासहरू राखिएका छन् । रचनात्मक र सिर्जनशील बनाउनको लागि विद्यार्थीहरूलाई जोड दिने त्यस्ता प्रकृतिका अभ्यास उपयुक्त छन् । प्रत्येक

पाठको शिक्षण सिकाइ पश्चात अन्तिमपाठका रूपमा विशेषगरी सुनाइ सिपका लागि पाठ १८ अन्तर्गत पाठ एकदेखि सत्रसम्मका विषयवस्तुको ज्ञान सिप परीक्षणका लागि भनी सुनाइ पाठ राखिएको छ । जसबाट विद्यार्थीहरूले अध्ययन गरेका पाठहरूको सिकाइ सारांश स्वरूप सुनाइ पाठको संक्षिप्त  सार प्रस्तुत गरेको छ । यसबाट सिकारुहरूले नबुझेका विषयवस्तुहरूको पुनः सुनाइ गरी प्रस्ट हुन सहज प्रदान गर्ने हुँदा सुनाइ पाठ पाठ्यपुस्तकको अन्तिम खण्डमा राखेको उपयुक्त छ । यस कक्षा आठको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुका प्रस्तुत विषयवस्तुका वाक्यहरूको मूल्याङ्कनबाट प्राप्त शब्द सङ्ख्या सबैभन्दा लामो वाक्यका रूपमा पाठ सातमा उल्लिखित (२९) उनन्तिस शब्दहरू छन् भनी सबैभन्दा छोटा वाक्यका शब्दसङ्ख्या  दुई शब्दमा वाक्य निर्माण गरी प्रस्तुत गरिएका छन् (वाक्यात्मक शब्द सङ्ख्या पृ.६०,७९)। यसबाट यो पुष्टि हुन्छ, यस पाठ्यपुस्तकमा समावेश गरिएका अनुच्छेद प्रस्तुति भद्दा रूप नभई सिकारुको बुझाइ क्षमताअनुकूल शब्द छनोट, वाक्यनिर्माण र विषयवस्तु प्रस्तुति उपयुक्त प्रकृतिको रहेको पाइन्छ । पाठहरू पनि (१८) अठार रहेका हुँदा बोझिलो रूपमा पाठ राखेको छैन । आवश्यक रूपमा पाठहरू समावेश गरेको उपयुक्त छन् । प्रस्ट रूपमा शीर्षक, पृष्ठ सङ्ख्या, निर्देशन आदि उल्लेखित छन् ।

पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास र परियोजना कार्यलाई समावेश गरी विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गर्न सहयोग गरेको पाइन्छ । अभ्यासका शब्दभण्डार विकासका लागि सबै भन्दा बढी वस्तुगत प्रश्नका रूपमा जोडा मिलाउन पाठ एकदेखि  सत्रसम्मको मूल्याङ्कनबाट बढी अभ्यासमा राखेको पाइन्छ भने भाषिक संरचना र वर्णविन्यासका अभ्यासका प्रश्नमा खाली ठाउँ भर्ने प्रश्न बढी राखेको पाइन्छ । ठिक बेठिक प्रश्नहरूको उपस्थिति कमै रहेको पाइन्छ । विद्यार्थीका स्तर अनुकूल वस्तुगत प्रश्न राखेको हुँदा उपयुक्त नै देखिएको छ ।

समग्रमा पाठ्यपुस्तक भित्र समावेश गरिएका विधागत विषयवस्तु, पाठ्यवस्तुका अभ्यासभित्र नै व्याकरणिक कोटीका सिप सिकाइमा जोड दिने प्रश्न भाषिक संरचना र वर्णविन्यास खण्डमा दिएको पाइन्छ । 'सहिदहरूको सम्झनामा' कविताबाट जाति, द्रव्य र भाव जनाउने दुई दुई ओटा नाम पद पहिचान गरी लेख्नुहोस् (भट्टराई, २०८० पृ.८) ।

शब्दभण्डार अन्तर्गत अभ्यासहरूमा शब्दको अर्थ खोजी लेखन, पाठगत शब्द पहिचान बोध, शब्दोच्चारण पढाइ, सुनाइ र बोलाइका लागि भनी भाषिक सिप सिकाइ गर्ने गरी पाठ एकदेखि सत्रसम्मका अभ्यासमा त्यस्ता प्रकृतिका प्रश्नहरू पाठ्यक्रमको उद्देश्य अनुरूप राखेको भए पनि पाठ्यपुस्तकको प्राज्ञिक विशेषता अनुकूल उपयुक्त रूपमा समावेश गरेपनि विद्यार्थीहरूको शब्दभण्डार बृद्धिका लागि भने कम रूपमा शब्दभण्डारका अभ्यास राखिएको पाइन्छ ।

## कक्षा आठको नेपाली पाठ्यपुस्तकका दुर्बल पक्ष

पाठ्यपुस्तकका छपाइ स्थितिको मूल्याङ्कन गर्दा यो बाह्य पक्षसँग सम्बन्धित रहेपनि यसले आन्तरिक पक्षलाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा यस पक्षको त्रुटि अवलोकन गरी प्राप्त भएको छ । पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको पाठ र अभ्यास खण्डका छपाइ स्थिति स्पष्ट, दुरुस्त छैन । शब्दार्थ पक्षमा शब्द तथा वाक्यहरूका अक्षर दोहोरो रूपमा कहीँ कतै प्रशस्त त्रुटि पाइन्छ । पाठ ६ का विषयवस्तुको विश्लेषण पक्षमा बिचतिर बढी दोहोरो अक्षर देखिने छपाइ रहेको पाइन्छ । पाठ तथा अभ्यास खण्डमा दिइएका अनुच्छेद वाक्य, निर्देशनहरूका अक्षरहरू कहिँ कतै धमिलो त कतै दोहोरो शब्द अक्षर रहेका छन् । यस्तो छपाइ स्थितिले विद्यार्थीहरूको मनोविज्ञानमा प्रत्यक्ष असर पर्न गई सिकाइप्रति प्रभाव पर्ने सम्भावना देखिन्छ । पाठ ६ देखि अन्त्यका बिचमा छपाइस्थितिको अवलोकन गर्दा बिच बिचमा यस्ता दुर्बल पक्षहरू भेटिएका छन् । एकीकृत पाठ्यवस्तु अनुरूप शब्दका पुनरावृत्ति भएतापनि कठिन शब्दहरू मात्र आवृत्ति भएका छन् जसमा थोरै दोहोरिएका छन् । पाठ्यवस्तु सँग सम्बन्धित चित्रहरू विषयवस्तुसँग सम्बन्धित भएपनि विधागतले भिन्न पाठ्यवस्तुमा कतै उस्तै प्रकृतिका एउटै चित्र संवाद र यात्रा वर्णन निबन्धमा प्रस्तुत गरेको पाइन्छ । यस्तो प्रवृत्तिले एकीकृत विषयवस्तु भएपनि विद्यार्थीका सिकाइ स्मरणका लागि चित्रले पनि अन्योलमा पार्ने सम्भावना देखिएका छन् । यस निबन्धमा राखिएका चित्र भने मधुरो भएका कारण सिकारुलाई सिकाइप्रति उराठ लाग्ने अवस्था छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका भाषाशैली सरल, सुबोध हुनेगरी शब्द वाक्यहरूको प्रयोग भएतापनि चलनचल्ती कथ्य भाषाशैलीको पनि प्रयोग भएको पाइन्छ जस्तै 'तिमेर्कै' शब्द प्रयोगले नेपाली स्तरीय भाषा प्रयोग पक्षमा जटिलता सिर्जना हुने देखिन्छ । वाक्य अनुच्छेदका शृङ्खला सम्बन्ध एक अर्कोमा सम्बन्धित भएपनि कहीँ कतै एक शब्दका वाक्य र कतै उनन्तिस शब्दका वाक्यात्मक अनुच्छेद शैली टुङ्गिएका छन् । एक शब्दमा प्रयोग भएका वाक्यात्मक

पूर्णविरामले सिकारुलाई विषयवस्तुको संवादपक्ष बुझ्न कठिन हुन्छ । संस्कृत, तदभव र आगन्तुक प्रकृतिका भाषाशैली प्रयोग भएपनि  जटिल कठिनता प्रयोग गर्नु उपयुक्त छैन । शब्दार्थ कम दिइएको छ । पाठहरूको वितरण र रखाइक्रम सरल जटिलताका क्रमलाई अवलम्बन गरिएको भएतापनि विधागतले भिन्न विषयवस्तु राखिएको छ तर कतिपय पाठहरूको एकीकृतताको पद्धतिले शिक्षणपद्धतिलाई अपनाएर शिक्षण गर्न कठिन हुने देखिएको छ । अभ्यासात्मक खण्डमा क्रियाकलापका लागि स्तरअनुसार आवश्यक रूपमा प्रश्नहरू राखिएतापनि वर्तमान समयमा इन्टरनेटबाट पाठ्यपुस्तकका उत्तरहरू नै सजिलै पाइने हुँदा बढी अभ्यासहरू राखिएपनि कक्षाकोठामै सिकारुको सिकाइ मूल्याङ्कन गर्न सकिएन भने ती अभ्यासहरूको औचित्य रहँदैन । विधागत रूपमा विषयवस्तु सम्बन्धित अभ्यासहरू भएपनि सुनाइ र बोलाइलाई एकै ठाउँमा र पढाइ र लेखाइलाई अलग सिप सिकाइ गराउने गरी प्रश्नहरू दिइएका छन् भनी पढाइ र लेखाइ निर्देशन स्पष्ट छैन । भाषिक संरचना र वर्णविन्यास अभ्यास अन्तर्गत भाषातत्त्वको सिकाइमा शब्दवर्गका अभ्यासहरू आवृत्ति भएका छन् । पाठ्यपुस्तकमा दिएका निर्देशनले सिकारुको स्तरअनुरूप पहिचानबोध गर्न सकिन्छ तर लेख्य चिह्नले विषयवस्तुको वर्णन वितरणमा बढी उद्धरण चिह्नले सिकारुको बुझाइ क्षमतामा अन्योलता सिर्जना हुन सक्ने लक्ष्यण देखिन्छ । शिक्षकको प्रस्ट शिक्षण सिकाइले विद्यार्थीका अन्योलता हटाउन सकिन्छ ।

कक्षा आठका नेपाली पाठ्यपुस्तकका प्राज्ञिक विशेषताका मूल्याङ्कन पक्षमा देखिएका सबल र दुर्बल पक्षका आधारमा सामान्य रूपमा दुर्बल पक्ष देखिएका छन् भने सबल पक्ष बढी प्राप्त भएका छन् । यस्तो मूल्याङ्कनका अर्थमा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रम प्रारूप २०७६ को आधारभूत (कक्षा ६-८) का उद्देश्य तथा सिकाइ उपलब्धी अनुरूप विकास भएको पाइन्छ । पाठ्यपुस्तकका पाठ्यवस्तु, शब्दभण्डार, भाषाशैली तथा भाषिक संरचना, चित्र, अभ्यास र निर्देशनको अध्ययन मूल्याङ्कनको पक्षबाट नयाँ रूपमा सिकारु केन्द्रित स्तर तह अनुकूल पाठ्यपुस्तकको निर्माण भएको सबल पक्ष मान्नु पर्छ । छपाइका दृष्टिले चित्रात्मक विषयवस्तुको प्रस्तुति र अभ्यासात्मक शब्द अक्षर अस्पष्टता भएपनि विषयवस्तुको वितरण उपयुक्त रहेका छन् ।

पाठ्यक्रम अनुरूप अभ्यास खण्डमा भाषिक सिपका चारवटा  सिप मध्ये सबै भन्दा बढी बोलाइ, पढाइ र लेखाइ सिपलाई जोड दिने प्रश्नहरू समावेश गरिएको छ । भाषिक संरचना र वर्णविन्यासको सिकाइबाट भाषिक सिप विकासका आधारमा सुनाइ भन्दा पढाइ

र लेखाइलाई जोड दिएको पाइन्छ । जसमा बोलाइ सिप विकासलाई ध्यान दिएपनि सुनाइ पक्षका प्रश्न अभ्यास कमै छन् । पाठ्यपुस्तकमा समाविष्ट सिर्जना र परियोजना कार्यका अभ्यास प्रश्नहरू कमी देखिन्छ । पाठ्यपुस्तकमा वस्तुगत प्रश्नहरूको अभ्यास अन्तर्गत ठिक बेठिक, खाली ठाउँ भर्ने र जोडा मिलानका प्रश्नहरू राखेको भएपनि बहुवैकल्पिक प्रकृतिका अभ्यासात्मक प्रश्नहरू राखिएको छैन । पाठ एकदेखि सत्रसम्मका अभ्यासहरूमा सबैभन्दा बढी बोधप्रश्नहरू र भाषिक संरचना तथा वर्णविन्यास सिकाइ प्रश्नहरूमा जोड दिई अभ्यास प्रस्तुत गरेको पाइन्छ । यस अर्थले संज्ञान पक्षको अभ्यासात्मक प्रश्नलाई कम जोड दिएको पाउन सकिन्छ । प्राज्ञिक विशेषताका आधारमा अभ्यासहरू संलग्न भएपनि अभ्यासका लागि अझै व्यावहारिक अभ्यास राख्नुपर्ने देखिन्छ । पाठ्यपुस्तकका प्राज्ञिक पक्षले भन्दा बाह्य पक्षका तत्वहरूले कक्षा आठको नेपाली पाठ्यपुस्तकका अध्ययनरत विद्यार्थीको रुचि, मनोविज्ञान, स्तर र क्षमतामा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका बाह्य तत्वहरूलाई बेवास्ता गरेको पाइन्छ । स्वअध्ययन गर्ने विद्यार्थीहरूलाई छपाइका अस्पष्टताले प्रभाव पार्ने धेरै रहेको पाइन्छ ।

बाह्य तत्त्वका छपाइ, अस्पष्ट अक्षर, प्लास्टिक कोटेड जस्ता पक्षका प्रभावले पाठ्यपुस्तकका आन्तरिक पक्षलाई केही प्रत्यक्ष र केही अप्रत्यक्ष दुबै आधारमा विद्यार्थीहरूलाई सिकाइ गराउन कठिन हुने, निष्क्रिय हुने सम्भावना ज्यादा देखिन्छ । सिकारुलाई सिकाइमा जागरुक गराउन स्पष्ट, आकर्षक रूपमा पाठ्यपुस्तक निर्माण गरी छपाइ गराउन सकियो भने विषयवस्तुको शिक्षण सिकाइमा सक्रियताको वृद्धि गराउन सहज हुने गर्दछ, तसर्थ पाठ्यपुस्तक प्राज्ञिक रूपमा रचना गरेर मात्र हुँदैन त्यसको बाह्य रूपलाई ख्याल गरेर मात्र विद्यालयका विद्यार्थी समक्ष पाठ्यपुस्तक वितरण गरी शिक्षण सिकाइका लागि कार्यन्वयनमा ल्याउनु उपयुक्त हुन्छ । सिर्जना र परियोजनामा निर्देशित शीर्षकमा दिइएका अभ्यासमा विद्यार्थीका रुचि लाग्ने, स्वतन्त्र रूपमा शीर्षकमा लेखन गर्ने प्रकृतिका विकल्पका प्रश्न कम रहेको छ । विविध भाषिक वक्ता र मनोविज्ञान क्षमता अनुसार अस्पष्ट निर्देशित चित्र कतै राख्नु पनि अप्रत्यक्ष दुर्बल पक्ष हो । कतै चित्रको गुणस्तर अनुपयुक्त पनि पाइन्छ । व्याकरण सुनाइ सिप-शिक्षणका लागि उदाहरणको कमी छ । अभ्यस्त हुने व्यावहारिक र स्थानिय क्षेत्रमा सहज प्राप्त हुने घटना, कथा, कहानी सम्बन्धित जस्ता धेरै अभ्यासको अभाव छ । पाठ्यपुस्तकको अध्ययन पश्चात गरिने मूल्याङ्कन पक्षका लागि बन्ने प्रश्नहरूको ढाँचाका लागि भने अनुपयुक्त अभ्यासहरू रहेको छ किनभने निरन्तर

मूल्याङ्कन गरी परीक्षण गरी विद्यार्थीका सिकाइ वृद्धि गर्न उपयुक्त प्रश्नहरू छन् तर त्यही प्रश्न जस्तै अन्तिम परीक्षामा भनी प्रयोग गर्न नसकिने अभ्यास देखिएकाले सिकाइ मूल्याङ्कन गर्न कठिन प्रश्नहरू पनि देखिन्छन् । पाठ्यपुस्तकको बनावट कागजको स्तरले विकट क्षेत्रका विद्यार्थीका लागि भने प्रविधि स्मार्ट पाटीको प्रयोग नपुगेका ठाउँमा सिकाइ गराउन अस्पष्टताले अलि गाह्रो हुने सम्भावना पनि छ । निजी विद्यालयका भन्दा सरकारी विद्यालयका पाठ्यपुस्तक उपयुक्त रहेको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

कक्षा आठको नेपाली पाठ्यपुस्तकको निर्माण पाठ्यक्रम प्रारूप २०७६ को सिद्धान्त अनुसार तयार भएको हो । सो सिद्धान्तअनुसार आधारभूत शिक्षा (कक्षा ८) को नेपाली विषयको पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको निर्माण र परीक्षण पश्चात् नयाँ रूपमा विद्यालय तहमा २०८० सालमा कार्यन्वयनमा ल्याइएको हो । नयाँ पाठ्यपुस्तकले कक्षा आठको विद्यार्थीका तह, क्षमता, स्तर, मनोविज्ञानलाई सम्बोधन गरी बनेको छ कि छैन, समय सान्दर्भिक छ कि छैन, भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका प्राज्ञिक विशेषताका आधारमा बनेको छ कि छैन भनी मूल्याङ्कन तथा विश्लेषण गरिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन र विश्लेषण पाठ्यक्रम अनुरूप तथा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताका आधारमा गरिएको छ ।

## सारांश

सारांश भनेको समग्र विषयवस्तुको संक्षिप्त स्वरूप हो । अध्ययन अनुसन्धान गरिएको शीर्षकमा समाविष्ट समग्र विषयवस्तुहरूको संक्षिप्त रूपमा अंशका आधारमा उल्लेख गरिनु नै सारांश हो । सारांशले मुख्य मुख्य विषयवस्तुहरूको के कस्तो रूपमा प्रस्तुत गरिएको छ भनी झट्ट हेर्ने बितिकै जानकारी प्राप्त गराउने उद्देश्य राखिएको हुन्छ । त्यसैले शोधपत्रमा समाविष्ट अध्याय, शीर्षकबारे गरिएको अनुसन्धानलाई सारांशको रूपमा राख्नु आवश्यक देखिन्छ ।

- प्रस्तुत शोधपत्र प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको मूल्याङ्कन शीर्षकसँग सम्बन्धित अध्ययन गरिएको छ ।
- प्रस्तुत शोधपत्रमा शीर्षकसँग सम्बन्धित विषयवस्तुहरूलाई पहिलोदेखि सातौँ अध्यायका आधारमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ ।
- अध्यायमा नसमेटिएका पूर्व भागका अंशहरूमा क्रमशः समुद्घोषणपत्र, सिफारिसपत्र, स्वीकृतिपत्र, कृतज्ञताज्ञापन पत्र, शोधसार र विषयसूची प्रस्तुत गएिको छ ।
- पहिलो अध्यायमा पृष्ठभूमि, समस्याकथन, उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको परिसीमा प्रस्तुत गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, सैद्धान्तिक

अवधारणा अन्तर्गत पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धित परिचय कक्षा आठको नेपाली पाठ्यपुस्तकको सैद्धान्तिक विशेषता, पाठ्यपुस्तकको प्राज्ञिक विशेषताको परिचय र शीर्षकसँग सम्बन्धित अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ ।

- अध्याय तीन अन्तर्गत अध्ययन विधि तथा प्रक्रियाबारे विश्लेषण गरिएको छ ।
- अध्याय चारमा पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकको विश्लेषण उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, विधाको क्षेत्रक्रम, शब्दभण्डार र मूल्याङ्कनको आधार सम्बन्धी व्यवस्थाबारे विश्लेषण गरिएको छ ।
- अध्याय पाँच अन्तर्गत पाठ्यपुस्तकका प्राज्ञिक विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन गरिएको छ । जसमा पाठ्यवस्तु (विषयवस्तु), शब्दभण्डार, भाषिक संरचना, विधागत पाठ्यवस्तु, विषयवस्तुको वितरण तथा प्रस्तुतीकरण, चित्र, अभ्यास र निर्देशन आदिको व्याख्या विश्लेषण गरिएको छ ।
- अध्याय छ मा कक्षा आठको नेपाली पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरूको खोजीको व्याख्या र विश्लेषण गरिएको छ । शोधशीर्षकसँग सम्बन्धित विद्यालय विषय शिक्षक तथा नेपाली विषय विज्ञको अन्तर्वार्ताबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी प्रस्तुत अध्ययनलाई पुष्टि गर्ने आधार प्रस्तुत गरिएको छ ।
- अध्याय सातमा शोधशीर्षकसँग सम्बन्धित सारांश, निष्कर्ष र उपयोगिताका आधारमा यस शोधपत्रलाई अन्तिम रूप दिएको छ ।

## निष्कर्ष

पाठ्यक्रम अनुरूप कक्षा आठको नेपाली पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको मूल्याङ्कनका क्रममा व्यावहारिक, समयसापेक्ष, विगतको तुलनामा गुणस्तरीय, विद्यार्थी केन्द्रित, समाज परिवेशगत, विद्यार्थी अनुभव केन्द्रित विषयवस्तु समावेश गरी पाठ्यपुस्तक निर्माण भएको छ । पाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना र वर्णविन्यास, अभ्यास, चित्र र निर्देशनको व्यवस्था प्राज्ञिक विशेषताहरूकै आधारमा विशेषगरी भाषिक सिप विकासका अपेक्षालाई जोड दिई निर्माण भएको पाइन्छ । विद्यार्थीहरूलाई सक्षम बनाउन धेरै भन्दा धेरै अभ्यासहरू राखेको पाइन्छ । विविध विधागत विषयवस्तु विद्यार्थी अनुकूल र आवश्यकता अनुकूल हुने गरी समाविष्ट गरेको छ भने, जम्मा पाठ अठार वटा (१८) राखिएको छ । पाठ्य विषयवस्तुलाई विधा तथा विषयगत यी

दुवैको रखाइ सरलदेखि जटिलका क्रममा राखिएको हुँदा सिकारुको रुचि, क्षमता, स्तर र मनोविज्ञानलाई सम्बोधित गरेको पाउन सकिन्छ । पाठहरू सीमित रूपमा राखी पाठगत अभ्यासहरू प्रशस्त दिइएको छ भने अभ्यास खण्डमा शब्दभण्डार विकास गर्ने प्रश्न, सुनाई, बोलाइ, पढाइ र लेखाइ सिप विकास गर्ने प्रश्न, बोध तथा अभिव्यक्ति विकास गर्ने प्रश्नहरू, भाषिक संरचना र वर्णविन्यास विकास गर्ने प्रश्न, सुनाइ र बोलाइ, सिर्जना र परियोजनाकार्य सम्बन्धी सिप विकास गर्ने विविध लामा, छोटा, जोडा मिलान, खाली ठाउँ भर्ने प्रश्न र ठीक बेठिक प्रश्नहरू राखी विषयवस्तुगत सिपको परीक्षण गर्ने अभ्यासहरू पाठ्यपुस्तकमा राखिएको छ । जुन वर्तमान समयमा व्यावहारिक पक्षलाई जोड दिई विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान विकास गर्ने कार्यकलाप राखेको उपयुक्त देखिएको छ ।

पाठ्यपुस्तकमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूका आधारमा प्रयुक्त अभ्यासात्मक प्रश्नहरूको विविधता र पर्याप्तता रहेको छ । भाषिक सिपगत प्रश्नहरूको समाविष्टको क्रममा सुनाइ र बोलाइ सिपगत प्रश्नहरू कम छन् भनी यसको रखाइक्रम पनि अभ्यासको अन्तिमतिर राखिएको छ जुन भाषिक सिपगत दृष्टिले सुनाइ, बोलाइ, पढाइ र लेखाइ विषयवस्तुगत पाठको अध्ययन पश्चात लगत्तै अभ्यास गरिनु पर्नेमा यसको अभ्यास अन्तिममा गर्नुपर्ने निर्देश रखाइ उपयुक्त नरहेको पाउन सकिन्छ । पढाइ र लेखाइ सिप सम्बद्ध अभ्यासहरू भने सुनाइ र बोलाइको तुलनामा अलि बढी नै दिइएको प्रत्यक्ष प्रश्नहरूको निर्देशनमा पाउन सकिन्छ । जसले गर्दा विद्यार्थीहरूका पढाइ र लेखाइ सिप विकासका लागि उपयुक्त नै मान्न सकिन्छ । सिर्जना र परियोजना कार्यका अभ्यासात्मक खण्डका विषयवस्तुगत प्रश्नहरू, खोजमूलक सिकाइ अभ्यास तथा व्यावहारिक पक्ष सम्बद्ध प्रश्नहरू समाविष्ट गरेको उपयुक्त छन् भने यसका प्रश्नहरू कम छन् जसले सिर्जनात्मक अभ्यासका लागि अपर्याप्तता देखिन सक्छ । पाठ्यक्रमअनुसार अभ्यास खण्डमा प्रश्नहरूको समाविष्ट भाषिक सिपगत सिकाइ उपलब्धि सम्बद्ध नै रहेको छ भने ती पर्याप्त अभ्यासात्मक प्रश्नहरूको सिकाइ कक्षाकोठामानै विद्यार्थी केन्द्रित गराइ सिकाउन सकेको खण्डमा उद्देश्य प्राप्त हुने सम्भावना धेरै देखिन्छ । पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको प्राप्तिका लागि बाह्य पक्षले पनि प्रभाव पार्न सक्ने हुँदा यस पाठ्यपुस्तकको छपाइ स्थिति हेर्दा दोहोरो अक्षर, मधुरो चित्र, लतपतिएको छपाइ अवस्थाले विद्यार्थीको मनोविज्ञान, रुचिमा प्रभाव पर्न गई सिकाइमा अभिरुचि कम हुने र विषयवस्तुको ज्ञान भन्दा छपाइ अवस्थामा बढी ध्यान भड्किने हुँदा यसमा सुधार गर्नुपर्ने अवस्था रहेको छ ।

विधागत रूपमा चित्रहरूको व्यवस्था भिन्न भिन्न गरिएको र विषयवस्तु सम्बद्ध राखिएको उपयुक्त नै छन् । कतै कतै भिन्न पाठ्यवस्तुमा एउटै समान चित्र व्यवस्था पनि गरिएको पाइयो । यस्तो व्यवस्थाले विद्यार्थीहरूलाई विषयवस्तुको बुझाइ र स्मरणका लागि कठिनता सिर्जना हुने देखिन्छ (पद मार्ग र यात्रा वर्णन पृ. ७३,१६८) । विषयवस्तुमा प्रयोग भएका भाषाशैली सरल र सहज भएतापनि कथ्य भाषाशैली प्रयोग गर्नु नेपाली भाषा शिक्षण सिकाइका दृष्टिले लेख्य रूपमा प्रभाव पर्न सक्ने देखिन्छ । जसले उच्चारण र शब्दहरूको लेख्य शैलीमा स्तरीय नेपाली भाषाको शुद्ध रूप हो भन्ने भ्रम पैदा भई विद्यार्थीहरूमा कथ्य रूप नै शुद्ध भाषा हो भन्ने मानसिकता हुन जान्छ । जस्तै, पाठ्यपुस्तकमा प्रयोग भएको चलन चल्तीका शब्द 'तिमेर्कै' कथ्य रूपको लेख्य रूपबारे शिक्षकले शिक्षणका क्रममा प्रस्ट पार्न सकेको खण्डमा भने त्यस्ता भ्रम पैदा हुँदैन । वाक्यात्मक शैलीको प्रयोगतर्फ तथा अनुच्छेदमा प्रयोग भएका शब्दहरूको प्रयोग मूल्याङ्कनमा एक दुई शब्दका पूर्ण वाक्यदेखि उनन्तिस शब्दका वाक्यहरू प्रयोग भएको पाइयो (अमरपुत्र, पदमार्ग पृ. ६०,७९) । लामो अनुच्छेदमा प्रयोग भएका लामा वाक्यका बीच बिचमा लेख्य चिह्नको प्रयोग गरिएको हुँदा विद्यार्थीहरूलाई वाक्यका भनाई अर्थ बुझ्न कठिन हुँदैन । वाक्यात्मक शैलीहरू एकअर्कामा अनुबन्धित, सङ्गठित भएर वाक्यहरूले अर्थ स्पष्ट पारी पूर्ण विराम लिएको हुँदा संवादात्मक विषयवस्तु, अनुच्छेदगत विषयवस्तु र विविध विषयवस्तुको पठन र बुझाइमा कठिनता नरहने देखिएकाले उपयुक्त नै रहेको पाइन्छ । पाठ्यवस्तु र अभ्यासमा दिइएका वाक्यहरू विद्यार्थी स्तर नै उपयुक्त लामो र छोटा प्रकृतिका वाक्यहरू प्रयोग भएका छन् । बोध र अभिव्यक्ति खण्ड, भाषिक संरचना र वर्णविन्यास खण्डमा अन्य अभ्यास प्रश्न सङ्ख्याको तुलनामा यसमा प्रश्नहरू बढी दिइएको छ भने सिपगत अनुरूप बोलाइ, पढाइ र लेखाइ सिपगत प्रश्न अभ्यासात्मक कार्यकलापमा जोड दिएको छ। सुनाइ सिपगत प्रश्न कम छन् । विगतमा शब्दवर्गका विभिन्न शब्दहरूको सामाविष्ट कम रहेको थियो भने तुलनात्मक रूपमा वर्तमान समयमा भने श्रुतिसमभिन्नार्थ, अनेकार्थी, अनुकरणात्मक, विपरीतार्थी, पर्यायवाची, लघुतावाची, पारिभाषिक, प्राविधिक आदि विभिन्न शब्दहरूको सिकाइमा जोड दिई पाठ्यपुस्तकमा थप पुनरावृत्ति पनि कतै कतै पाठ्य विषयवस्तुगत समाविष्ट गरिएको छ । अभ्यासखण्डमा बढी जोड दिई सिकाइ गराउने उद्देश्यले राखिएको उपयुक्त नै छन् । प्राविधिक शब्दहरूको प्रयोग समाविष्ट भने माथिल्लो तह स्तरको लागि उपयोगी हुने उच्च स्तरीय शब्दहरू राखिएको छ । यी शब्दहरूको सिकाइ शिक्षकले शब्दकोशको प्रयोग गरी

सिकाएको खण्डमा उपयुक्त हुने देखिन्छ तर विकट क्षेत्रमा प्रविधिको पहुँच र शब्दकोशको प्रयोग गर्न नसकिने अवस्थामा भने प्राविधिक शब्दहरूको सिकाइ बुझाइ गराउन कठिन हुने देखिन्छ । प्रत्येक पाठ भित्रनै कठिन शब्दहरूको रङ्गिन अक्षरले गाढा रूपमा अङ्कित गरेको उपयुक्त छन् भने त्यसमा अर्थ पृष्ठको अन्त्यमा दिएको उपयोगी नै छन् । विभिन्न निलो, कालो, पहेँलो र गुलाबी रङ्गको अक्षरमा अभ्यास निर्देशन, पाठ्य विषयवस्तु सङ्केत, शब्दार्थ निर्देशन, पृष्ठाङ्क सङ्केत आदि क्षेत्रहरूमा प्रयोग गरिएको उपयुक्त नै छन् । जुन प्रस्ट रूपमा निर्देशित कुराहरू बुझ्न सकिने रहेको छ ।

समग्रमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधागत विषयवस्तु सम्बद्ध सामाजिक, साँस्कृतिक, नैतिक, ऐतिहासिक, मनोवैज्ञानिक राजनैतिक जस्ता विविध खालका क्षेत्रगत विषयवस्तुहरू विद्यार्थी अनुकूल समाविष्ट गरिएको हुँदा समय सान्दर्भिक नै रहेको निष्कर्ष पाइन्छ । पाठ्यपुस्तकमा केही कमीकमजोरी भएपनि विगतका तुलनामा वर्तमानसमयमा निर्माण भएको कक्षा आठको नेपाली पाठ्यपुस्तकले पाठ्यक्रमका उद्देश्यलाई समेट्ने प्रयास गर्नुका साथै प्राज्ञिक विशेषताहरूका आधारमा विद्यार्थीअनुकूल पाठ्यवस्तु,विधा, शब्दभण्डार, भाषिक संरचना, चित्र, अभ्यास, निर्देशन रुचि, मनोविज्ञान उपलब्धिमूलक नै मान्नुपर्छ । विषयवस्तुसम्बद्ध दिएको पूर्व पठन र चित्रको व्यवस्था, विषयवस्तु सम्बद्ध दिइएको शब्दार्थ शब्दभण्डार, भाषिक संरचनाको व्यवस्था अभ्यासको पर्याप्तता र निर्देशनको प्रयोगका आधारमा विगतका तुलनामा धेरै भन्दा स्पष्ट र उपयुक्त रहेको हुँदा कक्षा आठको विद्यार्थीहरूका लागि समयसान्दर्भिक उपयोगी पाठ्यपुस्तक रहेको देखिन्छ ।

## उपयोगिता

कुनै पनि विषयवस्तुमा गरिएको अनुसन्धानले सम्बन्धित विषय क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने गर्दछ । सोही आधारमा अध्ययन अनुसन्धान कार्यको विशेषताले कुन कुन पक्षमा, कुन कुन क्षेत्रका, को कसलाई कस्तो रूपमा सहयोग पुऱ्याउँछ भन्ने कुरा नै शोध शीर्षकको अध्ययन उपयोगिता हो । प्रस्तुत शोधपत्रको अध्ययन अनुसन्धान कार्यबाट प्राप्त निकर्षहरूको आधारमा शोधपत्रका उपयोगिता उल्लेख गरिएको छ ।

प्रस्तुत शोधशीर्षकको अध्ययन अनुसन्धानबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणकर्तालाई सबल पक्षहरूबाट थप प्रेरणा मिल्नुका साथै नवीन पाठ्यपुस्तक निर्माण गर्न जानकारी प्राप्त गर्न सहयोग गर्दछ भने पाठ्यपुस्तकको मूल्याङ्कनबाट प्राप्त दुर्बल पक्षहरूको आधारमा निर्माणकर्तालाई विद्यार्थी अनुकूल पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यवस्तु, शब्दभण्डार, अभ्यास, भाषिक संरचना, चित्र, निर्देशन, विधागत वितरण र प्रस्तुतीकरणको व्यवस्था के, कति, कस्तो आधारमा अझै व्यावहारिक रूपले बनाउने भन्ने कुराको हौसला सहित मार्गप्रदान गर्न सहयोग पुऱ्याउँदछ । पाठ्यपुस्तकमा समाविष्ट प्राज्ञिक पक्षहरूको के कति घटि बढी कुनमा छ भनी व्यवस्थित रूपमा भाषिक सिप सम्बद्ध विषयवस्तु, अभ्यास कार्यकलाप चित्रको प्रस्तुति र छपाइ व्यवस्थापन गर्न सहजता प्रदान गर्दछ । विधागतका आधारमा कथा र कविता अन्तर्गतका विषयवस्तु थप साथै मनोरञ्जनयुक्त विद्यार्थी अनुकूल उपयुक्त थप गर्नु पर्दछ भन्ने ठोस निर्णय लिन सहयोग पुऱ्याउँदछ । अभ्यास खण्डमा के कति कुन कार्यकलापमा व्यवस्थापन उपयुक्त छ, छैन भन्ने कुरामाथि ध्यानाकर्षण गरी आवश्यक कुरा थप गर्न सहयोग पुऱ्याउँदछ ।

शिक्षक तथा विद्यार्थी वर्गलाई नयाँ पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु उपयुक्त, अनुपयुक्त, कस्तो रूपमा छ भनी जानकारी प्राप्त गराउँदछ र सोही आधारमा शिक्षणका क्रममा सही शिक्षण विधि अपनाएर शिक्षण गराउन सहजता प्राप्त गर्नेछन् । अनुसन्धानकर्ताका लागि अनुसन्धान गर्न, शिक्षक विद्यार्थीलाई प्रस्तुत पाठ्यपुस्तकको शिक्षण सिकाइलाई व्यावहारिक रूपमा ज्ञान प्रदान र प्राप्त गर्न सहयोग पुऱ्याउँदछ ।

## सन्दर्भसूची


खड्का, पुष्पा (२०८०) *पढाइ सिपका दृष्टिले कक्षा सातको नेपाली पाठ्यपुस्तक,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खड्का,प्रयागराज (२०५९)*'कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'* स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल,पेशल (२०८०), *अनुसन्धान पद्धति,* .काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषा विज्ञानका क्षेत्र,* काठमाडौंः सनलाइट पब्लिकेसन ।

घिमिरे, कोमल कुमारी (२०७५), *कक्षा आठको नेपाली पाठ्यपुस्तक,* (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन, स्नातकोत्तर शोधपत्र,नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, दिनेश (२०२३, जुलाइ), *पाठ्यक्रम निर्दिष्ट भाषिक सिप सन्तुलनका दृष्टिले कक्षा नौं को 'नेपाली' मा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* इन्टर डिसिप्लिनरी इस्सियूज इन एजुकेशन जर्नल,भोलम एक,इस्सियू एक ।

टाइलर, राल्फ (१९४९) *बेसिक प्रिन्सिपल अफ करिकुलम एण्ड इन्सट्रक्सन,* सिकागोः द युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो लण्डन ।

टावा, हिल्डा (१९६२), *करिकुलम डेभलोपमेन्टः थेउरी एण्ड प्राक्टिस,* यू.एस.ए.: ह्वार्टकोर्ट बेस एण्ड वल्ड इन्क ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७) *नेपाली भाषा शिक्षण,* काठमाडौं : पैरवी प्रकाशन ।

तिमल्सेना, अन्जना (२०६९), *कक्षा ८ र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०६४ बिचको तुलनात्मक अध्ययन,* स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र, *आधारभूत शिक्षा (कक्षा ६-८),* पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

प्रिन्ट.एम (१९९३), *करिकुलम डेभलोपमेन्ट एण्ड डिजाइन,* मलेसिया : एलेन एण्ड अनविन एस.आर.एम प्रोडक्सन सर्भिसेस ।

पोखरेल, मोहनमणि (२०७०), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : आशिष बुक्स हाउस ।

पौडेल, नेत्र प्रसाद र तीर्थराज खतिवडा (२०६५), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पौडेल, माधवप्रसाद (२०७९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौंः हेरिट पब्लिकेशन ।

पौडेल, राजेन्द्र प्रसाद (२०६६), *माध्यमिक तह (कक्षा नौ र दश) को नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन,* विद्यावारिधी शोधप्रबन्ध, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

*फुयाल, शोभा कुमारी (२०२२, जुलाइ), कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को तुलनात्मक अध्ययन विश्लेषण, ६१* डि.एम.सि. जर्नल, *७* (६), ६१-७४,नेपजोल,त्रि वि ,कीर्तिपुर ।

भट्ट, महेश र कृष्ण प्रसाद पोखरेल (२०२३ डिसेम्बर १२), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौँ को नेपाली पाठ्यपुस्तकको विश्लेषण,* इनोभेटिभ रिसर्च जर्नल, ३ (२), १३२ ,नेपजोल जर्नल, कीतिपुर ।

भट्टराई, होमनाथ र कृष्ण ब. जि.सी (२०७९), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : जुपिटर ।

भट्टराई, रामप्रसाद र अन्य(२०७४),*नेपाली भाषा शिक्षण,* काठामाडौं : शुभकामना प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७६), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७९), *भाषिक अनुसन्धान विधि,* काठमााडौंः शुभकामना प्रकाशन ।

भट्टराई, रामप्रसाद र अन्य (२०८०), *कक्षा आठको नेपाली पाठ्यपुस्तक,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भट्टराई,रीमा (२०६१) *कक्षा आठको नेपाली पाठ्यक्रम अनुसारको नेपाली भाषा पाठ्यपुस्तकमा गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन ,स्नातकोत्तर शोधपत्र,नेपाली भाषा शिक्षा विभाग,त्रि वि कीर्तिपुर ।*

भण्डारी,पारसमणि (२०६०) *'प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण '* स्नाकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

मल्ल,गोपाल (२०७५) *'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाअनुरूपताका आधारमा नमुना अभ्यासको अध्ययन'* स्नाकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लम्साल, रामचन्द्र (२०७७), *भाषिक विधा शिक्षण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

लम्साल, रामचन्द्र र गणेशराज अधिकारी (२०७८), *नेपाली भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षा पद्धति,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने,यादव प्रकाश (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, मोहन (२०७५), *अनुसन्धान विधि, स्नातक,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

शर्मा, केदारप्रसाद, माधवप्रसाद पौडेल (२०५९), *नेपाली भाषा र साहित्य शिक्षण,* भूँडीपूराण प्रकाशन ।

## विद्यालय विषय शिक्षकको नामावली

१. शोभा पाठक

२. दिग्विजय पोखरेल

३. नारायणी भण्डारी

४. प्रकाश भण्डारी

५. मनु नेपाल

६. सुनिता गौतम

७. रुबिना भण्डारी

८. सुस्मिता भण्डारी

९. कविता भण्डारी

१०. प्रमिला खड्का

## तथ्य सङ्कलनका लागि छनोट गरिएका विद्यालय

१. विजय स्मारक

२. पद्मकन्या विद्याश्रम

३. सहयोगी मा.वि.

४. पशुपति मा.वि.

५. श्री जनजागृति मा.वि.

६. पद्मोदय मा.वि.